



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

सोमबार पुस ३, २०७४ | Monday, December 18, 2017 | www.newsofnepal.com | नेसं ११३८ थिंल्लागा ३० | वर्ष २३, अंक ३३३ | पृष्ठ १२ | मूल्य रु. १०/–


## बाक्लो हुस्सुको असर

# तराईमा विमान उडेन



कीर्तिपुर नजिकै सडकछेउमा आगो ताप्दै दुई सर्वसाधारण। आइतबार राजधानीको तापक्रम २.५ डिग्री सेल्सियस रहेको छ। तस्वीर : अनिल आङ्देम्वे, काठमाडौं

टीका बन्धन, काठमाडौं

छोटो अवधिमा यात्रुलाई गन्तव्यमा पुऱ्याउने हवाई सेवा केही दिनयता नियमित बन्न सकेको छैन। मौसमका कारण आन्तरिक सेवातर्फका अधिकांश उडान दैनिकरूपमा प्रत्यक्ष प्रभावित बन्न थालेका छन्।

तराईमा बढेको बाक्लो हुस्सुका कारण पूर्वदेखि पश्चिम तराईका अधिकांश आन्तरिक विमानस्थलको सेवा प्रभावित बन्न थालेको त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ। सो कार्यालयका प्रवक्ता प्रेमनाथ ठाकुरले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'भरतपुरबाहेक तराईका लगभग सबै विमानस्थलको सेवा विगत ३ दिनदेखि प्रभावित भइरहेको छ, पूर्वतालिकाअनुसार हवाई सेवा सञ्चालनमा छैन।'

हवाई उडानका लागि पर्याप्त भिजिविलिटीको अभावमा हिमाली र पहाडी भेगबाहेक भद्रपुर, विराटनगर, जनकपुर, सिमरा, भैरहवा, नेपालगन्ज र धनगढी विमानस्थलको उडान प्रभावित बनेको उहाँले जानकारी दिनुभयो। आइतबार अपराह्न ठाकुरले भन्नुभयो- 'आज तेस्रो दिन भयो, तराईमा हवाई सेवा नियमित बन्न सकेको छैन।' तराईका विमानस्थलमध्ये विभिन्न हवाई सेवा प्रदायक कम्पनीले काठमाडौं-विराटनगर रुटमा दैनिक १२/१३ उडान भर्दै आएका छन्।

मौसम सामान्य रहेको बेला काठमाडौंबाट नेपालगन्ज, भैरहवा र धनगढीमा पनि दैनिक आधा दर्जनका हाराहारीमा उडान हुँदै आएको छ भने अन्य विमानस्थलमा पनि दैनिक ३/४ वटा उडान हुने गर्छ। आन्तरिकतर्फ बुद्ध, यति, नेपाल एयर, श्री, सिम्रिक, सौर्य, समिट (गोमा) लगायतका विमान कम्पनीले हवाई सेवा प्रदान गर्दै आएका छन्।

क्रमश : पृष्ठ ९

## समानुपातिक मतगणना सकियो

# १५,४४,७४१ मत सदर

सुनील महर्जन, काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनतर्फ ७७ वटै जिल्लामा समानुपातिकको मतगणना आइतबार सकिएको छ।

निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ खसेको कुल मतमध्ये ९५ लाख ४४ हजार ७ सय ४१ मत सदर भएको छ। आयोगका अनुसार १ करोड ५ लाख ८७ हजार ५ सय २१ मत खसेको थियो। खसेको कुल मतको ९ दशमलव ८५ प्रतिशत मत बदर भएको छ।

आयोगका प्रवक्ता नवराज ढकालले सबै नतिजा सार्वजनिक गर्न अझै समय लाग्ने जानकारी दिनुभयो। उहाँले आयोगले अद्यावधिक गरेको आँकडा अन्तिम नभएको दाबी गर्नुभयो।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ सबैभन्दा बढी सिट जितेको एमालेले समानुपातिकतर्फ पनि सबैभन्दा बढी मत पाएको छ। ३१ लाख ७३ हजार ४ सय ९४ मतसहित एमाले पहिलो दल बनेको छ। एमालेले पाएको मतअनुसार समानुपातिर्कबाट ४१ सिट पाउने सम्भावना रहेको छ। प्रत्यक्षतर्फ उसले ८० सिट जितेको छ।

- ९ प्रतिशत मत बदर
- कांग्रेसभन्दा ४५ हजार १ सय ५ मतले एमाले अगाडि
- पाँच वटा दलले कटाए थ्रेस होल्ड
- थ्रेस होल्ड २ लाख ८६ हजार ३ सय ४२ मत
- एकसिटे सांसद पाँच जना हुने

दोस्रो दल कांग्रेसले ३१ लाख २८ हजार ३ सय ८९ मत पाएको छ। एमालेले कांग्रेसभन्दा ४५ हजार १ सय ५ मत बढी पाएको छ। प्रत्यक्षतर्फ २३ सिट जितेको कांग्रेसले समानुपातिकबाट ४० सिट पाउने सम्भावना रहेको छ।

त्यसै गरी माओवादी केन्द्रले १३ लाख ३ हजार ७ सय २१ मत पाएको छ। माओवादीले प्रत्यक्षतर्फ ३६ सिट जितेको छ। समानुपातिकबाट माओवादीले १७ सिट पाउने सम्भावना रहको छ।

समानुपातिकमा राष्ट्रिय जनता पार्टीले ४ लाख ७२ हजार २ सय ५४ मत प्राप्त गरेको छ। समानुपातिकतर्फ राजपाले ६ सिट पाउने सम्भावना रहेको छ। प्रत्यक्षतर्फ राजपाले ११ सिट जितेको थियो।

संघीय समाजवादी फोरम समानुपातिकतर्फ प्रतिनिधित्व गर्ने पाँचौं शक्ति हुने भएको छ। प्रत्यक्षबाट १० सिट जितेको फोरमले पनि समानुपातिकमा ६ सिट पाउने सम्भावना रहेको छ। समानुपातिक मतअनुसार एमाले, कांग्रेस, माओवादी केन्द्र, राजपा र संघीय समाजवादी फोरमले राष्ट्रिय दलको मान्यता पाउने भएका छन्। प्रतिनिधिसभाको समानुपातिकमा ३ प्रतिशत थ्रेस होल्ड कायम गरिएको छ। कुल सदर मतको ३ प्रतिशत अर्थात् २ लाख ८६ हजार ३ सय ४२ मत नपाएका दलले समानुपातिक सिट पाउने छैनन्।

राप्रपा, नयाँ शक्ति, राष्ट्रिय जनमोर्चा र नेमकिपाले प्रत्यक्षतर्फ एक-एक सिट जितेका छन्। एक स्वतन्त्र सांसद पनि छन्। समानुपातिकमा थ्रेस होल्ड कटाउन नसकेका चार दल प्रतिनिधिसभामा दलकै रूपमा रहनेछन्। तर, राष्ट्रिय दलको मान्यता नपाएका कारण उनीहरूले संसदीय दलको कार्यालयलगायतका सेवा सुविधा भने पाउने छैनन्।

नयाँ दल विवेकशील साझा समानुपातिकतर्फ छैटौं स्थानमा रहे पनि थ्रेस होल्ड पार गर्न सकेन। सो पार्टीले २ लाख १२ हजार ३ सय ६३ मत ल्याएको छ। त्यस्तै राप्रपाको १ लाख ९६ हजार ७ सय ८२ मत आएको छ। दोस्रो संविधानसभामा समानुपातिकतर्फ २४ सिट पाएको राप्रपा (तत्कालीन राप्रपा नेपाल) ले पनि थ्रेस होल्ड पार गर्न सकेन।

त्यस्तै राप्रपा (प्रजातान्त्रिक) को मत ८८ हजार ३ सय ७७ रहेको छ। नयाँ शक्तिले ८१ हजार ८ सय ३७ मत प्राप्त गरेको छ। नारायणमान बिजुक्छें नेतृत्वको नेमकिपाले पनि थ्रेस होल्डका कारण समानुपातिकमा सिट पाउन सकेन। आयोगका अनुसार अन्य दलको जम्मा ३ लाख ५५ हजार १ सय ९२ मत आएको छ।

### सिट निर्धारण गर्न केही समय लाग्ने

निर्वाचन आयोगले मतगणना सकिए पनि अन्तिम नतिजा सार्वजनिक गर्न भने समय लाग्ने जनाएको छ।

आयोगका प्रवक्ता नवराज ढकालले सबै नतिजा सार्वजनिक गर्न अझै समय लाग्ने बताउँदै भन्नुभयो- 'अहिलेको मतसंख्या भनेको जिल्ला-जिल्लाबाट पठाएको मत प्रारम्भिक विवरण हो।' मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत कार्यालयले दिएको मतपरिणामअनुसार राजनीतिक दलहरूले पाउने समानुपातिक सिटको मोटामोटी आँकलन गरिएको आयोगले जनाएको छ। निर्वाचन आयोगले राजनीतिक दलहरूलाई सिट उपलब्ध गराएको छैन।

क्रमशः पृष्ठ ९

# 'सरकार गठनपछि राष्ट्रिय सभा'

काठमाडौं, (नेस)

वर्तमान सरकारले नै राष्ट्रिय सभा गठन गरेर मात्र नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढाउने तर्क अगाडि सारेकोप्रति वाम गठबन्धनले आपत्ति जनाएका छन्। राष्ट्रियसभा गठनसम्बन्धी सरकारले पठाएको अध्यादेश राष्ट्रपति कार्यालयलमा थन्किएको छ।

क्रमशः पृष्ठ ९


हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


## देउवालाई ओलीको प्रश्न

# 'खेल शुरु भएपछि नियम परिवर्तन गर्ने ?'

मधुसूदन रायमाझी, काठमाडौं

नयाँ सरकार गठनमा शेरबहादुर देउवा नेतृत्वको सरकारले अवरोध खडा गर्न खोजेको भन्दै वाम गठबन्धनले संविधानअनुसार राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्ग प्रसस्त गर्न माग गरेको छ।

वाम गठबन्धनले सरकारको व्यवहारबाट संविधान कार्यान्वयन, नयाँ सरकार गठनमा अवरोध हुनुका साथै जनमतको अवमूल्यन भएको आरोप लगाएको छ। सरकारलाई संविधानको गलत व्याख्या नगर्न र ताजा जनादेशका आधारमा नयाँ सरकार गठन गर्न पनि वाम गठबन्धनले आग्रह गरेको छ।



तस्वीर : उजोल डंगोल, काठमाडौं

आइतबार वाम गठबन्धनले पत्रकार सम्मेलन गर्दै सरकारको कडा आलोचना गरेको छ। पत्रकार सम्मेलनमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाचन परिणाम सार्वजनिक भएको अवस्थामा वर्तमान कामचलाउ सरकारका अभिव्यक्ति र क्रियाकलापहरू नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रचलन विगतका अभ्यासविपरीत रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'प्रधानमन्त्रीका अभिव्यक्ति, गतिविधि, परामर्शका नाममा भएका गतिविधिप्रति हाम्रो सहमति छैन। सरकारको यो कदम कुनै हालतमा पनि जायज छैन।'

अध्यादेशका बारेमा प्रधानमन्त्रीले राष्ट्रपतिलाई विवादमा तान्ने कोशिस गरेकोप्रति आपत्ति जनाउँदै उहाँले राष्ट्रिय महत्त्वको विषयमा दलहरूसँग परामर्श गर्नुको सट्टा एकलौटी निर्णय गर्न खोजेको आरोप लगाउनुभयो। 'खेल शुरू भइसकेपछि नियम परिवर्तन गर्न मिल्दैन। तर, प्रधानमन्त्रीले खेलको बीचमै नियम बनाउन लागेजस्तो देखियो', अध्यक्ष ओलीले भन्नुभयो- 'खेल शुरू भइसक्यो, बल हानिसक्यो, त्यस्तो हुनै सक्दैन। खेलका नियम पहिल्यै निर्धारण हुन्छ अनि खेल शुरू हुन्छ, खेल शुरू भएपछि नियम परिवर्तन गर्न मिल्छ?'

वाम गठबन्धनले आगामी दिनमा स्वतन्त्र परराष्ट्र नीति अनुशरण गर्दै अघि बढ्ने बताउँदै परराष्ट्र नीति र छिमेकी मुलुकसँगको सम्बन्धका बारेमा आफूहरू स्पष्ट रहेको बताउनुभयो। निर्वाचनको नतिजापछि नयाँ सरकारसँग मिलेर काम गर्न आतुर रहेको भारतले विज्ञप्ति जारी गरेको बताइएको उल्लेख गर्दै अध्यक्ष ओलीले अब पनि परराष्ट्र नीतिका बारेमा टीका-टिप्पणी गर्न जरुरी नरहेको बताउनुभयो।

सरकार गठन भएपछि मात्र राष्ट्रिय सभा गठन हुने बताउँदै ओलीले प्रधानमन्त्री देउवाप्रति लक्षित गर्दै प्रश्न गर्नुभयो- 'संविधान, कानुन, नैतिक मूल्य-मान्यताअनुसार हुनुपर्छ कि पर्दैन ? यो राष्ट्रिय महत्त्वको विषय हो भने जसलाई जनताले अभिमत दिएको छ ऊसँग छलफल हुनुपर्छ कि पर्दैन?'

संविधानको धारा ८६ को २ मा राष्ट्रिय सभा गठनबारे स्पष्ट व्यवस्था गरिएको बताउँदै उहाँले प्रत्येक प्रदेशबाट ८ जना र ३ जना राष्ट्रपतिले सरकारको सिफारिसमा नियुक्त गर्न सकिने प्रावधानलाई किन अपव्याख्या गरिएको छ भन्दै असन्तुष्टि जनाउनुभयो। उहाँले आगामी ३ महिनाभित्र सरकारको काम गरेर नै जवाफ दिने बताउनुभयो।

पत्रकार सम्मेलनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय सभाका गठनका बारेमा पार्टीहरूको बीचमा समझदारी कायम गरेर अगाडि बढ्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताउनुभयो। 'संविधानले एकल संक्रमणीय भन्ने व्यवस्था गरेको छैन' -उहाँले भन्नुभयो। निर्वाचन सम्पन्न गराएर सरकारको राम्रो काम गरेको सन्देश गएको उल्लेख गर्दै प्रचण्डले भन्नुभयो- 'अब एक/दुई वटा नियुक्तिमा लोभ गरेर सबै जसलाई अपजसमा लैजान हुन्न।'

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ उपदफा २ को खण्ड ज बमोजिम आधारभूत र माध्यामिक शिक्षासम्बन्धी देहाय विषयहरु महानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट कार्यसम्पादन हुँदा ऐनको दफा १२० समेत विचार गरी स्थानीय तहलाई आवश्यक सहयोग समन्वय र सहजीकरण गर्नुहुन अनुरोध छ भन्दै शिक्षा विभागले सबै जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयलाई पत्राचार गरेको छ।

# स्थानीय निकायले गर्ने शिक्षाका २३ काम

ईश्वरराज ढकाल
ishwor32@gmail.com




स्थानीय निकाय गठन भएपछि विघटनको संघारमा रहेको जिल्ला शिक्षा कार्यालयको अस्तित्व समाप्त हुनै लाग्दा पनि जिल्ला शिक्षा कार्यालयले पेलेर शिक्षक सरुवा गर्न थालेको छ। शिक्षा मन्त्रालय र शिक्षा विभागको निर्देशनविपरीत जिल्ला शिक्षा कार्यालयहरूले मनोमानीरूपमा विभिन्न काम गर्न थालेपछि शिक्षा विभागले सबै जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयलाई निर्णय कार्यान्वयन गर्न निर्देशन दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ उपदफा २ को खण्ड 'ज' बमोजिम आधारभूत र माध्यामिक शिक्षासम्बन्धी देहाय विषयहरू महानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट कार्यसम्पादन हुँदा ऐनको दफा १२० समेत विचार गरी स्थानीय तहलाई आवश्यक सहयोग समन्वय र सहजीकरण गर्नुहुन अनुरोध छ भन्दै शिक्षा विभागले सबै जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयलाई पत्राचार गरेको छ। शिक्षा विभागका महानिर्देक बाबुराम पौडेलले स्थानीय सरकार सञ्चालन कार्यविधिमा २३ वटा कामको जिम्मेवारी दिए पनि अन्य कामको विषयमा के गर्ने भन्ने अन्योल रहेको बताउनुहन्छ। उहाँ भन्नुहन्छ- 'सरकारको निर्णय त पालना गर्छौं अन्य निर्णयको विषयमा के गर्ने भन्ने अन्योलमा रहेको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको सो ऐन तत्काल पालना गर्न सबै निकायलाई निर्देशन दिइसकेको छ।' सरकारले दिएको निर्देशनअनुसार शिक्षाका सबै निकायले काम गर्नुपर्ने बताउँदै शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले अब स्थानीय निकाय सञ्चालन ऐनअन्तर्गत नै सम्पूर्ण काम हुने बताउनुहन्छ।

ऐनले २३ वटा काम गर्न निर्देशन दिएपछि जिल्ला शिक्षा कार्यालयको भूमिकामा प्रश्न उठेको छ। जिल्ला शिक्षा कार्यालयले अब के गर्ने ? भन्ने विषयमा अन्योलता उत्पन्न भएको छ। तर, जिल्ला शिक्षा कार्यालयले २३ वटा कामको बर्खिलाभका केही काम आफैंले गर्दै केही काम गर्दै आएका छन्। विद्यालय अनुगमन गर्ने, शिक्षकको सरुवा गर्ने, सामुदायिक विद्यालयको शिक्षकको दरबन्दी मिलान गर्नेलगायतका काम चोर बाटोबाट गर्दै आएका छन्। स्थानीय निकायले गर्ने कामहरू तोकिएको अवस्थामा जिल्ला शिक्षा कार्यालयले अन्य काम गर्न नहुने बताउँदै काठमाडौं महानगरपालिका शिक्षा शाखा प्रमुख प्रह्लाद अर्यालले २३ वटै काम स्थानीय सरकारबाट सञ्चालन हुने बताउनुभयो। शिक्षा विभागका उपनिर्देशक दीपक शर्माले २३ वटा काम तोकेर आए पनि अन्य कामको विषयमा स्पष्ट नभएको बताउनुहन्छ।

उहाँ भन्नुहुन्छ- '२३ वटा अधिकार त स्थानीय निकायलाई दिएको छ, अन्य अधिकारको विषयमा के गर्ने ?' यी विषय ऐनमा उल्लेख नभएको दाबी गर्नुभयो। शिक्षकको सरुवा, बढुवा, भौतिक निर्माणको विवरण संकलन गर्ने, कक्षा ११ र १२ को परीक्षा व्यवस्थापन, अवकाशप्राप्त शिक्षकको अभिलेख तयारी गरी पेन्सनका लागि सिफारिस गर्ने, शिक्षकको पुराना अभिलेख राख्ने, विद्यालय, विद्यार्थी र शिक्षकको तथ्याङ्क संकलन गर्ने, प्रत्येक वर्ष फ्ल्यास रिपोर्ट तयार गर्ने, विद्यालय क्षेत्र सुधार योजना (एसएसडीपी) कार्यान्वयनलगायतका दर्जनौं काम जिल्ला शिक्षा कार्यालयले गरिरहेको उल्लेख गर्दै यी कामहरू कसले गर्ने भन्ने विषयमा निर्णय नभइसकेको अवस्थामा जिल्ला शिक्षा कार्यालय विघटन गर्न नहुने उहाँको भनाइ थियो।

हालसम्मको पुराना अभिलेख कहाँ व्यवस्थापन गर्ने ? यस विषयमा टुंगो नलाग्दासम्म शिक्षा कार्यालय विघटन गर्ने विषयमा सोच्नै नहुने जिकिर गर्नुभयो। जे भए पनि अब जिल्ला शिक्षा कार्यालयहरूले गर्ने अधिकांश काम स्थानीय निकायले गर्ने छन्। स्थानीय निकायमा खटिएका उपसचिव र अधिकृतले खाका तयार पारेर काम शुरु गरिरहेका छन्। केही समय बस्ने स्थान र कार्यालय सञ्चालन गर्न मुस्किल परिरहेको भएपछि हाल आएर सबै स्थानमा व्यवस्थित भइसकेको छ। शिक्षा विभागले सबै जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयलाई स्थानीय निकायको मातहतमा रहेर काम गर्न निर्देशन दिइसकेको छ।






१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ, विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्रविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन
४. मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामाकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. नि:शुल्क सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्राविधिको संरक्षण, प्रवर्द्धन तथा स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यामिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिक तथा क्षमता विकास
२३.

## हारे शिक्षामन्त्री र राज्यमन्त्री

उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ र शिक्षा राज्यमन्त्री शेषनाथ अधिकारी पराजित भएका छन्। दुवै जनालाई वाम गठबन्धनका नेकपा एमालेका उम्मेदवारले हराएका हुन्। शिक्षामन्त्री श्रेष्ठलाई पदमा अर्यालले पराजित गर्नुभएको हो। शिक्षा राज्यमन्त्री अधिकारीलाई भने एमालेकै कृष्णभक्त पोखरेलले हराउनुभएको हो। मन्त्री श्रेष्ठ स्याङ्जा क्षेत्र नम्बर-२ र राज्यमन्त्री अधिकारी चितवन क्षेत्र नम्बर-२ बाट पराजित हुनुभएको हो। प्रतिनिधिसभा निर्वाचनमा लामो समयदेखि जित्दै आउनुभएका मन्त्री श्रेष्ठ पराजित हुनुभएको हो।

श्रेष्ठलाई अर्यालले ३ हजार ७ सय ६ मत अन्तरमा हराउनुभएको हो। शिक्षा राज्यमन्त्री अधिकारीलाई पोखरेलले १७ हजार ३ सय ५६ मतले हराएका हुन्। गत भदौ ६ गते विस्तार भएको मन्त्रिमण्डलमा उनी शिक्षा राज्यमन्त्री भएका थिए।





## पूर्वसचिव गिरी सेतो गुराँसको अध्यक्ष

सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको अध्यक्षमा पूर्वसचिव जयराम गिरी चयन हुनुभएको छ। हालै सम्पन्न बैठकले उपाध्यक्षमा सेतो गुराँसका संथापक अध्यक्ष अगाथा थापा, कोषाध्यक्षमा शिक्षा विभागका पूर्वनिर्देशक राज्यलक्ष्मी नकर्मी चयन हुनुभएको छ। संस्थाको सदस्य-सचिवमा कुन्ती राना र सदस्यहरूमा प्राडा प्रेमनारायण अर्याल, मधु राजभण्डारी र राधिका तुम्बाहाम्फे चयन हुनुभएको छ।



# मलाई कुनै नेता वा मन्त्रीले नियुक्त गरेको होइन - निकिता पौडेल

मलाई कुनै नेता, पार्टी वा मन्त्रीले नियुक्त गरेको होइन। १३ जना उम्मेदवारबाट टप थ्री हुँदै छानिएर क्याबिनेटले पास गरेपछि नियुक्त भएकी हुं। यो सबै प्रक्रिया पूरा गरेर नियुक्ति पाउँदा पनि त्यसलाई मान्यता नदिने हो भने भदौदेखि अहिलेसम्म गरेको मेहनत (अन्तर्वार्ता, प्रजेन्टेसन) लगायत त्यसै खेर जान्छ। त्यसैले पनि मेरो यो नियुक्तिलाई आगामी सरकारले पनि स्वीकार गर्नुपर्छ।

चलचित्र विकास बोर्डकी नवनियुक्त अध्यक्ष हुन् निकिता पौडेल। गोपीकृष्ण इन्टरटेन्मेन्ट तथा गोपीकृष्ण मुभिजको अध्यक्ष उनी नेपाल चलचित्र विकास कम्पनीको पूर्वअध्यक्षसमेत हुन्। फिल्म निर्माणमा सक्रिय उनी थाइल्यान्डबाट प्रोडक्सन एन्ड मास कम्युनिकेसनमा स्नातक तथा स्नातकोत्तर गरेर नेपाल फर्किएपश्चात फिल्म निर्माण कार्यमा सक्रिय छिन्। उनले शुक्रबार मात्र बोर्डको पदबहाली गरेकी छिन्। बोर्डको पहिलो महिला अध्यक्ष भएकी फिल्मकर्मी उद्धव पौडेल पुत्री उनीसँग गरिएको कुराकानी यहाँ पस्तुत छ :

रश्मी थापा



**चलचित्र विकास बोर्डमा पहिलो महिला अध्यक्षको रूपमा नियुक्ति पाउँदा तपाईंलाई कस्तो लागिरहेको छ ?**

म चलचित्र विकास बोर्डको अहिलेसम्मको सबैभन्दा कम उमेरकी र पहिलो महिला अध्यक्षको रूपमा आएको छु। सानैदेखि सिनेमा देखें, सिनेमामै हुर्कें, सिनेमा हेरें र सिनेमा नै पढें पनि। यो क्षेत्रमा मेरो १३ वर्षको अनुभव छ। नेपाली सिनेमामा ४० वर्षदेखि निरन्तर लागिरहेको परिवारबाट आएको हुनाले म सिनेमा क्षेत्रका लागि नै जन्मेको हो र यही क्षेत्रमा केही गर्छु भन्ने लागेको थियो। चलचित्र विकास बोर्डको अध्यक्ष बन्दा खुसी लागेको छ, त्यसैले अझ धेरै काम गर्ने लक्ष्य लिएको छु।

**तपाईंसँगै अध्यक्षका लागि आवेदन भर्ने धेरै हुनुहुन्थ्यो। तपाईं नै के कारणले अध्यक्षमा नियुक्त हुनुभयो ?**

सायद एजुकेसन नै पहिलो कारण हो। मैले यसको क्राइटेरिया हेर्दा कुनै पनि फिल्डमा ब्याचलर गरेको र सम्बन्धित क्षेत्रमा १० वर्षको अनुभव हुनुपर्ने थियो। मैले ब्याचलर र मास्टर प्रोडक्सन एन्ड मास कम्युनिकेसनमा गरेको थिएँ। सायद म नै यही फिल्डमा ब्याचलर र मास्टर गर्ने एकमात्र क्यान्डिडेट थिएँ। मसँग एक्सिपिरियन्स पनि थियो। नेपाली फिल्मको इतिहासमै राम्रो सिनेमा *कुसुमे रुमाल* मेरो बुबाले निर्माण गर्नुभएको थियो। मेरो रगतमै सिनेमा छ। फ्यामिली ब्याकग्राउन्ड, एजुकेसन तथा एक्सपिरिएन्स सबै कारणले मलाई अध्यक्षमा नियुक्त गरियो जस्तो लाग्छ। त्यसैले महिला भएर पनि केही गऱ्यो भन्ने कुरा म आफ्नो कार्यकालमा गरेर देखाउँछु।

**चलचित्र विकास बोर्डको नेतृत्व सम्हालिसकेपछि बोर्डमा के-कस्तो समस्या देख्नुभयो ?**

अस्ति नियुक्तिपत्र प्राप्त भए पनि बोर्डमा मेरो आज पहिलो दिन हो। यहाँ भएका समस्या मैले पहिचान गर्नै बाँकी छ। तर, मैले बोर्डमा आउनु ६ महिना अघिदेखि रिसर्च गरेको थिएँ। यसबाट मैले आफूले गर्नुपर्ने कामहरूको केही लिस्ट बनाएको थिएँ। पहिलो त बक्स अफिस र इटिकेटिङ लागू गर्नुछ भने दोस्रोमा पहिला पहिलाका १६ र २५ एमएममा खिचिएका फिल्मको लाइब्रेरी बनाउने मन छ। त्यसको कन्टेन्ट एनएफडीसी (नेपाल चलचित्र विकास कम्पनी) मा छन्। त्यो सबै ल्याएर डिजिटलाइज्ड गर्ने मन छ। अन्य स-साना धेरै काम छन्। भन्न त सबैले म यस्तो गर्छु उस्तो गर्छु भन्छन्। तर, काम भने कमैले गर्छन्। बोल्नुभन्दा पनि म काम गरेर देखाउँछु। निकिाले २ वर्षमा यति गऱ्यो है भन्ने गरी काम गर्छु।

**बक्स अफिसको कुरा उठेको धेरै समय भइसक्यो। तर, नेतृत्व तहमा पुगेपछि सबैले यस कुरालाई बिर्सदै आइरहेका छन्। बक्स अफिस लागू हुन नसक्नुको कारण के होला ?**

त्यो त टेक्निकल समस्या धेरै छन्। सबै ठाउँमा इन्टरनेटको सुविधा नभएर र सबै ठाउँमा थियटर नभएर लागू गर्न नसकिएको होला। अघि पनि मैले भनिसकें मेरो पहिलो एजेन्डा नै बक्स अफिस र ई-टिकेटिङ हो। त्यो तुरुन्तै लागू हुन्छ।



**तपाईंको २ वर्षे कार्यकालमा चलचित्र क्षेत्रले प्रत्यक्षरूपमा के लाभ हासिल गर्ला ?**

त्यसो त धेरै काम गर्न सकिन्छ। जसरी बुद्ध नेपालमा जन्मेको भनेर नेपाल चिनिन्छ, त्यसै गरी नेपाली फिल्मलाई संसारमा चिनाउनका लागि विभिन्न काम गर्नेछु। फिल्म डेभलपमेन्टका लागि दोलखामा फिल्म सिटी निर्माण हुँदै छ। त्यसलाई राम्रोसँग सञ्चालन गर्न मद्दत गर्छु। राम्रो फिल्म बनाउन निर्माता निर्देशकहरूलाई एन्करेज गर्नेछु र सिनेमा क्षेत्रको हितमा काम गर्नेलाई विकास बोर्डबाट सक्दो सहयोग गर्छु। जे गरे पनि सिनेमालाई मद्दत हुने काम नै गर्छु।

**यही बीचमा राष्ट्रिय चलचित्र नीति बनेको छ तर कार्यन्वयन भने भएको छैन। नीति कार्यान्वयनका लागि तपाईंको के भूमिका रहन्छ ?**

पहिले त म नीति राम्रोसँग अध्ययन गर्छु र आफ्नोतर्फबाट गर्न सक्ने कामहरू गर्छु।

**विकास बोर्ड राजनीतिक कार्यकर्ता भर्नाको थलो बन्दै आएको गुनासो सुनिन्छ। तपाईं यसलाई रोक्न के गर्नुहुन्छ ?**

पहिले-पहिले चाहिँ हो। तर, म यस माध्मबाट बोर्डमा आएको होइन। गोरखापत्रमा भ्याकेन्सी देखेपछि यो पदका लागि चाहिने एजुकेसन हेरेर मैले आवेदन दिएको हुँ। सूचना हेर्दा कुनै पनि क्षेत्रमा ब्याचलर गरेको हुनुपर्ने थियो। मैले प्रोडक्सन एन्ड मास कम्युनिकेसनमा ब्याचलर र मास्टर गरेको थिएँ। यही फिल्डमा सायद मेरो जति यजुकेसन अरूको छैन होला भन्ने सोचें। यो क्षेत्रमा मेरो लामो अनुभव भएकाले यो पदका लागि म सक्षम छु भन्ने लागेर आवेदन दिएको थिएँ। म ओपन कम्पिटिसनबाट छनोट भएर चलचित्र विकास बोर्डमा आएको हुँ। यदि क्राइटेरिया पूरा नगरी अन्य माध्मबाट आएको भए म अहिले बोर्डको अध्यक्ष हुँदैनथें। त्यस कारण मलाई अगामी दिनहरूमा पनि ओपन कम्पिटिसनबाट नै अध्यक्ष छनोट हुने छन् भन्ने लाग्छ।

**तपाईं बोर्ड अध्यक्ष भइसकेपछि फिल्म निर्माणलाई निरन्तरता दिनुहुन्छ कि हुन्न ?**

फिल्म निर्माण गर्न त कम्पनी छँदै छ नि। म त २ वर्षसम्म अन्य कुराहरूमा ध्यान दिन्न। म गोपीकृष्ण इन्टरटेन्मेन्ट, गोपीकृष्ण मुभिज तथा चलचित्र विकास कम्पनीको अध्यक्ष थिएँ। बोर्डमा आइसकेपछि कम्पनीबाट मैले रिजाइन दिइसकें। गोपीकृष्ण इन्टरटेन्मेन्ट तथा गोपीकृष्ण मुभिजमा मेरो शेयर छ। म र मेरो २ भाइ बोर्ड मेम्बर हौं। म चलचित्र विकास बोर्डमा भएपछि उताको सबै भाइहरूले हेर्छन्। अब म २ वर्षसम्म उता एक्टिभ हुन्नँ। किनभने मैले बोर्डबाटै फिल्म क्षेत्रका लागि केही गरेर देखाउनु छ।

**अहिलेको सरकारकाले चलचित्र विकास बोर्डलगायतका निकायमा गरेको नियुक्ति आगामी सरकार निर्माताहरूले नमान्ने भनेका छन् नि ?**

यो त मलाई थाहा भएन। तर, यो फुल्ली गभर्मेन्ट नियुक्ति होजस्तो मलाई लाग्दैन। किनभने बोर्ड अध्यक्षका लागि गोरखापत्रमा सूचना निकालेर उम्मेदवार मागिएको थियो र त्यसको मापदण्डअनुसार सबै पक्रिया पूरा गरेपछि म बोर्डको अध्यक्ष नियुक्त भएको हुँ। यो राजनीतिक नियुक्ति नभएकाले पनि मेरो नियुक्तिलाई फरक पर्दैनजस्तो लाग्छ। मलाई कुनै नेता, पार्टी वा मन्त्रीले नियुक्त गरेको होइन। १३ जना उम्मेदवारबाट टप थ्री हुँदै छानिएर क्याबिनेटले पास गरेपछि नियुक्त भएकी हुँ। यो सबै प्रक्रिया पूरा गरेर नियुक्ति पाउँदा पनि त्यसलाई मान्यता नदिने हो भने भदौदेखि अहिलेसम्म गरेको मेहनत (अन्तर्वार्ता, प्रजेन्टेसन) लगायत त्यसै खेर जान्छ। त्यसैले पनि मेरो यो नियुक्तिलाई आगामी सरकारले पनि स्वीकार गर्नुपर्छ।



# विचार

चन्द्रमामाथि कैयौं मान्छे ओर्ले,
तर हामी अझै ढुक्क भएर घरको
भऱ्याङ ओर्लन सक्दैनौं।
- भूपि शेरचन

मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख
हो। किनभने मूर्खले आफ्नो अहंकारको
कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।
- तिरुवल्लुवर

## सम्पादकीय

नेपाल समाचारपत्र

# राष्ट्रिय सभा गठनलाई विवादित नबनाऊ

राष्ट्रिय सभा गठनको विषयलाई लिएर नेपाली कांग्रेस र वाम गठबन्धनबीच तीव्र विवाद शुरु भएको छ। सरकारले अध्यादेशमार्फत ल्याउन लागेको राष्ट्रिय सभासम्बन्धी विधेयक राष्ट्रपति कार्यालयमा गएर अड्किएपछि प्रधानमन्त्री शेरबहादुर देउवाले कानुन व्यवसायीसँग परामर्श शुरु गर्नुभएको हो। सरकारले पेस गरेको विधेयक राष्ट्रपतिले रोक्न पनि नमिल्ने तथा फर्काउनसमेत नमिल्ने सुझाव कानुन व्यवसायीहरूले प्रधानमन्त्रीलाई दिएको समाचार सार्वजनिक भएको छ। नेपालको संविधान २०७२ अनुसार सरकारले पेस गरेको विधेयक राष्ट्रपतिले रोक्न नमिल्ने निष्कर्षमा कानुन व्यवसायीहरू पुगेका छन्। उनीहरूले प्रधानमन्त्रीलाई राष्ट्रिय सभा गठन गरेपछि मात्रै प्रतिनिधिसभाको समानुपातिकतर्फको संख्या बाँडफाँड हुने भएकाले राष्ट्रपतिले तत्काल विधेयक अघि बढाउनुपर्ने र कानुनअनुसार मात्रै सत्ता हस्तान्तरण गर्न सुझाव दिएको समाचार पनि सार्वजनिक भएको छ।

मुलुकलाई राजनीतिक निकास दिनेतर्फ राजनीतिक दल अग्रसर हुनुपर्नेमा दलहरू आ–आफ्नो डम्फु बजाउन तल्लीन भएकाले जनताले दिएको म्यान्डेटलाई लत्याउने काम भएको भन्दै विभिन्न क्षेत्रबाट टिकाटिप्पणी शुरु हुनु पक्कै राम्रो कुरा होइन। संविधानअनुसार सरकारले पेस गरेको विधेयक रोक्नु गैरसंवैधानिक काम भएको बताउँदै संविधानविद्ले संविधानअनुरूप राष्ट्रिय सभा गठन भएपछि मात्रै प्रतिनिधिसभाले पूर्णता पाउने र प्रधानमन्त्री चयनको प्रक्रिया शुरु हुने हुँदा सत्ता नछोड्न सुझाव दिएपछि सत्तासंघर्ष चर्कने संकेत देखा परेको छ। प्रधानमन्त्री देउवाले स्वतन्त्र कानुन व्यवसायीलाई बोलाएर सुझाव लिनुपर्ने भए पनि आफ्नो पार्टी निकटका कानुन व्यवसायीलाई बोलाएर सुझाव लिएको र उनीहरूले राजनीतिलाई निकास दिनुको सट्टा सत्तालाई लम्ब्याउने खालको सुझाव दिएकाले पनि प्रधानमन्त्री देउवाले राष्ट्रपतिसमक्ष पेस गरेको विधेयक पास नभए सत्ता नछोड्ने संकेत गर्नुले दलहरूबीच थप तिक्तता बढ्ने अवस्था देखिएको छ। यस्तो अवस्था आउनु कसैका लागि पनि राम्रो होइन।

सत्ताधारी दल नेपाली कांग्रेसले अब नयाँ सरकार गठनमा व्यवधान खडा गर्नु भन्दा पनि दलहरूसँग सल्लाह गरेर अगाडि बढ्नु नै उत्तम देखिन्छ। सरकारले पेस गरेको एकल संक्रमणीय मतका आधारमा राष्ट्रिय सभा गठन हुने प्रावधान संविधानमा उल्लेख भएको सुझाव दिएका कानुन व्यवसायीले मुलुकको राजनीतिक निकासका लागि पनि सुझाव दिनुपर्ने हो, त्यसो नगरी कानुनी परिभाषा मात्रै गरेर हिंड्नुले उनीहरूले आफ्नो दायित्व र भूमिका निर्वाह नगरेको हो कि भन्ने लाग्नु स्वाभाविक नै हो। राष्ट्रिय सभा गठन नभई प्रतिनिधिसभाले पूर्णता नपाउने र प्रतिनिधिसभाले पूर्णता नपाई प्रधानमन्त्री चयन प्रक्रिया अघि बढ्न नसक्ने कानुनी व्यवस्था संविधानले गरेको भन्दै कानुन व्यवसायीहरूले सुझाव दिएपछि प्रधानमन्त्रीसमेत अप्ठेरोमा पर्नुभएको छ। त्यसैले प्रमुख दलहरूबीचको सहमतिमा संविधानको मर्मअनुरूप नै अगाडि बढ्नु अहिलेका लागि श्रेयष्कर हुनेछ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# विवेकशीलको सोच र वाम गठबन्धनको मत



पेशल आचार्य

२०७४ नेपालका लागि चुनावी वर्ष रहेछ। गत वैशाख, असार र असोजमा ३ चरणमा स्थानीय तहको चुनाव सम्पन्न भयो, जसमा एमालेले सर्वाधिक स्थानमा स्थानीय तह विजय हासिल गऱ्यो। भर्खरै मंसिर १० र २१ मा प्रदेशसभा र प्रतिनिधिसभाका लागि दुई चरणमा चुनाव सम्पन्न भएको छ। यो चुनावमा एमाले र माओवादी केन्द्र चुनावी गठबन्धन बनाएर गएकाले एमाले ८०, माओवादी केन्द्र ३६, कांग्रेस २३, राजपा ११, संघीय समाजवादी १०, नेमकिपा १, राप्रपा १, नयाँ शक्ति १, राजमो १ र स्वतन्त्रमा १ जनाले विजय हासिल गरेका छन्। राष्ट्रिय पार्टी बन्ने हैसियत भने ५ वटा पार्टीहरूले मात्र पाएका छन्। कांग्रेसमा समानुपातिकसमेतको मतबाट प्राप्त सांसद सिट जोडिँदा दोस्रो ठूलो दल हुने पक्कापक्की देखिएको छ। यद्यपि उसले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ भने तेस्रो दलमै चित्त बुझाउनुपऱ्यो।

विश्लेषणीय हिसाबले हेर्दा कांग्रेसको देशव्यापीरूपमा भोट घटेको छैन। उसले प्रतिनिधिसभातर्फ प्रत्यक्षमा एमालेभन्दा ५ लाख बढी मत पाएको छ तर गणितीय हिसाबले दुई ठूला कम्युनिस्ट पार्टीहरूका बीचमा चुनावी माहोलमा वाम गठबन्धन भएकाले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एमालेको सिट कांग्रेसको भन्दा तीन दोब्बर बढी रहेको छ। कांग्रेसको २३ र एमालेको ८० सिट हुनु चुनावमा गठबन्धनकै कमाल हो। यो चुनावमा एमालेले जनतासँग वाम गठबन्धनलाई दुई तिहाइ मत मागेको थियो तर जनताले उनीहरूलाई दुई तिहाइ मत त दिएनन्, प्रचण्ड बहुमत भने दिए। अब सरकार गठनका सन्दर्भमा एमाले र माकेका बीच ६०/४० प्रतिशतले काम गऱ्यो भने एमालेबाट प्रधानमन्त्रीसहित १५ र माकेबाट १० जनाले केन्द्रीय मन्त्रिपरिषद्मा प्रतिनिधित्व गर्नेछन्। संविधानतः अहिले २५ सदस्यभन्दा बढीको मन्त्रिमण्डल बनाउन पाइनेछैन। यो हदले गर्दा सानो सरकार केन्द्रमा क्रियाशील हुनेछ।

प्रदेशसभाको गणितीय हिसाबलाई हेर्दा वामले उल्लेख्य सिट संख्या पाएको छ। यसरी हेर्दा प्रदेश १, ३, ४, ५, ६ र ७ मा वाम गठबन्धनको बहुमतका प्रदेशस्तरीय मन्त्रिमण्डल बन्नेछन्। २ नं. मा भने मधेसवादी दल राजपा र संघीय समाजवादी दलले सरकार गठन गर्ने पक्काजस्तै देखिएको छ। कांग्रेस केन्द्रमा जस्तै प्रदेशमा पनि प्रतिपक्षमा बस्ने भएको छ। कांग्रेसको पराजयलाई लिएर अहिले सर्वत्र आलोचना भैरहेको छ। कांग्रेस सभापति शेरबहादुर देउवालाई पार्टी सभापतिबाट राजीनामाको कुरा आइरहेको छ। पुराना कांग्रेसी नेता तथा सिरहा १ नं. बाट निर्वाचित सांसद प्रदीप गिरीका शब्दमा- 'कांग्रेसको रूख ढलेको छैन। यसका बूढा पातहरू मात्र झरेका छन्। अब कांग्रेसमा नयाँ पातहरू पलाउनेछन्' भनेका छन्। गिरीजीको कूटनीतिक भनाइलाई अर्थ्याउने नै हो भने पनि अब कांग्रेसमा निर्वाचन पराजयलाई लिएर सभापति देउवाले नैतिकरूपमा जिम्मेवारी लिई राजीनामा दिनु उत्तम देखियो। कांग्रेसकै प्रभावशाली युवानेता तथा काठमाडौं-४ बाट निर्वाचित सांसद गगन थापाले समेत विशेष महाधिवेशनका बारे कुरा उठाइरहेका छन्। केही दिनअघि उनले एक अनलाइनलाई दिएको अन्तर्वार्तामा कांग्रेसले विशेष अधिवेशन नबोलाए आफूहरूले पार्टीमा हस्तक्षेप गर्ने कुरा सार्वजनिक गरिसकेका छन्। यो अभिमतसँग काठमाडौं क्षेत्र नं. १ बाट निर्वाचित सांसद तथा केन्द्रीय सदस्य प्रकाशमान सिंहको पनि मत मिलेको छ। उनले पनि हालै आफ्नो अभिमत प्रकट गर्दै देउवालाई सभापतिबाट राजीनामा दिन आह्वान गरेका छन्।

यसरी चुनावले फेरि एकपल्ट कांग्रेस सभापति देउवालाई अक्षम साबित गरिदिएको छ। ४० औं प्रधानमन्त्रीका रूपमा सत्ता आरोहण गर्दा जति रोबरवाफका साथ गएका थिए उनी सत्ताबाट बहिर्गमन हुँदा उदासी र चिन्ताले भरिएको अनुहार साथमा हुनेछन्। सुदूरपश्चिम भनिने ७ नं. प्रदेशबाट सिङ्गै एकजना देउवा मात्रै विजय बन्नुले कांग्रेस ७ नं. र ६ नं. मा पूरै 'क्लिनस्वीप' भएको देखियो। ६ नं. क्षेत्रमा पनि एकजना प्रदेशसभा सदस्यबाहेक कांग्रेसको बीउ कसैले जोगाउन सकेनन्। सुदूर पश्चिमका प्रभावशाली नेता मानिने एनपी साउद र रमेश लेखक दुवैले चुनाव हारेका छन्।

७ वटा प्रदेशमध्ये २ नं. मा मधेसवादी दलको प्रदेशसभामा बहुमत भएकाले उनीहरूकै नेतृत्वमा सरकार गठन हुनेछ भने बाँकी ६ मध्ये ६ र ७ नं. मा मुख्यमन्त्रीको जिम्मा माकेले पाउने निश्चितजस्तै भएको छ। यसरी हेर्दा एमालेले केन्द्र र १, ३, ४ र ५ मा प्रदेशको मुख्यमन्त्री पाउनेछ। जनतालाई चुनावमा दिएका बाचाहरू पूरा गर्नका लागि यो पाँच वर्षको अवसर वाम गठबन्धनका लागि सुवर्ण हुनेछ। चुनावअघि उनीहरूले जनतामा जुन समाजवादको हौवा छरेका छन् त्यो भने सोम शर्माको सातु हुने देखिएको छ। समाजवादी अर्थव्यवस्थामा आमजनताको प्रत्यक्ष सरोकार हुने शिक्षा र स्वास्थ्य क्षेत्रमा सरकारले आफूले नियन्त्रण र लगानी गर्नुपर्ने हुन्छ। एमालेकै केही पूर्वसांसदहरू मेडिकल कलेज स्थापना सन्दर्भमा विवादित भैसकेका छन्। मेडिकल शिक्षामा भएको विकृतिलाई अब बन्ने सरकारले निमिट्यान्न पार्न सकेन भने अर्को पटकको चुनावमा वामपन्थीहरूलाई जनताले चुनावबाटै दुत्कार्ने पक्का छ।

विकास, समृद्धि र स्थिरताका नाराहरू पनि जति चुनावमा लगाउँदा मीठा हुन्छन् त्यति कार्यगतरूपमा लैजान महाभारत हुन्छन्। यो सरकारले काठमाडौं-निजगढ फास्ट ट्र्याक र बूढीगण्डकी जलविद्युत् परियोजना आफैंले बनाउने निर्णय गऱ्यो भने देश र जनताका लागि त्यो भन्दा खुशीको कुरा अरु केही हुनेछैन। विद्युत् प्राधिकरण, सञ्चय कोष, नागरिक लगानी कोष र निजी बैंकहरूलाई विद्युत्मा लगानी गर्न दिने हो भने होडबाजी नै चल्छ। यो कुरा सरकारलाई पनि थाहा नभएको कहाँ हो र ? तर विगतमा कमिसनमा पल्केका पुराना पार्टीका नेताहरू राष्ट्रिय गौरवका आयोजनाहरूलाई पनि विदेशीका पोल्टामा हाल्न चाहन्छन्। यो सोचमा परिवर्तन आउनु जरूरी छ। अब पनि विगतमा झैं वितरणमुखी बजेट निर्माण गरेर जनताका आँखामा छारो हाल्ने काम वाम गठबन्धनले गरेमा जनतामा घोर निराशा उत्पन्न हुनेछ। निरन्तरका निराशाहरू विद्रोहमा परिवर्तन नहोलान् भनेर भन्न नसकिने हुन्छ, यस सन्दर्भमा विश्व इतिहासले अनेकौं दृष्टांश दिएको छ।

नेपालमा अब राजनीतिक संक्रमणको युग सकिएको छ। वैद्य, विप्लव र सीके राउतका केही छिटपुट घटनालाई छाडेर अब बन्ने राष्ट्रिय पार्टीहरूले नेपाल बन्द, चक्काजाम र अनेक प्रकारका हड्ताललाई तिलाञ्जली दिनेछन्। उनीहरूले एकरूपले देशलाई विकासको बाटोमा हिँडाए भने अहिलेको यो चुनावमा पहिलोचोटि भोट खसाल्ने १८ वर्षका मतदाताले आफ्नो उमेरमा १०/२० वर्ष जोड्दा हुने उमेरसम्म नेपाललाई विकास र समृद्धिको बाटोमा अघि बढिसकेको पाउनेछन्। विवेकशील साझा पार्टीका संयोजक रवीन्द्र मिश्रका शब्द सापटी लिएर भन्ने हो भने, 'यही जीवनमा समृद्धि हेरेर मर्ने हो, परिवर्तनका लागि निरन्तर लड्ने हो।' ३ नं. प्रदेशको प्रदेशसभामा मात्र समानुपातिकतर्फबाट प्रतिनिधित्व गर्न पाएको विवेकशील साझाको जस्तो सोच एमाले र माकेका पुराना र नयाँ नेतामा हुने हो भने देशले केही समयमै कायापलट गर्ने थियो।

यो सरकारलाई जसरी काम गर्नका लागि बहुमतको सुविधा प्राप्त छ, त्यसै गरी सचेत जनता देशैभरि 'चेक एन्ड ब्यालेन्स'का रूपमा देखिएका छन्। परिवर्तन भएको नेपालका नेपालीहरू पनि नयाँ सोच र नयाँ भावना संगाल्ने भएका छन्। नेपालीले संसार चिनेका छन्। संसारका विभिन्न देश र ती देशका प्रमुख पदमा समेत नेपालीहरू विराजमान रहेका छन्। अबको संसारलाई कसरी अघि लैजान सकिन्छ भनेर पढेलेखेका र नयाँ ऊर्जा भएका युवायुवतीहरूलाई भलिभाँती थाहा छ। टेक्नोलोजी, व्यवहार, सोच, जीवनशैली र सभ्यतालाई युवाले जति चाँडो पछ्याएका छन् त्यति पुराना नेताले पछ्याउन सकेका छैनन्। त्यसैले कांग्रेसमा मात्र नभएर सबै पार्टीबाट पुराना नेतालाई आराम र नयाँ नेतालाई कामको जिम्मा लगाउने हो भने हामी जो अहिले ४० र ५० को हाराहारीमा जीवन बाँचिरहेका छौं, सबैले यही जुनीमै विकास र सौविध्यता हेरेर मर्ने अवसर पाउने थियौं।

संक्रमणकालको अन्त्य भएको, नयाँ संविधान कार्यान्वयनका लागि उचित मौका प्राप्त भएको र देश संघीयतामा समेत गैसकेकाले अब बन्ने केन्द्र र संघका सरकारहरूले नेपाल र नेपालीलाई केन्द्रविन्दुमा राखेर कृषिमा क्रान्ति, पर्यटन, जडीबुटी, साना र मझ्यौला उद्योगको स्थापना तथा ठूला-ठूला जलविद्युत्का योजनाहरू निर्माण गर्ने हो भने नेपाल केही दशकमै दक्षिण एसियाको अब्बल देश नबन्ला भन्न सकिन्न। मात्र नेताले सही बाटो अख्तियार गर्न सक्नुपर्छ। पहिले-पहिलेका झैंझगडाझैं अब पनि सत्ताका लागि किचलो र लफडा मात्र हुने हो भने वाम गठबन्धनले पाएको प्रचण्ड बहुमतको अपमान त हुन्छ नै, देश पनि नयाँ र अझ गम्भीर मोडतर्फ जान सक्छ। यतिखेरको सर्वाधिक चासो भनेको त्यस्तो विकास हो जसले हाम्रो जनजीवनलाई छुन सक्ने खालको परिवर्तन गरोस्। चिनियाँ नेता माओले भनेझैं 'बिरालाहरू सेता हुन् या काला, तिनले मुसा मार्ने पर्छ।' प्रदेशसभामा मुख्यमन्त्री हुने र केन्द्रमा मन्त्री तथा प्रधानमन्त्री हुने नेतालाई शुभकामना दिँदै निरन्तर खबरदारीको समेत यतिखेर खाँचो देखिएको छ। 'सोच अब्बल विवेकशील साझाको र मत अब्बल वाम गठबन्धनको' भन्ने शैलीका अभिव्यक्तिहरूसमेत अहिले देशका बौद्धिक र प्रबुद्धवर्गले गर्न थालिसकेका छन्।

> "सत्ताका लागि किचलो र लफडा मात्र हुने हो भने वाम गठबन्धनले पाएको प्रचण्ड बहुमतको अपमान त हुन्छ नै, देश पनि नयाँ र अझ गम्भीर मोडतर्फ जान सक्छ। यतिखेरको सर्वाधिक चासो भनेको त्यस्तो विकास हो जसले हाम्रो जनजीवनलाई छुन सक्ने खालको परिवर्तन गरोस्। चिनियाँ नेता माओले भनेझैं 'बिरालाहरू सेता हुन् या काला, तिनले मुसा मार्ने पर्छ।'"

## पाठक पत्र

### स्थानीय कानुनको पूर्णता कहिलेसम्म ?

स्थानीय निकायको निर्वाचनबाट निर्वाचित उपप्रमुखले स्थानीय तहमा न्यायाधीशको भूमिका निर्वाह गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। निर्वाचन निर्देशिकाले प्रमुख वा उपप्रमुखमध्ये एक पदमा महिलाको सहभागितालाई अनिवार्य गरेपछि महिलाहरूले स्थानीय चुनावमा सुनौलो अवसर प्राप्त गरेका छन्।

९० प्रतिशतभन्दा बढी स्थानीय तहमा महिलाहरू उपप्रमुखमा निर्वाचित भएका छन्। नेपालको संविधानको भाग १७ को स्थानीय कार्यपालिकाअन्तर्गत धारा २१७ को (१) ले गरेको व्यवस्थाअनुसार स्थानीय तहमा गठन गरिने न्यायिक समितिको संयोजक उपप्रमुख हुने प्रावधान छ। जसअनुसार अब थुप्रै स्थानीय तहको न्यायिक समितिको नेतृत्व महिलाले गर्नुपर्नेछ। तर न्यायिक समितिले कस्तो मुद्दा हेर्ने भन्ने विषयमा भने अन्योल कायमै रहेको छ।

संविधानले स्थानीय तहलाई धेरै अधिकारहरू दिएको छ। संघीय संरचनाअनुसार सिंहदरबारको अधिकार गाउँबाटै प्राप्त गर्न सकिने भएकोले पनि संविधानमा स्थानीय तहलाई धेरै अधिकार दिइएको हो। तर संविधानमा व्यवस्था गरिएका अधिकार कार्यान्वयनको लागि ऐन-नियमहरू नबनेकाले कसरी संवैधानिक अधिकार प्रयोग गर्ने र स्थानीय तहले प्रदान गर्ने सेवा-सुविधाको वैधानिक हैसियत के हुने भन्ने अन्योल कायमै रहेको छ।

संविधानमा स्थानीय तहको निर्वाचित उपप्रमुखले स्थानीय विवाद निरूपण गर्ने अधिकार प्राप्त गरेको भए पनि संविधान मातहत सो सम्बन्धी ऐन कानुन बनी नसकेकोले स्थानीय स्तरमा कस्ता-कस्ता विवाद निरूपण गर्न सक्ने, सजाय-जरिबाना वा कैद अथवा दुवै के हुने, स्थानीय तहले निरूपण गरेको विवादको कानुनी हैसियत के हुनेजस्ता अस्पष्टताले उपप्रमुखहरूलाई काम गर्न असहज भएको छ।

कानुनी अस्पष्टताकै बीच केही स्थानीय तहमा उपप्रमुखहरूले विवादको समाधान खोजेका छन् र धेरै विवादलाई मिलापत्रमा टुंग्याएका छन्। तर अहिले पनि विवादमा देखिएका पक्ष-विपक्ष र निर्णय गर्ने स्थानीय जनप्रतिनिधि त्यो निर्णयको वैधानिक हैसियतबारे स्पष्ट हुन सकेका छैनन्। विवाद निरूपण भइसकेको अवस्थामा कुनै एउटा पक्ष कानुनी उपचार खोज्दै प्रहरी वा अदालतको शरणमा पुग्यो भने स्थानीय तहले गरेको फैसलाको हैसियत के हुने भन्ने स्पष्ट हुन जरुरी देखिन्छ।

स्थानीय तहका उपप्रमुखहरूमा ९० प्रतिशत महिला निर्वाचित भएको सन्दर्भमा विशेषतः महिलाहरूले न्यायाधीशको भूमिका खेल्ने अवसर मिलेको छ। महिलाहरू निष्पक्ष हुने, आत्मविश्वासी हुने, गहन अध्ययनपछि मात्र कुनै पनि कुराको निर्णय लिने, नाजायज लाभमा विश्वास नगर्नेजस्ता गुणले भरिपूर्ण हुन्छन्। यस्तो अवस्थामा महिला उपप्रमुखले स्थानीय विवाद निरूपण गर्दा वास्तविक पीडितले न्याय पाउने सम्भावना धेरै हुन्छ। तर संवैधानिक अधिकारको वैधानिक आधार स्पष्ट नभएकाले महिलाहरूले प्राप्त गरको यो अवसर र चुनौती कार्यान्वयनमा समस्या भएको छ। त्यसैले सरकारले स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकार कार्यान्वयनको लागि ऐन-कानुन निर्माणमा ढिलाइ गर्नुहुँदैन। नयाँ संविधान निर्माणपछि स्थानीय निकायसम्बन्धी प्रचलित कतिपय ऐन-कानुन निष्कृयरूपमा रहेको र नयाँ ऐन-कानुनसमेत नबनेको अवस्थामा ग्रामीण तहमा विकास निर्माणका काम अगाडि नबढ्ने मात्र नभई जनताले न्याय पाउने र स्थानीय तहबाट अधिकार पाउने कुराबाट समेत वञ्चित हुनुपर्ने अवस्था रहेको छ। त्यसैले अबको मुलुक समृद्ध मुलुक बनाउन संवैधानिक अधिकार कार्यान्वयन आवश्यक छ, जसको लागि तत्कालै आवश्यक ऐन-कानुन बन्नुपर्छ र विकासमा समावेशी सहभागिताको अवसरलाई संरक्षण गर्नुपर्छ।

*- सर्मिला बुढाथोकी, दोलखा*

### थ्रेसहाल्डको सकारात्मक पक्ष

स्थिरताका लागि 'थ्रेसहोल्ड' आवश्यक छ। त्यही अनुसार नेपालको राजनीतिमा साना दल बढारिँदै छन्। क्षेत्रीय राजनीति गर्नेहरूले र जातीय हिंसा भड्काउन खोज्नेहरूले नयाँ नमिठो अनुभव गरिरहेका छन्। लोकतन्त्रका केही निश्चित मान्यता र विधि हुन्छन्। आधारभूत स्वतन्त्रता र प्राकृतिक अधिकार, विधिको शासन, जनउत्तरदायी सरकार, बालिग मताधिकार, आवधिक निर्वाचन, समानताजस्ता गुणहरू अपनाएपछि शासन व्यवस्थाको स्वरूपमा एकरूपता हुनुपर्दैन। यद्यपि, अझै पनि वेस्टमिन्स्टर शैलीको संसदीय व्यवस्थालाई अपेक्षाकृत उत्तम मानिन्छ। नेपालले अपनाएको शासन प्रणाली संसदीय भए पनि वेस्टमिन्स्टरकै जस्तो भने छैन। संसदीय प्रतिनिधित्वमै आधारभूत अन्तर छ।

प्रतिनिधिसभामा बालिग मताधिकारका आधारमा हुने मतदानबाट 'प्रत्येक निर्वाचन क्षेत्रमा पहिलो मत ल्याउने' व्यक्ति विजयी हुने प्रणालीबमोजिम निर्वाचित हुने १६५ जना र 'सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम ११० सदस्य' रहने व्यवस्था नेपालको संविधान, २०७२ को धारा ८४ मा स्पस्ट व्यवस्था छ। त्यही अनुसार भर्खरै निर्वाचन सकिएको छ। प्रत्यक्ष र समानुपातिक दुवैमा प्रदेश र संघमा सांसद निर्वाचित भएका छन्। सांसद हुनैका लागि मात्र गठित भएजस्ता साना दलहरूका कारण २०६४ को निर्वाचनमा २५ वटा र २०७० सालमा ३० वटा दलको संविधानसभामा प्रतिनिधित्व भएको थियो। परिवारवादी र जातिवादी दलले त्यति बेला प्रभुत्व जमाएका थिए। अहिले त्यसो नहुने भएको छ।

प्रत्यक्षमा नजितेकाहरू बढारिएका छन्। कुल मतको १ प्रतिशत पनि ल्याउन नसक्नेहरूले समेत संसद्मा प्रतिनिधित्व गरेर सरकारलाई अस्थिर बनाउन बढी भूमिका खेलेका दलले ३ प्रतिशत नपुऱ्याएर आधा दर्जनभन्दा कम दल मात्रै संसद्मा सहभागी हुने पक्का भएको छ। संसदीय प्रतिनिधित्वलाई गरिमामय र ओजपूर्ण बनाउन निश्चित प्रतिशत मत ल्याए मात्र संसद्मा प्रतिनिधित्व गर्न पाउने बन्देज कायम गर्नुपर्ने विषयले प्रवेश पाएरै अस्थिर राजनीति अन्त्य हुने अपेक्षा गरिएको छ। समानुपातिक प्रतिनिधित्वको व्यवस्थामा थ्रेसहोल्ड राखिनुहुन्न भन्ने साना दलहरूको जिकिर उनीहरूको हितका दृष्टिले त उचितै होला तर अन्यत्रका अभ्यास र यहीं पनि देखिएको विकृतिका आधारमा अव्यावहारिक र अनुपयुक्त देखिन्छ।

समानुपातिक प्रतिनिधित्व अपनाएका अधिकांश देशमा ३ प्रतिशतको हाराहारीमा 'थ्रेसहोल्ड' राखिएको देखिन्छ। कतिपय मुलुकमा त झन् प्रत्यक्ष निर्वाचन नजितेमा समानुपातिक मतले 'थ्रेसहोल्ड' काटे पनि संसद्मा प्रतिनिधित्व नहुनेसमेत व्यवस्था छ। यस्ता बन्देजहरूका कारण ती मुलुकमा राजनीतिक दलको संख्या केही हदसम्म सीमित हुँदै गएको देखिएको छ। नेपालमा जनसंख्याका अनुपातमा राजनीतिक दलको संख्या अपेक्षाकृत बढी भएकै कारण ३ प्रतिशत थ्रेसहोल्ड लागू भएको छ। समानुपातिक प्रतिनिधित्व गराउँदा नेताका कृपामा निर्भर हुने गरी सूची हेरफेर गर्ने अधिकार पनि दलहरूले पाउने प्रावधान हटाइनुपर्छ। यसो भएमात्र दलहरू नेताका बिर्ता भइरहने छैनन्। यसकारण थ्रेसहोल्डको हृदयदेखि स्वागत।

*- सूर्य तामाङ, काठमाडौं*

## सामाजिक सञ्जाल



धरातलीय यथार्थले भन्छ- वाम गठबन्धनबाट केपी ओली नै प्रमको पहिलो हकदार। एकताको मार्गचित्र र सरकार निर्माण सँगसँगै गरौं र एउटै पार्टी बनाऔं।

**Rabindra Adhikari**
**@RabindraADH**



एक निरक्षर व्यक्ति पुस्तक प्रदर्शन मेलामा छिर्नु र एक इमानदार व्यक्ति नेपाली राजनीतिमा छिर्नु एउटै झैं लाग्छ।

माइक बुढाथोकी
**@tb_bth2**



पर्खालमा पोस्टकार्ड टाँसिएको थियो, लेखिएको थियो- यो पर्खालमा पोस्टकार्ड टाँस्न मनाही छ।

फिरन्ते
**@Dg_htd**

# उच्च स्तरीय व्यवस्थापन तालिम शुरू

नेपाल समाचारपत्र
काठमाडौं

राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठानमा उच्च स्तरीय व्यवस्थापन तालिम संचालन भएको छ।

उक्त तालिमको सशस्त्र प्रहरी महानिरीक्षक सिंह बहादुर श्रेष्ठले आईतबार एक समारोहका बीच उद्घाटन गर्नुभयो।

सशस्त्र प्रहरी बल नेपालमा संचालित तालिमहरू मध्येकै उच्च स्तरको सो तालिममा सशस्त्र प्रहरी नायव महानिरीक्षक तथा सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरू प्रशिक्षार्थीको रूपमा सहभागी रहेका छन तालिमको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले सुरक्षा, द्वन्द्व व्यवस्थापन, व्यावसायिक क्षमता अभिबृद्धि एवं नेतृत्व विकासका लागि यस किसिमको उच्च स्तरीय व्यवस्थापन तालिमको अहम भूमिका रहने बताउनुभयो।

उहाँले हरेक सरोकारवाला पक्षहरूसँग आवश्यक सहकार्य र समन्वय कायम राख्दै जिम्मेवारीबोधका साथ कुशल नेतृत्व प्रदान गर्न सक्ने उच्च व्यावसायीक क्षमता, ज्ञानसीप र दक्षतायुक्त अधिकृत उत्पादनका लागि तालिम उपलब्धीमूलक रहने विश्वास व्यक्त गर्नुभयो।



सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले तालिम संचालन गर्ने कार्यमा सशस्त्र प्रहरी बल नेपालसँग सहकार्य गरी उल्लेख्य भूमिका निर्वाह गर्ने त्रिभुवन विश्वविद्यालय जनप्रशासन केन्द्रीय विभागप्रति आभार प्रकट गर्नुभयो।

सो प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेलले धन्यवाद ज्ञापनको क्रममा प्राप्त जिम्मेवारीलाई कुशल नेतृत्वका साथ उत्कृष्ट ढंगबाट पुरा गर्न सक्ने क्षमतावान एवं व्यावसायीक कमाण्डर तयार गर्न यस तालिमले महत्वपूर्ण सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी नायव महानिरीक्षक मन्दिप श्रेष्ठले स्वागत मन्तव्य तथा तालिम सम्बन्धी कार्य योजना प्रस्तुत गर्नुभएको थियो भने तालिममा सहभागी प्रशिक्षार्थीहरूका तर्फबाट सशस्त्र प्रहरी नायव महानिरीक्षक राजेश श्रेष्ठले तालिमका विविध पक्षमाथि प्रकाश पार्नुभएको थियो।

त्रिभुवन विश्वविद्यालय जनप्रशासन केन्द्रीय विभागका प्रमुख प्राध्यापक डा. टेकनाथ ढकालले हरेक संगठनको लागि तालिम एउटा महत्वपूर्ण भागको रूपमा रहने उल्लेख गर्नुहुँदै व्यावसायिक दक्षता र नेतृत्व विकासका साथै वृत्ति विकासमा समेत यस प्रकारको तालिमले टेवा पुऱ्याउने उल्लेख गर्नुभयो।

तालिममा सहभागी वरिष्ठ अधिकृतहरूलाई नेतृत्व विकास, सुरक्षा तथा द्वन्द्व व्यवस्थापन, सशस्त्र प्रहरी बल नेपालको म्यान्डेटसँग सम्बन्धित कार्य लगायत विभिन्न समसामयिक विषयवस्तुहरूलाई समेटेर प्रशिक्षण दिइने कुरा त्यसअवसरमा जानकारी दिइएको थियो।

त्रिभुवन विश्वविद्यालय जनप्रशासन केन्द्रीय विभागसँगको सहकार्यमा सो प्रतिष्ठानले संचालन गरेको तीन हप्ता अवधिको उक्त तालिममा सशस्त्र प्रहरी नायव महानिरीक्षकहरू २ जना तथा सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरू १६ जना गरी कूल १८ जना प्रशिक्षार्थीहरू सहभागि रहेका छन्।

## भारतीय 'चल्ला' समुह पक्राउ

काठमाडौं, (नेस)। उपत्यकामा कवाडका सामानहरू संकलन गर्ने बहाना बनाई घरमा कोही नभएको मौकामा घरका ढोका तथा झ्याल फोडेर नगद, सुनचाँदीका गरगहना, बिभिन्न मोवाईल र अन्य ईलोक्ट्रोनिक्स सामानहरू चोरी गर्ने कार्यमा संलग्न चल्ला भन्ने समूहका ७ जनालाई चोरीका सामान सहित महानगरीय अपराध महाशाखाको प्रहरीले पक्राउ गरेको छ।

उनीहरूको साथबाट बिभिन्न ब्राण्डका मोवाईल ४ थान, बिभिन्न कम्पनीका घडी ३ थान र चोरी कार्य गर्दा प्रयोग गर्ने फलामको रड १ थान बरामद भएको छ। पक्राउ पर्नेहरूमा कवाडीका सामान संकलन गरी काठमाडौं महागरपालिका-९ तिलगंगा बस्ने भारत बिहार समस्तीपुरका दिनेश पोदार, समस्तीपुरकै केतुल पोदार, समस्तीपुरकै चन्तन पोदार, भारत मोतिहारी मुजंफपुरका मुकेशकुमार पोदार, भारत बिहार हाजिपुरका सुरज पोदार, हाजीपुरकै बिकास पोदार र पशुपतिमा दाउरा ओसार पसारको काम गर्ने बारा निजगढ नगरपालिका-९ का राजकुमार अधिकारी रहेका छन्।

अभियुक्तहरूमध्ये मुकेशकुमार २०७३ बैशाख ८ गते चोरी मुद्धामा ९३ हजार रूपैयाँ धरौटीमा तथा अर्का अभियुक्त राजकुमार ३ वर्षअघि केही सार्वजनिक मुद्धामा ३ हजार रूपैयाँ धरौटीमा जेलबाट छुटेका व्यक्तिहरू भएको खुल्न आएको छ।

भारतमा चोरी गर्ने समूह बनाई नेपाल आउने र गौशाला, तिलगंगा, बानेश्वर, सिनामंगलका सुकुम्बासी बस्तीमा लुकीछिपी बस्ने, कवाडी टिप्ने बहानामा चोरी गर्ने घरको जानकारी लिने, घरमा कोही नभएको मौका पारी ढोका फोडेर प्रबेश गर्ने, कवाड टिप्ने बोरामा फलामको रड लिई जाने, बाहिर एकजनाले निगरानी गर्ने तथा अन्यले घरभित्र चोरी गर्ने, तत्काल भारततर्फ फरार हुने, चोरीको पैसाबाट जाँडरक्सी खाने तथा भारतमा जग्गा जमिन किनेर घर बनाउने, चोरीका सामानहरू भारतीय बजारमा बिक्री समेत गर्ने गरेको र उनीहरू १०/१२ बर्षकै उमेरदेखि चोरी कार्यमा संलग्न रहँदै आएको प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको सो महाशाखाले जनाएको छ। अभियुक्तहरूलाई आवश्यक कानुनी कारवाहीको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको र उनीहरूका सम्बन्धमा अन्य आवश्यक अनुसन्धान कार्य जारी रहेको सो महाशाखाले जनाएको छ।


**Government of Nepal**
**Ministry of Irrigation**
**Department of Water Induced Disaster Management**
**Water Induced Disaster Management Division Office No.21**
**Khalanga, Jumla**

**Invitation for Online Bids**

**Invitation for Bids for the (Notice No.01/2074-075)**
Date of First Publication 2074/09/03

1. The Government of Nepal [GON] *has allocated funds* towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the Contract as described in the table below . Bidding is open to all eligible Nepalese bidders.
2. *Water Induced Disaster Management Division Office No.21 Jumla* invites electronic bids from eligible bidders for the construction of following civil construction works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S. N. | Contract No. | Description of Work | Required minimum average annual Turnover (Nrs. Million) | Required minimum construction cash flow (Nrs. Million) | Required minimum Particular experience of similar nature (Nrs. Million) | Required minimum Key production Rate (Boulder filling in gabion boxes-m3/month) | Bid Security Amount ( Nrs.) | Price of Bid Document (Nrs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | TRTW-01/2074-075 | Construction of Gabion Revetment & Stud | 23.33 | 9.72 | 18.66 | 540.00 | 700000.00 | 5000.00 |
| 2 | KRTW-01/2074-075 | Construction of Gabion Revetment & Stud | 22.46 | 9.36 | 17.97 | 520.00 | 700000.00 | 5000.00 |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Water induced Disaster management Division Office No.21 Khalanga ,Jumla having email address div21.dwidp@gmail.com & telephone no.977-087-520645 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder shall submit their bid electronically only and download the bidding document from e-portal from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Rastriya Banijya BankJumla**
   **Office Code no. : 55-357-02**
   **Office Account no.:Ka-1-1-001**
   **Rajaswa (revenue) Shirshak no. :14227**
6. Pre-bid meeting shall be held at *WIDM Division Office No.21Jumla* at *12:30 P.M on2074-09-23*
7. Electronic bids must be submitted to the office *WIDM Division Office No.21Jumla* through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before *12.0 Noon* 2074-10-03 . Bids received after this deadline will be rejected.
8. The technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 2074-10-03 at the office of WIDM Division Office No.21 Jumla. Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum as specified above which shall be valid for 30 days beyond the validity period of the bid *(i.e. 120 days of the bid after deadline for the bid submission last date)*
9. *E- bidding hard -copy of the required related document should be submitted within 7 days of the bid opening date.*
10. If the last date of pre- bid meeting, purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
11. Bidders may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
12. After the completion of evaluation of technical bids, which are substantially responsive evaluated bidders, invited to attend the opening of price Bids. The date, time and location of opening of price Bid shall be notified in writing and/or published in national daily.
13. Other information not mentioned is as per Public procurement Act 2063 and public procurement Regulation 2064 (latest Amendment ).
14. Employer Name:

    **WIDM Division Office no.21**
    **Location:- Khalanga, Jumla**
    **Attention :- Division Chief -WIDM Division Office no.21 , Jumla**
    **Telephone/Fax :-977- 087-520645**
    **Email :- div21.dwidp@ gmail.com**


## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यभय, मान-प्रतिष्ठामा आँच आउने, तनाव बढ्नेछ।
**वृष** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**मिथुन** : धनलाभ, मान-सम्मान बढ्ने, समस्याको समाधान हुने।
**कर्कट** : आर्थिक लाभ, विजय, परीक्षा-खेलकुदमा सफलता।
**सिंह** : बाथजन्य रोगको भय, कार्य असफल, शोक-सन्ताप।
**कन्या** : पेट गडबड, पविवाद, निरर्थक घुमफिर, दिनचर्या अस्तव्यस्त।
**तुला** : पैसा प्राप्ति, मान-सम्मान, पढाइ, जागिर, व्यापारमा सफलता।
**वृश्चिक** : धनहानि, व्यर्थको खर्च, मनमा चञ्चलता, आँखामा समस्या।
**धनु** : पुरस्कार, कोसेली प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**मकर** : आर्थिक नोक्सानी, दुर्घटनाको सम्भावना, उपलब्धिहीन खर्च।
**कुम्भ** : द्रव्यलाभ, सहयोग प्राप्ति, मिष्ठान्न भोजन, पारिवारिक सुख।
**मीन** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।

# नेपाल

आफूसंग बल्ने ढुंगा छ, त्यो अमेरिका, चीनतिर करोडौं रुपियाँमा बिक्री हुने भन्दै त्यसमा ४ करोड रुपियाँ लगानी गर्न भनी प्रलोभन देखाएर ठगी गर्ने मुख्य योजनाकारसहित पाँचथरका ५ जनालाई प्रहरीले इलाम नगरपालिकाबाट पक्राउ गरेको हो।

## ठगी धन्दाका मुख्य योजनाकारसहित पाँच पक्राउ



गणेश घिमिरे, इलाम

नाटकीय ढंगबाट ठगीको धन्दा गर्दै आएका माओवादीका पूर्वलडाकूसहित ५ जनालाई इलाम प्रहरीले पक्राउ गरी आइतबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ। आफूसंग बल्ने ढुंगा छ, त्यो अमेरिका, चीनतिर करोडौं रुपियाँमा बिक्री हुने भन्दै त्यसमा ४ करोड रुपियाँ लगानी गर्न भनी प्रलोभन देखाएर ठगी गर्ने मुख्य योजनाकारसहित पाँचथरका ५ जनालाई प्रहरीले इलाम नगरपालिकाबाट पक्राउ गरेको हो।

पक्राउ पर्नेमा पाँचथर फाल्गुनन्द गाउँपालिका १ का राजबहादुर तामाङ (३२), वडा नम्बर ४ का रुद्रकुमार नेम्वाङ (४४), वडा नम्बर ६ का योगेन्द्रप्रसाद आङदाम्बे (६०), फिदिम नगरपालिका-१० का भयप्रसाद विक (३३) र फालेलुङ गाउँपालिका-८ का महेन्द्रकुमार दर्जी (५४) वर्षीय रहेका छन्। पक्राउ परेकामध्ये तामाङ पूर्वलडाकू हुन् भने उनी नै यस घटनाका मुख्य योजनाकार रहेको प्रहरीले जनाएको छ। उनीहरूलाई प्रहरीले गत मंसिर २७ गते राति करिब १२ बजे इलाम बसपार्कस्थित एक होटलबाट पक्राउ गरेको हो। मुख्य योजनाकार राजबहादुर तामाङकै योजनामा पाँचथरका तीनजना व्यापारीबाट लाखौं रुपियाँ ठगी गरेको तथ्य फेला परेको हो। फिदिम नगरपालिका-१ का तारा भट्टराई, डिल्ली ढुंगाना र फाल्गुनन्द गाउँपालिका-६ का राजेन्द्र रिजालबाट करिब १ करोड रुपियाँ ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

ठगी गरेको रकममध्ये ९० लाख रुपियाँ फेला परेको छ। ३ जना व्यापारीबाट तामाङसहितको टोलीले पटक-पटक गरेर पैसा असुलेका थिए। ठगीको आरोपमा पक्राउ परेका पाँचैजना व्यापारीबाट असुलेको ९० लाख रुपियाँ र ८ थान गोलीसहित ३ थान पेस्तोल पत्रकार सम्मेलन गरेर प्रहरीले सार्वजनिक गरेको हो।

प्रहरी अनुसन्धानका क्रममा तामाङसहितको टिमले बल्ने ढुंगा इलाममा गाडेर राखेकाले त्यहाँ नै जानुपर्ने भनेपछि व्यापारीहरू इन्द्र र तारा २७ गते राति इलाम तिल्केनीमा आइपुगेका थिए। उनीहरू आएपछि बल्ने ढुंगा आफूसँग भएको भनिएका व्यक्ति राजबहादुर राई गाडीभित्र बसेर तपाईंहरूको सामान लिनुहोस् भनेर बहुमूल्य भनिएको ढुंगासहितको झोला दिनसाथ उनीहरूमाथि अर्को एक अज्ञात समूहले पेस्तोल देखाएर आक्रमण गरी पैसा र ढुंगासहितको झोला लुटेर लगेको थियो।

लुटेराको समूहले व्यापारी डिल्ली र ताराको साथमा रहेको मोबाइल, नगद १८ हजार, १ थान सुनको औंठी र राजबहादुरले बोकेको झोला लुटेर भागेका थिए। पैसा लुटिएपछि तामाङले तपाईंहरूकै सामु ढुंगा र पैसा लुटिएकाले प्रहरीमा खबर गर्ने भन्दै जिल्ला प्रहरी कार्यालयमा राति नै आएका थिए। प्रहरीमा मौखिक उजुरीपछि तत्काल घटनास्थलमा पुगेको प्रहरीले घटनास्थलबाट पेस्तोल फेला पारेको थियो। लगत्तै प्रहरीले गरेको सर्च अप्रेसनमा इलाम बसपार्कस्थित एक होटेलबाट लुटेरालाई पक्राउ गर्न सफल भयो।

पक्राउपछि गरिएको प्रारम्भिक अनुसन्धानकै क्रममा आफूलाई आक्रमण गर्न लगाएर पैसा लुट्न लगाउने व्यक्ति स्वयं राजबहादुर तामाङ नै रहेको भन्दै लुटेराले बयान दिएपछि घटनाका मुख्य योजनाकार राजबहादुर नै रहेको प्रहरीले निष्कर्ष निकालेको पत्रकार सम्मेलनमा इलाम प्रहरी प्रमुख विपीन कर्माचार्यले बताए। प्रहरीले अहिले योजनाकार तामाङसहित अन्य चारैजनालाई हातहतियार खरखजना, ठगी र सार्वजनिक अपराधअन्तर्गत मुद्दा दर्ता गरेर कारबाही प्रक्रिया शुरू गरिसकेको कर्माचार्यले जानकारी दिए।

यसैक्रममा लुटपाट भएको स्थानबाट प्रहरीले जम्मा ३ थान पेस्तोल फेला पारेको थियो। सो पेस्तोल राजबहादुरको रहेको खुल्न आएको छ। तामाङले एउटा पेस्तोल झापाका कुशल राईसँग खरिद गरेको र अन्य २ वटा द्वन्द्वकै समयको भएको बताएका छन्। उनको बयानपछि पेस्तोल बिक्री गर्ने झापाका कुशल राई भन्ने व्यक्तिलाई पनि बिर्तामोड प्रहरीले पक्राउ गरिसकेको जनाएको छ।

## प्रदेश राजधानीको दौडमा शान्त नेपालगन्ज

कुमार श्रेष्ठ, बाँके

५ नम्बर प्रदेशको राजधानी दाङ कि बुटवल भन्ने बहस पेचिलो बन्दै गर्दा यतिबेला नेपालगन्ज शान्त बसेको छ। दाङ र बुटवलका शक्तिशाली नेताले आ-आफ्नो दाबी गरिरहँदा पश्चिमको पूर्वाधारयुक्त शहर नेपालगन्ज गुमनाम बनेको छ।

चुनावमा नेपालगन्जलाई प्रदेशको राजधानी बनाउने सबै उम्मेदवारका प्रतिबद्धता नभएका होइनन्। एक नम्बरमा नभई अलि तल परेको यो प्रतिबद्धता चुनावसँगै सेलाएको छ। केन्द्रलाई प्रभावित पार्ने ठूला नेताहरू नहुनाले यतिबेला नेपालगन्ज दाङ र बुटवलको लडाइँको रमिते बनिरहेको छ।

नेपालगन्ज पाँच नम्बर प्रदेशको सुदूरपश्चिममा पर्छ। नेपालगन्जभन्दा पछाडि बर्दिया जिल्ला मात्रै छ। नेपालगन्जलाई भूगोलले पनि साथ दिएको छैन। नेपालगन्जलाई प्रदेश राजधानी बनाउनुपर्छ भनेर विगतमा विभिन्न समिति बनेका थिए। ती समितिले आह्वान गरेका कार्यक्रममा यहाँका बासिन्दाले खासै चासो देखाएनन्। मध्यपश्चिम विश्वविद्यालय नेपालगन्ज कि सुर्खेत भन्ने लडाइँमा पछि परेका नेपालगन्जवासी भन्सार बन्द गरेर मात्रै हुँदैन रहेछ भन्ने बुझाइमा पुगेका छन्। कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला नै हुँदा नेपालगन्जमा विश्वविद्यालय स्थापना गर्न नसकिएको पीडा अहिलेसम्म यहाँका बासिन्दाको ताजै छ। मध्यपश्चिम विश्वविद्यालय स्थापनाका लागि नेपालगन्जमा आन्दोलनको अगुवाई गरेका मध्येका एक पशुपतिदयाल मिश्र नेपालगन्ज विश्वविद्यालयको फाइल पाइप लाइनमा रहेको बताउनुहुन्छ।

दाङ र बुटवललाई प्रदेशको राजधानी बनाउने अभियानमा एमाले र माओवादी केन्द्रका ठूला-ठूला नेता लागिपरेका छन्। केन्द्रमा सीधैं पहुँच भएका नेता दुई ठाउँबाट 'वाक युद्ध' गरिरहँदा नेपालगन्जका नेताहरूले चुपचाप सुनिरहेका छन्। यहाँका नेताहरू नेपालगन्जलाई प्रदेशको राजधानी बनाउन लबिङ गर्नुभन्दा पनि दाङ कि बुटवल हुँदा फाइदा छ भन्ने बहसमा अल्झिन थालेका छन्।

५, ६ र ७ नम्बर प्रदेशकै प्रवेशद्वार, केन्द्रविन्दु भएर पनि नेपालगन्ज महत्त्वपूर्ण उपलब्धि हात पार्नमा सधैं पछाडि पर्ने गरेको छ। विकास र पूर्वाधारको हिसाबले पनि नेपालगन्ज बुटवलपछिकै मानिन्छ। पुरानो शहर भन्ने हो भने त राजधानी र पाल्पापछिकै हो। शिक्षा, स्वास्थ्य, यातायात, उद्योग धन्दामा अगाडि रहे पनि नेपालगन्ज राज्यबाट उपलब्ध हुने ठूला योजनाहरूलाई पार्न असफल हुँदै आएको छ।

५ नम्बर प्रदेशको प्रशासनिक राजधानी दाङ र बुटवलाई पर्यटकीय क्षेत्र र नेपालगन्जलाई औद्योगिक नगरी बनाउने मुख्यमन्त्रीका दाबेदर दंगाली नेता शंकर पोखरेलले नेपालगन्ज भ्रमणका बेलामा भन्दा नेपालगन्जका नेताले गड्गडाहट तालीले स्वागत गरिसकेका छन्। यहाँका नेताहरूले नेपालगन्जलाई प्रदेशकै राजधानी बनाउनुपर्छ भनेर मुख खोल्न सकेनन्।

नेपालगन्जलाई प्रादेशिक राजधानी बनाउनका लागि गठन गरिएको समितिका संयोजक एवं एमालेका जिल्ला सचिव रत्न खत्रीले दाङ कि बुटवल भनेर सम्पूर्ण जनतालाई शत्रुता हुने गरी विवाद गरिरहनुभन्दा सम्पूर्ण पूर्वाधार रहेको नेपालगन्जलाई प्रदेशको राजधानी बनाउनुपर्ने बताउनुभयो। समितिकै अगुवाईमा यो बीचमा कुनै किसिमको जनता उतार्ने, सचेतना गराउने गतिविधि नभए पनि संयोजक खत्रीले निर्वाचित विधायकले नेपालगन्जलाई पनि दाङ र बुटवलकै हैसियतले प्रदेश राजधानीका रूपमा अघि सार्ने विश्वास व्यक्त गर्नुभयो।

बाँकेको प्रतिनिधिसभा ३ र प्रदेशसभाका ६ जना गरी ९ जना सांसदमध्ये ६ जना वाम गठबन्धनका छन्। वाम गठबन्धनका ठूला-ठूला नेता दाङ र बुटवलको लबिङमा लागिसकेकाले प्रतिनिधिसभा र प्रदेशसभामा १-१ सिट जितेको संघीय समाजवादी फोरम र प्रदेशसभामा १ जितेको कांग्रेसको जोड नचल्ने देखिएको छ। कांग्रेसमै पनि दाङ र बुटवलको लबिङ भइसकेको छ।


### हार्दिक समवेदना



जन्म :
१९९१-०९-२७

स्वर्गारोहन :
२०७४-०८-२०

स्व. दोरेन्द्र राज दली

हाम्रो मित्र राजेश राज दलीका पूजनीय पिता **दोरेन्द्र राज दली**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौ।

राजेन्द्र सुवाल — चैत्य नन्द वज्राचार्य
मधुकर श्रेष्ठ — पवित्र वज्राचार्य
रोशन शाक्य — हर्क गुरुङ (पोखरा)
वलराम श्रेष्ठ — मचाकाजी डंगोल

Government of Nepal (GoN)
Ministry of Water Supply and Sanitation
Department of Water Supply and Sewerage
Water Supply and Sanitation Division Office, Nuwakot

### Invitation for Electronic Bids for the The Supply and Delivery of High Density Polyethylene Pipes

IFB No.: 01-2074-75/WSSDO, Nuwakot
Contract Identification No: 01-2074-75/WSSDO, Nuwakot
Date of publication: 18 December 2017

1. The Water Supply and Sanitation Division Office, Nuwakot invites electronic bids from eligible bidders for the procurement of High Density Polyethylene Pipes under National Competitive Bidding and Single Stage Single Envelop Procedure.
2. Eligible Bidders (Manufacturer itself or having Manufacturer Authorization letter) shall only submit e-bid and obtain further information and inspect the bidding documents at the office of Water Supply and Sanitation Division Office, Nuwakot, Telephone 010-560062 and email: wssdonuwakot12@gmail.com of office or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is can be download from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document NRs. 3,000/- in the following bank.
   Name of the Bank: Nepal Bank Limited, Trishuli, Nuwakot
   Name of the Office: Water Supply and Sanitation Division Office, Nuwakot
   Office Code No. : 26-313-01
   Office Account No. : 26-41-811 Revenue Head No. : 14227
4. Pre-bid meeting shall be held at Water Supply and Sanitation Division Office, Nuwakot on 07Janauary 2018 at 13:00 hours.
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Water Supply and Sanitation Division Office, Nuwakot on or before at 12:00 hours on 17 January 2018.
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 14:00 hours on 17 Janauary 2018 at the office of Water Supply and Sanitation Division Office, Nuwakot. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of NRs. 2,06,000/- which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The Goods and Related Services are grouped in package. Bids on individual item is not permitted.

नेपाल सरकार
खानेपानी तथा सरसफाई मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
विदुर, नुवाकोट

### एच.डी.पी. पाईप आपूर्ति कार्य सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७४/०९/०३)

यस कार्यालयको चालु आ.व. २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार कार्यालय अन्तर्गतका भूकम्पबाट क्षति भइ पुनर्निर्माण गर्नु पर्ने विभिन्न खानेपानी आयोजनाहरूको लागि आवश्यक एच.डी.पी.पाइप सिलबन्दी बोलपत्रको माध्यमद्वारा खरिद गर्नु परेकोले सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) र भुकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद नियमावली, २०७२, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अनुसार इजाजत प्राप्त व्यक्ति, फर्म वा सप्लायर्सहरूबाट निम्न शर्तहरूको अधिनमा रही निम्न बमोजिमको विभिन्न साइजको एच.डी.पी.पाइप सप्लाई सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. विभिन्न एच.डी.पी. पाइप सप्लाइ सम्बन्धी सिलबन्दी बोलपत्र फाराम प्रति फाराम रु ३,०००।- (रु. तीन हजार मात्र फिर्ता नहुने गरी) बुझाई लिखित निवेदनको साथमा अद्यावधिक इजाजत पत्र, मू.अ.कर दर्ता भएको प्रमाण पत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं (पन्ध्रौं) दिनको कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।
२. खरिद भएको बोलपत्र फारामहरू रीतपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। बोलपत्र फाराम साथ उद्योग रजिष्ट्रेशन पत्र, आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र, खाम सिलबन्दी गरी खामको दायाँ भागमा यस कार्यालयको नाम, ठेगाना एच.डी.पी. पाइप सप्लाई, सम्बन्धी बोलपत्र भन्ने ब्यहोरा लेख्नु पर्नेछ र बायाँ भागमा बोलपत्रवालाको नाम, ठेगाना उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ धरौटी वापत तोकिएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय नुवाकोटको एकल धरौटी खाता नं २६-५१-७८९७ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र (बिडबण्ड) संलग्न गरिएको हुनु पर्नेछ।
४. उपरोक्तानुसार प्राप्त भएका बोलपत्रपत्रहरू १६औं दिन दिनको १३:०० बजे विभिन्न प्रतिनिधि, बोलपत्रपत्रदाताहरू वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा बोलपत्रपत्र खोल्न बाधा पर्ने छैन।
५. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने, दर्ता गरिने वा खोलिने छ।
६. बोलपत्र मा दररेट लेख्दा अङ्क र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। अङ्क र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप गरेको हुनु पर्नेछ।
७. म्याद नाघी वा रीत नपुगी प्राप्त भएका बोलपत्रहरू उपर कुनै कारवाही हुने छैन।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
९. अन्य शर्तहरूको हकमा प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम हुनेछ।
१०. यो सूचना केही संसोधन गर्नु परेमा, संशोधित सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिने छ।
११. अन्य कुनै जानकारी आवश्यक भएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

तपसिलः

| सि.नं. | बोलपत्र नं. | खानेपानी आयोजना | कामको विवरण | धरौटी रकम | फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | २/०७३/७४ | विभिन्न खा.पा.आ. | एच.डी.पी. पाइप सप्लाई कार्य। | ८९,०००।- | ३,०००।०० |

डिभिजन प्रमुख

नेपाल सरकार
खानेपानी तथा सरसफाई मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
विदुर, नुवाकोट

### जी.आई. पाईप फिटिङ्ग तथा औजार सप्लाई सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७४/०९/०३)

खानेपानी तथा ढल निकास विभाग, क्षेत्रीय अनुगमन तथा सुपरीपेक्षण कार्यालय काठमाडौं, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, विदुर, नुवाकोटको लागि चालु आ.व. २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसारका विभिन्न खानेपानी आयोजनाहरूको लागि वभिन्न साइजका नेपाल गुणस्तर प्राप्त र स्पेसिफिकेसनमा उल्लेख भए अनुसारका जी.आई पाईप, फिटिङ्ग तथा औजार सिलबन्दी बोलपत्रद्वारा ठेक्का बन्दोबस्त गरी खरिद गर्नु परेकोले इजाजत प्राप्त बोलपत्रदाता वा पाईप निर्माता कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रही जी.आई पाईप, फिटिङ्ग तथा औजार सप्लाई सम्बन्धी बोलपत्र आह्वान गरिएको छ।

१. जी.आई पाईप, फिटिङ्ग तथा औजार सप्लाई सम्बन्धी सिलबन्दी बोलपत्र फाराम रु.३,०००।- (रु. तीन हजार मात्र फिर्ता नहुने गरी) बुझाई लिखित निवेदनको साथमा अद्यावधिक ईजाजतपत्र, मू.अ.कर दर्ता भएको प्रमाण पत्र, गुणस्तर चिन्ह पाएको प्रमाणपत्र तथा अद्यावधिक कर चुक्ताको प्रमाणपत्रको छायाँ प्रति (फोटोकपि) निवेदन साथ संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं (तीसौं) दिनको कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।
२. बोलपत्र पेश गर्दा बोलपत्र फाराम साथ उद्योग रजिष्ट्रेशन पत्र, आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र, गुणस्तर चिन्ह पाएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी खाममा राखी यस कार्यालयबाट बिक्री भएको बोलपत्र फारामहरूमा दररेट महलको अङ्क र अक्षर दुबैमा स्पष्ट उल्लेख गरी जमानत वापतको धरौटी रकम लेखा नियन्त्रक कार्यालय नुवाकोटको एकल धरौटी खाता नं २६-५१-७८९७ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको बैंक जमानी पत्र (बिडबण्ड) साथै उल्लेखित सम्पूर्ण कागजात संलग्न गरी सिलबन्दी गरी खामको दायाँ भागमा यस कार्यालयको नाम, ठेगाना तथा एच.डी.पी.पाईप सप्लाई सम्बन्धी सिलबन्दी बोलपत्र भन्ने ब्यहोरा लेख्नु पर्नेछ र बायाँ भागमा सिलबन्दी बोलपत्रवालाको नाम, ठेगाना उल्लेख गरी सूचना प्रकाशित भएको मितिले ३१ (एकतिसौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।
३. उपर्युक्तानुसार प्राप्त भएका सिलबन्दी बोलपत्रहरू ३१औं दिन दिनको १३:०० बजे सिलबन्दी बोलपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। सिलबन्दी बोलपत्रदाताहरू वा निजहरूको प्रतिनिधिहरू उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने, दर्ता गरिने वा खोलिने छ।
५. बोलपत्रमा दररेट लेख्दा अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। अङ्क र अक्षरमा केरमेट भएकोमा दस्तखत गरेको हुनु पर्नेछ।
६. म्याद नाघी वा रीत नपुगी प्राप्त भएका बोलपत्रहरू उपर कुनै कारवाही हुने छैन।
७. पेश भएका बोलपत्र स्वीकृत गर्ने, अस्विकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८. यस सूचनामा नपरेका अन्य शर्तहरूको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
९. अन्य कुनै जानकारी आवश्यक भएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | जमानत (बिडबण्ड) रु. |
|---|---|---|---|
| १ | ३/०७३/७४ | जी.आई.पाईप, फिटिङ्ग तथा औजार सप्लाई सम्बन्धी | ५७,०००।- |

डिभिजन प्रमुख

२०७४, पुस
सोमबार
३

गएको साउनमा बर्खाले केरौंजाका ६० घर-परिवार गाउँ छोडेर विस्थापित भएका थिए। केरौंजाको करिब ३ सय घरधुरी स्थानान्तरण गर्नुपर्ने सूचीमा रहेको पुनर्निर्माण प्राधिकरण गोरखाले जनाएको छ।

# नेपाल

भूकम्प र पहिरोको चपेटामा केरौंजा

## जोखिम मोल्दै स्थानीय

सन्तोष अधिकारी, गोरखा

२०७२ वैशाख १२ को विनाशकारी 'गोरखा' भूकम्पपछि स्थानान्तरण हुनुपर्ने बस्तीको सूचीमा पहिलो नम्बर रहेको गाउँ हो केरौंजा। गोरखाको धार्चे गाउँपालिकामा रहेको केरौंजा अहिलेसम्म स्थानान्तरण हुनसकेको छैन। बर्खायाम र पहिरोले स्थानीयको घर बगाउँदा जति सरकारी तबरबाट चासो देखाइएको थियो अहिले चासो देखाइको छैन। केरौंजा छायाँमा छ।

गएको साउनमा बर्खाले यही केरौंजाका ६० घर-परिवार गाउँ छोडेर विस्थापित भएका थिए। केरौंजाको करिब ३ सय घरधुरी स्थानान्तरण गर्नुपर्ने सूचीमा रहेको पुनर्निर्माण प्राधिकरण गोरखाले जनाएको छ। 'हरेक साल बर्खायाममा रातभर जाग्राम बसेर गाउँलेले दुःख झेलेको छ' -स्थानीय शमशेर गुरुङले बताए।



पहिरो गएको बेला विभिन्न गैरसरकारी संस्था सरकारी निकायहरू त्यहाँ जाने भए पनि दीर्घकालीनरूपमा कसैले काम नगरेको स्थानीय फिरेन्द्र घलेले गुनासो गरे। गतवर्ष पनि पहिरोले केरौंजागाउँको ९० घर र केरौंजाबेशीको २३ घर पुरेको थियो भने ४ जनाको ज्यान गएको थियो।

केरौंजा गाउँ भूकम्पपछि बस्नै नहुने भएको गाउँ हो। भू-गर्भविद्हरूले समेत केरौंजा गाउँलाई स्थानान्तरण गर्नुपर्ने बताए पनि त्यसो हुनसकेको छैन। गाउँलाई कहाँ स्थानान्तरण गर्ने भन्नेबारे अध्ययन गर्न गत असारको पहिलो साता भू-गर्भविद्सहितको टोली केरौंजा पुगेको थियो।

केरौंजाका स्थानीय अहिले पनि टहरोमा बस्न बाध्य छन्।

'हामी घर बनाऔं भने यहाँ घर बनाउन योग्य छैन भनिएको छ', अर्का स्थानीय सन्तबहादुर गुरुङले भने- 'घर नबनाउँ त बूढाबुढी र बालबच्चा चिसोले बिरामी पर्न थालेका छन्।'

पुनर्निर्माण प्राधिकरण गोरखाले केही दिनअघि गाउँमै गएर स्थानीयको सहभागितामा गाउँ स्थानान्तरणको विषयमा छलफलसमेत गरिसकेको प्राधिकरणका शिव पौडेलले बताए। 'आफैं बसाइँसराइ गर्न चाहनेका लागि सरकारले २ लाख उपलब्ध गराउने निर्णय नै गरिसकेको छ', उनले भने- 'तर, त्यहाँका गाउँलेहरू सबै स्थानान्तरणकै पक्षमा देखिनुभएको छ। कहाँ स्थानान्तरण गर्ने भन्ने विषयमा टुंगो लाग्न बाँकी नै छ।'

## फोहोर व्यवस्थापन गर्न टोल फ्री नम्बर

दयाराम पण्डित, बाजुरा

बडिमलिका नगरपालिकको फोहोर व्यवस्थापन गर्न बडिमालिका नगरपालिकाले टोल फ्री नम्बर चलाउने भएको छ। सदरमुकाम मार्तडीको फोहोरजन्य वस्तुको डुंगुर बन्न थालेपछि नगरपालिकाले विभिन्न जुक्ति निकाल्न थालेको हो। जसको घर-आँगनमा फोहोर हुन्छ देख्नेले टोल फ्री नम्बरमा फोन गरेपछि नगरपालिकाले प्रहरीको सहयोगमा कानुनी कारबाही अगाडि बढाउने बताइएको छ।

'अबका केही हप्तामा मेयर, उपमेयरको हातमा टोल फ्री नम्बर हुन्छ तपाईंले फोन गरी सूचना दिन सक्नुहुन्छ' -मेयर बडुवालले भन्नुभयो। 'नगरपालिकाको ग्रामीण क्षेत्रभन्दा पनि बजार क्षेत्र फोहोर बढेपछि नगरपालिकाले प्रत्येक हप्तामा बजार सरसफाइ कार्यक्रम राखेका हौं, सेना, प्रहरी आएर सफा गरिदिन्छन् स्थानीयको त्यति सहयोग पाएको छैन कति सम्झाएँ मान्दैनन्', नगरप्रमुख बडुवालले बताउनुभएको छ- 'विभिन्न कानुनी उपाय निकालिन्छ कानुन नमान्नेलाई कारबाही गरिन्छ।'

'हामी सबैको एउटै रहर पूर्ण सरसफाइयुक्त बाजुराका गाउँ-शहर' भन्ने नाराका साथ जिल्लास्थित गैरसरकारी संस्था यूएन हेबिटेट, किडाक र पिसविनले पूर्ण सरसफाइका लागि फोहोरमैला व्यवस्थापनसम्बन्धी गोष्ठी आइतबार मार्तडीमा सञ्चालन गरेका थिए।

गोष्ठीमा विशेष गरी होटेलबाट निस्किने फोहोरजन्य पदार्थ र रक्सीका सिसाले मार्तडी बजार दुर्गन्धित बनाएको र अपर्याप्त खानेपानी, सरकारी, गैरसरकारी सरोकावालाकै कार्यालय परिसर बढी फोहोर देखिएको बताइएको छ। सरसफाइ गुरुयोजना २०६८ अनुसार पूर्ण सरसफाइका लागि सेवा, स्वच्छता र बानी व्यवहारमा परिवर्तन गर्न सकेमात्र पूर्ण सरसफाइले लक्ष्य प्राप्त गर्ने यूएन हयाविटेटका जिल्ला संयोजक भरतकेशी बताउनुहुन्छ।

अभिमुखीकरण गोष्ठीमा बडिमालिका नगरपालिककाकी उपप्रमुख कविता विष्टले मार्तडी सरफाइका लागि अबदेखि मंगलबार, बिहीबार र शनिबार गरी हप्ताको तीन दिन ट्रिपर सेवा सञ्चालन गर्ने र बृहत् खानेपानीको तत्काल व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन योजना ल्याउने बताइन्। किडाकका कार्यक्रम अधिकृत मोहन जैशीले सदरमुकाम मार्तडीको फोटोफिचर देखाउँदै सदरमुकामको दयनीय सरसफाइलाई कसरी सुन्दर मार्तडी बनाउने भन्नेमा अभिप्रेरित गराउनुभएको थियो। उद्योग वाणिज्य संघ बजार व्यवस्थापन, सम्बद्ध सरकारी गैरसरकारी संघ-संस्थाका प्रतिनिधिको उपस्थितिमा फोहोर संकलन गर्न ट्रिपर परिचालन र सरकारी गैरसरकारी संघ-संस्थाले आफ्नो कार्यालय परिसरभित्र आफैंले सरसफाई गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।

## नगर कार्यपालिकाको बैठक बस्न नसक्दा कार्यक्रम प्रभावित

नेपाल समाचारपत्र

बैतडी

बैतडीको पाटन नगर कार्यपालिकाको बैठक बस्न नसक्दा विभिन्न काम प्रभावित भएका छन्। नगर कार्यपालिकाका सदस्यहरूबीच आ-आफ्नै अडान हुँदा बैठक बस्न नसकेको हो। नगरप्रमुखले आफ्नै तरिकाले नगरपालिकाको घर भाडामा लिएकाले आफूहरूले बैठक बहिष्कार गरेको वडा नं. ९ का वडा अध्यक्ष लोकबहादुर भण्डारीले जानकारी दिनुभयो।

नगर कार्यपालिकाले भवन आचार संहिता सबै पूरा गरेको घर भाडामा लिने निर्णय गरेको तर अहिले नगरपालिकाले लिएको घरले ती आचार संहिता पूरा नगरेकाले आफूहरूले भाडामा लिएको घरमा आयोजना गरेको बैठक बहिष्कार गरेको भण्डारीले बताउनुभयो। तर, पाटन नगरपालिकाका नगरप्रमुख केशवबहादुर चन्दले भने सबै प्रक्रिया पूरा गरी नगर कार्यपालिकाको निर्णयअनुसार घर भाडामा लिएको बताउनुभयो। घर भाडामा लिएको निहुँले बैठक बहिष्कार गर्नु उचित हुँदैन', उहाँले भन्नुभयो- 'नगरप्रमुखको हैसियतले आफूले अझै पनि नगर कार्यपालिकाको बैठक विवादरहित तरिकाले सञ्चालन गर्ने तयारी गरिरहेको छु।'

एमालेबाट निर्वाचित प्रतिनिधि र कांग्रेसबाट निर्वाचित प्रतिनिधिहरूबीच कुराकानी नमिल्दा नगर कार्यपालिकाको बैठक बस्न सकेको छैन। यसले गर्दा नगरपालिकाले सञ्चालन गर्ने योजनालगायतका कार्यक्रम प्रभावित भएका छन्।

## खोटाङमा 'पुरानो फोहोर हटाउ' अभियान

नेपाल समाचारपत्र

खोटाङ

खोटाङको रूपाकोट मझुवागढी नगरपालिकाले 'पुरानो फोहोर हटाउ' अभियान सञ्चालनको तयारी गरेको छ। वर्षौंदेखि थुप्रिएको पुरानो फोहोरमैला नहटाएसम्म नगरपालिकालाई सफा र सुन्दर बनाउन नसकिने निष्कर्षसहित पुरानो फोहोरमैला हटाउन अभियान थालिएको मझुवागढी नगरपालिकाका मेयर दीपनारायण रिजालले बताउनुभयो। पुरानो फोहोर हटाउनका लागि शनिबार नगरपालिकाले नगरबासीसँग छलफल चलाएर सुझाव संकलन गरेको छ।

पुरानो फोहोरलाई हटाएर सरसफाइका नियमित कामलाई निरन्तररूपमा सञ्चालनका लागि पुस ५ गतेदेखि एक हप्तासम्म सरसफाइ अभियान चलाइने नगरपालिकाले जनाएको छ। पुरानो फोहोर हटाउनका लागि नगरपालिकाले ल्याएको अभियानमा उत्साहित व्यवसायी, शिक्षण संस्था, स्थानीयलगायतले सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। नियमित सरसफाइ अभियान नगरपालिकाका १५ वटै वडामा लागू हुनेछ।


# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९७/१०/१३

स्वर्गारोहणः
वि.स. २०७४/०८/२०

स्व. जगतपाल श्रेष्ठ

यस संस्था तथा परिवारका अध्यक्ष समाजसेवी **जगतपाल श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि श्री पशुपतिनाथ संग प्राथना गर्दछौं।
साथै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गदछौं।

**हामा बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार**
**तथा**
**साहु राधाकृष्ण श्रेष्ठ झोछें परिवार**
**त्रिपुरेश्वर, काठमाण्डौं**

# विश्व

## विजोग

बंगलादेशको शरणार्थी शिविरस्थित खाद्यान्न वितरण केन्द्रमा पर्खेर बसेका शरणार्थी बालबालिका।



## सम्मान

स्यटर्डे नाइट लाइभका एक सदस्य पेटे डेविडसनले आफ्नो खु ामा खोपाइएको हिलारी क्लिन्टनको ट्याटु। क्लिन्टनका प्रशंसक डेविडसनले उनलाई आफ्नो नायक भएको बताए। क्लिन्टनलाई क्रिसमस उपहारका रूपमा ट्याटु बनाएको उनले बताए।



विश्व २ मिनेट

**अमेरिका**

### जेरुसलम विवाद

राष्ट्र संघ, (एजेन्सी)

राष्ट्र संघीय सुरक्षा परिषद्ले जेरुसलमलाई अमेरिकाले इजरायली राजधानीका रूपमा मान्यता दिएकोमा उक्त शहरको नयाँ दर्जाको कुनै वैधानिकता नहुने र पुरानो स्थितिमा कुनै परिवर्तन नुहने अवस्था कायम राख्ने एउटा मस्यौदा ल्याउने तयारी गरिरहेको छ। उक्त मस्यौदाले अमेरिकाको मान्यतालाई उल्टाउन जोड दिनेछ। इजिप्टले उक्त मस्यौदा शनिबार वितरण गरेको थियो र परिषद्ले उक्त प्रस्तावमा छिटोमा सोमबारसम्ममा मतदान गर्नुपर्ने कूटनीतिज्ञहरूले बताएका छन्। अन्तर्राष्ट्रिय मान्यतालाई लत्याउँदै यसै महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेरुसलमलाई इजरायली राजधानीको मान्यता दिएको थियो।

**अर्जेन्टिना**

### नौसेना प्रमुख बर्खास्त

ब्युनस आयर्स, (एजेन्सी)

गत महिना दक्षिणी आन्ध्रमहासागरमा बेपत्ता भएको पनडुब्बी फेला नपरेपछि अर्जेन्टिनाका नौसेना प्रमुखलाई बर्खास्त गरेको छ। अर्जेन्टिनाका रक्षा मन्त्री शुक्रबार राति एमम मासेलो सुरलाई पदबाट हटाएको थियो। एआरए सैन ख्वान नामक पनडुब्बी इलेक्ट्रिक समस्याका कारण पेटागोनियाको तटबाट केही दूरीमा ४४ जना चालक दलका सदस्यसहित बेपत्ता भएको थियो। त्यसको लगत्तै खोजका लागि अन्तर्राष्ट्रिय स्तरमा अभियान चलाएको भए पनि असफल भएको थियो। चालक दलका सदस्य कोही पनि जीवित हुने सम्भावना नरहेको कारण बचाउ अभियान अन्त्य गरिएको थियो।

**भारत**

### बलात्कारीलाई मृत्युदण्ड

नयाँदिल्ली, (एजेन्सी)

बालबालिकालाई बलात्कार गर्नेहरूलाई अपराध भएको ६ महिनाभित्र मृत्युदण्ड दिनुपर्ने कुरा भारतमा महिला अधिकारका लागि एक प्रभावशाली अभियन्ताले बताएकी छिन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखेर स्वाती मालिवाल नामक ती अभियन्ताले सो माग गरेकी हुन्। संयोगवश नयाँ दिल्लीमा गुड्दै गरेको बसमा २३ वर्षीया ज्योति सिंह नामक छात्रालाई बलात्कारपछि हत्या गरिएको दिनको पाँचौं वार्षिकीको दिन शनिबार उनले सो आवाज उठाएकी हुन्। महिलाका लागि दिल्ली आयोगका अध्यक्ष मालिवालले विगत ५ वर्षदेखि यस सम्बन्धमा केही पनि परिवर्तन नभएको बताएकी छिन्।

**नेदरल्यान्ड**

### गोप्य कार्यक्रम

न्युयोर्क, (एजेन्सी)

अमेरिकी रक्षामन्त्रालयले अज्ञात उडन तस्करी ( युएफओ ) बारे अनुसन्धान गर्न गोप्य रूपमा लाखौं डलरको कार्यक्रम सञ्चालन गर्दै आइरहेको अमेरिकी सञ्चार माध्मको एक प्रतिवेदनमा जनाइएको छ। सन् २००७ देखि शुरू भएको उक्त कार्यक्रमबारे थोरै सरकारी अधिकारीलाई मात्र जानकारी रहेको जनाइएको छ। सो कार्यक्रम सन् २०१२ मा बन्द गरिएको थियो। दि न्युयोर्क टाइम्सले उक्त एडभान्स एरोस्पेस थ्रेट आइडेन्टिफिकेसन प्रोग्रामले तीव्र गतिमा हुँइकिदैं गरेका अज्ञात विमानहरूको अभिलेख राख्ने तथा अध्ययन र अनुसन्धान गर्ने गरेको जनाएको छ।

# चीनको सी ९१९ विमानको दोस्रो नमुनाको परीक्षण उडान

बेइजिङ, (एजेन्सी)

चीनले आइतबार घरायसी प्रविधिको प्रयोग गरी विकाश गरेको सी ९१९ यात्रुवाहक जेटको दोस्रो नमुनाले संघाईमा परीक्षण उडान भरेको सरकारी टेलिभिजनले जनाएको छ। यसलाई विश्व जेट विमान बजारमा चीनको महत्वकांक्षा पूरा गर्ने अर्को महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ।

यस्ता ६ वटा नमूना विमानले परीक्षण उडान भर्ने चाइना सेन्ट्रल टेलिभिजनले जनाएको छ। यसमा इन्जिनको परीक्षणलाई विशेष केन्द्रित गरिनेछ। जनवरीको अन्त्यसम्ममा अर्को लामो दूरीको परीक्षण उडान गर्ने उद्देश्य लिएको चिफ इन्जिनियर वाङ वेइले बताएका छन्। १ हजारभन्दा धेरै परीक्षण हुने उनले जानकारी दिएको टेलिभिजनले जनाएको छ।

वोइङको ७३७ र एयरबसको ए ३२० सँग प्रतिस्पर्धा गर्ने उक्त साँगुरो आकारको विमानलाई विश्व यात्रुबाहक जेट विमान बजारमा छिर्ने चीनको महत्वाकांक्षाको प्रतीकका रूपमा लिइएको छ। यो बजार आगामी २० वर्षमा २० खर्ब डलर पुग्ने अनुमान गरिएको छ।




सी ९१९ ले धेरै पटकको रोकावटपछि मे ५ मा पहिलो उडान भरेको थियो। विश्लेषकहरूले यसअघिका परीक्षण उडानबीच लामो समयको अन्तराल रहेकोमा प्रश्न उठाएका छन्।

यसले पहिलो लामो दूरीको उडान नोभेम्बर १० मा पूरा गरेको थियो। २ घण्टा २३ मिनेटको उडानका क्रममा विमानले सांघाईबाट मध्य चिनियाँ शहर सियानमा अवतरण गर्ने क्रममा १ हजार ३ सय किलोमिटरको दूरी पूरा गरेको थियो। यस उडानका क्रममा विमान ७ हजार ८ सय मिटरसम्मको उचाइमा पुगेको थियो।

यसका निर्मार्ता कमर्सियल एयरक्र्याफ्ट कर्पोरेसन अफ चाइना (कोमाक)ले उक्त पहिलो उडानलाई विमानको हवाई उडान प्रमाणिकरणका लागि कोशेढुंगा भएको बताएको छ।

कोमाकले चीनलगायत युरोपको उड्यान सुरक्षा नियमकबाट विमानका लागि योग्य प्रमाणीकरण हासिल गर्ने उद्देश्य लिएको छ। उक्त विमानका लागि दर्जनौं ग्राहक आइसकेको र उनीहरूले ७ सय ८५ जेटका लागि अर्डर तथा प्रतिबद्धता व्यक्त गरिसकेको कोमाकले बताएका छन्।

# सिड्नीमा उत्तर कोरियाली एजेन्ट पक्राउ

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाली संघीय प्रहरी (एएफपी) ले सिड्नीमा उत्तर कोरियाका लागि आर्थिक एजेन्टको भूमिका निभाउँदै आएको अभियोगमा एकजना पुरुषलाई गिरफ्तार गरेको आइतबार जनाएको छ। ५९ वर्षीय चान हान चोइ नामक ती व्यक्तिलाई उत्तर कोरियाबाट अवैध सामान आयात गर्न मध्यस्थता गरेको र आम विनाशकारी हातहतियार आपूर्ति गर्ने बारे पनि छलफल गरिरहेको अभियोग लगाइएको छ।

प्रहरीले उनले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् र अस्ट्रेलियाले उत्तर कोरियामाथि लगाउँदै आएको नाकाबन्दी उल्लंघन गरेको बताएको छ। अस्ट्रेलियामा ३० वर्षभन्दा लामो समयदेखि बसोबास गर्दै आएका चान विरुद्धको यस्तो मुद्दा अस्ट्रेलियाको इतिहासमै पहिलो हो।



साथै सन् १९९५ को अस्ट्रेलियाको आम विनाशकारी हातहतियार कानुनअन्तर्गत कसैलाई मुद्दा दायर गरिएको यो पहिलो घटना हो। प्रहरीले चानको उत्तर कोरियाका उच्च पदस्थ अधिकारीहरूसँग सम्पर्क रहेको प्रमाणहरू फेला परिसकेको बताएको छ।

उनी विरुद्ध ब्यालेस्टिक क्षेप्यास्त्र प्रविधिलगायत उत्तर कोरियाको हातहतियार कार्यक्रमसम्बन्धी सूचना विदेशी संघसंस्थालाई बिक्री गरी प्योङयाङको सरकारलाई आर्थिक स्रोत जुटाइदिने गरेको अभियोग लगाइएको छ। साथै उनलाई भियतनाम र इन्डोनेसियाका विभिन्न समूहलाई उत्तरको कोइला बेच्न पनि मध्यस्थता गरेको अभियोग लगाइएको छ।

# चर्च आक्रमणमा पाँच व्यक्तिको मृत्यु

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको एउटा चर्चमा बन्दुक र आत्मघाती बमबाट गरिएको आक्रमणमा कम्तिमा ५ व्यक्तिको ज्यान गएको आइतबार सञ्चार माध्यमले जनाएको छ। सो आक्रमण अफगानिस्तानको सिमानादेखि करिब ६५ किमि टाढाको क्वेटा शहरमा भएको प्रहरीले जनाएको छ।

विस्फोटक पदार्थ भरिएका भेस्ट लगाएका अज्ञात बन्दुकधारीहरू जबर्जस्ती चर्चमा प्रवेश गर्न खोज्दा अन्य १ दर्जनभन्दा बढी घाइते भएका छन्। गृहमन्त्री सरफराज बुग्टीले २ जना आक्रमणकारीलाई प्रवेशद्वारमै रोकिएको बताएका छन्। उनले यदि तिनीहरूलाई त्यहाँ नरोकिएको भए सयौं व्यक्तिको ज्यान सक्ने ट्विटरमार्फत जानकारी दिएका छन्।

बालुचिस्तान प्रहरीले मात्र १६ मिनेट लामो अपरेसनमा समस्या सामाधान गरेको थियो। एकजना पुरुषले आफूले लगाएको भेस्ट विस्फोट गराएका थिए भने अर्को प्रहरीसँग भएको भिडन्तमा मारिएका थिए। उर्दू भाषाको स्थानीय टेलिभिजन च्यानलले सुरक्षा फौजले सो क्षेत्रमा खोजीकार्य शुरू गर्दै उच्च संवेदनशील स्थलहरूमा थप सुरक्षाको व्यवस्था गरेको जनाएको छ।

पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ता डा. मोहमद फैसलले क्वेटाको जार्घुन रोडस्थित चर्चमा भएको यस घटनाको आलोचना गरेका छन्। पाकिस्तानको सुन्नी मुश्लिम क्षेत्रमा विशेष गरी हाजारा सिया मुश्लिम समुदायमाथि लक्षित आत्मघाती बम आक्रमण हुनु सामान्य घटना जस्तै बनिसकेको छ। तर अल्पमत इसाइ समूहमाथि पनि धमाधम आक्रमण हुन थालेपछि क्वेटाका चर्चमा गार्डको व्यवस्था गरिएको थियो।



# ३ माइल फराकिलो छुद्रग्रह पृथ्वीको नजिक



नासा, (एजेन्सी)

कुनै दिन पृथ्वीसँग ठोक्किन सक्ने सम्भावना बोकेको र नासाले 'सम्भावित विनाशकारी' को दर्जामा राखेको ३ माइल फराकिलो एउटा छुद्र ग्रह पृथ्वीको नजिकबाट प्रस्थान गरेको छ।

तर अहिले ६२ लाख माइलको दूरी प्रस्थान गरेको उक्त आकाशीय पिण्डनजिक भनेको चिन्ता लिनुपर्ने गरी नजिक भने होइन। चन्द्रमाले पृथ्वीलाई आफ्नो कक्षामा परिक्रमा गर्दा ऊसँगको दूरी औषतमा २ लाख ४० हजार माइल हुन्छ। यसको तुलनामा उक्त छुद्रग्रह पृथ्वीबाट २५ गुणा टाढा पर्न आउँछ।

यद्यपि यो आकारको पिण्ड ६२ लाख माइलको दूरीमा आउनु भनेको कुनै सौखिन खगोलशास्त्रीले सापेक्षिक रूपमा सानो टेलिस्कोपबाटै अवलोकन गर्न सकिने छोटो दूरी हो।

३२०० पायथोन पृथ्वीनजिकबाट यात्रा गरिरहँदा यसले आफ्नो चिन्ह छोडेर गएको छ। नासाका अनुसार गत हप्ता पृथ्वीमा देखिएको जेमिनिड उल्कापात ३२०० पायथोनसँग सम्बन्धि हुनसक्छ। नासाले ३२०० पायथोन र ती उल्काहरूको कक्षमा समानता रहेकाले उक्त छुद्रग्रह उल्काहरूको मादा पिण्ड हुन सक्ने बताएको छ।

धेरैजसो उल्कापातका लागि छुद्र ग्रहभन्दा पुच्छ्रेताराहरूका कारण हुने गर्छ। पृथ्वीसँग नजिकिने क्रममा पुच्छ्रेताराले छोड्ने कणहरू पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ने क्रममा उल्कापातको वर्षा गराउँछ।

सौर्य प्रणालीमा कयौं छुद्र ग्रहहरू छन् तर थोरै मात्र खतरायुक्त छन्। किनभने ३२०० पायथोनले अत्यन्तै ठूलो अन्डाकार पथमा ५ सय २३ दिनमा सूर्यको परिक्रमा गर्छ र उक्त छुद्रग्रह कहिलेकाहीँ मात्रै पृथ्वीको कक्षनजिक आउने गर्छ। यस्तोमा कुनै दिन पृथ्वीसँग ठोक्किन सक्ने खतरा भने रहेको हुन्छ।

३ माइल फराकिलो छुद्रग्रह ठोक्किँदा पृथ्वीलाई कति विनाश गर्न सक्छ भन्ने यकिन छैन र यो जल वा स्थल, कुन ठाउँको त्यसमा पनि निर्भर गर्छ। डाइनोसरको लोप हुनुको प्रमुख कारण मानिएको छुद्रग्रह ६ दशमलव २ माइल फराकिलो रहेको वैज्ञानिकहरूले बताएका छन्। उक्त ठोक्काइपछि वायुमण्डलमा बाक्लो जिप्सम जम्मा भएको र त्यसले सूर्यको प्रकास सम्भवतः वर्षौंसम्म सतहसम्म आउनबाट रोकेको थियो। यसले पृथ्वीका धेरै जीव नष्ट भएका थिए।

# 'चीनसँग पनि उत्तर कोरियाको युद्धको खतरा'

बेइजिङ, (एजेन्सी)

चाँडै नै संयुक्त राज्य अमेरिका मात्र नभई चीन आफैं पनि उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनसंग डरलाग्दो युद्धमा फस्नुपर्ने खतरा धेरै नै रहेको चीनका केही प्रतिष्ठित राष्ट्रिय सुरक्षा विशेषज्ञहरूले राजधानी बेइजिङमा आयोजित एक सम्मेलनमा जानकारी दिएका छन्।

बेइजिङस्थित रेन्मिन युनिभर्सिटी अफ चाइनाको अमेरिकी अध्ययन केन्द्रका निर्देशक तथा कूटनीतिक मामिलासम्बन्धी चिनियाँ राज्य परिषद्का लागि सन् २०११ को फेब्रुअरीदेखि सल्लाहकार रहेका सी यिन्होङले उक्त सम्मेलनमा सो विचार व्यक्त गरेका हुन्।,

'उत्तर कोरिया टाइम बम हो। हामीले विस्फोटलाई ढिलो मात्र पार्न सक्छौं तर त्यो पड्किन पनि सक्छ।' उनको यस भनाइलाई दी साउथ चाइना मर्निङपोस्टले शनिबार जनाएको छ। चीनको महत्त्वपूर्ण सैनिक क्षेत्र नान्जिङ सैनिक क्षेत्रका पूर्वउपकमान्डर वाङ होंगगुआङले पनि चाँडोमा मार्चदेखि नै युद्ध शुरू हुने बताएका छन्।

सो महिनामा अमेरिका र दक्षिण कोरियाबीचको वार्षिक संयुक्त सैनिक अभ्यास हुने भएकाले सो अवधि निकै खतरानाक हुने उनले बताएका छन्। उक्त सम्मेलनमा वाङले उत्तर पूर्वी चीनले युद्धका लागि प्रतिरक्षा अभ्यास शुरू गर्नुपर्ने राय सुझाव दिएका छन्।

विवादास्पद आणविक कार्यक्रमको कारण विश्वका अन्य नेताहरूसँग उत्तर कोरियाको सम्बन्ध चिसिएको बेला चीनका अधिकारीहरूले भने प्योङयाङसँग सम्बन्ध सुधार्न खोजिरहेका छन्। तर चीनका स्थानीय सरकारहरूले यदि उत्तरसँगको कूटनीतिक प्रयास असफल भएको खण्डमा हुन सक्ने सम्भावित युद्धका लागि तयारी गरिरहेका छन्।



लाम बसेर सवारी चढ्दा जो पहिले आएको हो त्यसले पहिलो प्राथमिकता पाउने छ। अघिल्लो सार्वजनिक यातायातमा चढ्न नपाएका यात्रु लगत्तै पछिल्लोमा जान पाउनेछन्।

# चिकित्सक नै गर्छन् एम्बुलेन्सको दुरूपयोग



पुष्कर बुढाथोकी, भक्तपुर

पक्कै पनि समय र छालले कसैलाई पर्खंदैन। यसले पनि जनाउँछ कि जीवनमा समयको कति महत्त्व छ। अझ समयमै अस्पताल पुग्न ढिलाई भएर कतिपय बिरामीको ज्यान गएको हामीले देखेसुनेकै विषय हो। यसबाट पनि झल्कन्छ बिरामीलाई छिटो अस्पताल पुर्‍याउने एम्बुलेन्सको महत्त्व।

लापरवाही नहोस् भन्नेतर्फ पनि संघ सचेत रहेको बताउनुभयो।

संघका सचिव सीताराम खिउँजुले एम्बुलेन्सको उपयोग सम्बन्धमा चालकहरू जानकार हुनुपर्ने बताउँदै बेला-बेलामा भएका एम्बुलेन्स दुरूपयोग र चालकबाटै लापरवाही भएका घटनालाई मनन् गरी संघ सचेत र चनाखो भई यससम्बन्धी नराम्रा धारणा, भ्रम र दुरूपयोगलाई चिर्न हरदम प्रयासरत रहेको बताउनुभयो।

**आगामी दिनमा चालकलाई क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने बताउँदै सचिव खिउँजुले आकस्मिक सेवाका दमकल, शववाहन, ट्राफिक प्रहरीसमेतको समन्वयमा सेवालाई प्रभावकारी, सहज र सरल बनाइने बताउनुभयो।**

तर जीवन र मृत्युको दोसाँधमा छटपटाइरहेका बिरामीलाई स्वस्थ जीवन दिन छिटो अस्पताल पुर्‍याउन प्रयोग हुने एम्बुलेन्सको यदाकदा दुरूपयोग भइरहेको गुनासो आइरहेका बेला एम्बुलेन्स चालक संघले एम्बुलेन्सको दुरूपयोग नहोस् भन्नेतर्फ आफूहरू सचेत रहेको जनाएको छ।

भक्तपुर जिल्ला एम्बुलेन्स चालक संघका अध्यक्ष बुद्धकृष्ण बागश्रेष्ठले एम्बुलेन्सको दुरूपयोग नहोस् भन्नेतर्फ आफूहरू सचेत रहेको बताउँदै यस विषयलाई लिएर संघले सम्बन्धित संस्थालाई एम्बुलेन्स दुरूपयोग नगर्न पत्राचार गरेको बताउनुभयो। केही संस्थाले एम्बुलेन्सको दुरूपयोग रोक्न अझै पनि ध्यान नदिएको उल्लेख गर्दै उहाँले त्यसमा चालकको संलग्नता र चालकको

समयमै एम्बुलेन्स सेवा नपाएर बिरामीको अकालमै मृत्यु नहोस् भन्नेतर्फ समेत आफूहरू सचेत रहेको बताउँदै उहाँले एम्बुलेन्सको गलत प्रयोग कम गर्नतर्फ संघले पहल गरिरहेको उल्लेख गर्नुभयो।

अध्यक्ष बाघश्रेष्ठले भन्नुभयो- 'अहिले पनि कतिपय एम्बुलेन्स प्रदायक संघसंस्थाका प्रमुख र चिकित्सकहरू एम्बुलेन्सको महत्त्वलाई नबुझेझैं गरी बिरामीका लागि प्रयोग हुने एम्बुलेन्समा आफैं आवत-जावत गरेको पाइन्छ, यसतर्फ हामीले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छौं।'

आगामी दिनमा चालकलाई क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने बताउँदै सचिव खिउँजुले आकस्मिक सेवाका दमकल, शववाहन, ट्राफिक प्रहरीसमेतको समन्वयमा सेवालाई प्रभावकारी, सहज र सरल बनाइने बताउनुभयो। संघका कोषध्यक्ष सैलेन छुंकाले बिरामीलाई यथासक्य छिटो अस्पताल पुर्‍याउन ट्राफिक जाम र जथाभाबीरूपमा गरिने सवारी पार्किङले समस्या भएको बताउँदै ट्राफिक व्यवस्थापनलाई सरल बनाउनुपर्नेमा जोड दिनुभयो। भक्तपुर जिल्लाका करिब ४० प्रतिशत बिरामी उपचारका लागि काठमाडौं र १५ प्रतिशत बिरामी काभ्रेमा समेत जाने गरेको उहाँले बताउनुभयो।

उहाँ भन्नुहुन्छ- 'एकातिर बिरामीलाई छिटो अस्पताल पुर्‍याउनुपर्ने बाध्यता, अर्कोतिर गाडी जाम र बिरामीका आफन्तको छिटो अस्पताल पुर्‍याउने दबाब, यस्तै बेला कति बिरामी त बीच बाटोमै बित्छन्, यस्तै अप्ठ्यारोबीच हामीले काम गरिरहेका छौं।'

एम्बुलेन्सको प्रभावकारी र छिटो सेवा तथा एम्बुलेन्स चालकको हकहितका लागि समेत केन्द्रित रहेको संघले जनाएको छ।

भक्तपुर जिल्ला एम्बुलेन्स चालक संघले सल्लाघारीमा आयोजना गरेको चौथो वार्षिक साधारणमा बोल्दै महानगरीय ट्राफिक प्रहरी परिसर भक्तपुरका प्रमुख गोपाल पोखरेल, डा.ईवामुरा अस्पतालका सञ्चालक समिति अध्यक्ष पुष्पमान अमात्य, डा.ईवामुरा अस्पतालका व्यवस्थापक रन्जित मारिखु, मध्यपुर अस्पतालका दीपक डोटेल, भक्तपुर मिनीबस सेवा समितिका अध्यक्ष दिनेश प्रधान, मेघा अस्पतालका अध्यक्ष किशोरजंग राणालगायतले एम्बुलेन्स सेवाको महत्त्वमाथि प्रकाश पार्दै एम्बुलेन्सको प्रभावकारी प्रयोगमा जोड दिनुभयो। संघले भक्तपुर जिल्लाभित्र २६ वटा एम्बुलेन्स र ४ वटा शववाहनसमेत गरी ३० वटाबाट आकस्मिक सेवा प्रदान गर्दै आएको जनाएको छ।

# माघदेखि सवारीचालकलाई अनिवार्य पोसाक

प्रशान्त वली, काठमाडौं

ट्राफिक प्रहरीले यात्रुलाई सवारीसाधनमा लामबद्ध भएर यात्रा गर्न आग्रह गरेको छ भने चालकलाई सचेत गराएको छ। सवारी दुर्घटना न्यूनीकरण गर्न र सवारीसाधनमा यात्रुको क्षमताअनुसार यात्रा गर्ने परिपाटीको विकासका लागि ट्राफिकले यस्तो अभियान चलाएको हो।

'हुलमुलमा हैन, लाइन लागेर' भन्ने मूल हेतुका साथ ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरण गर्न योजना बनाएर अभियान शुरू गरेको हो। रत्नपार्क-ग्वार्को सडकखण्डमा सवारी चलाउँदै आउनुभएका बा३ख २७४० नम्बरका माइक्रोचालक जोन लामाले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'ट्राफिकको अभियान निकै राम्रो लाग्यो । अब हामीले यात्रुलाई यात्रा गर्दा अशक्त, अपांग, महिलालाई प्राथमितामा राखेर सवारीमा बस्ने व्यवस्था मिलाउँछौं।' यात्रु रविन महर्जनले यो अभियान नारामा मात्रै सीमित नभई दीर्घकालीन समयसम्म लागू हुन सके यात्रु लाभान्वित हुने बताउनुभयो। सार्वजनिक सवारीसाधनमा चढ्दा बलिया व्यक्ति जबरजस्ती चढेर सिटमा बस्ने र बालबालिका, वृद्ध, अशक्त, महिला र सुत्केरीले सिट नपाएपछि महानगरीय ट्राफिक प्रहरी महाशाखाले लाम बसेर सवारी चढ्ने व्यवस्था मिलाउन लागेको हो।

महाशाखाका सह-प्रवक्ता मुकुन्द मरासिनीले सवारी प्रयोगमा अनुशासन भित्र्याउनका लागि एक हप्तासम्म ट्राफिक फिल्डमै उत्रिएर यात्रुलाई प्राथमिकताका आधारमा यात्रा गराउने बताउनुभयो।

महाशाखाले आइतबारदेखि काठमाडौं उपत्यकाका १० स्थानमा लाम लागेर सवारी चढ्ने व्यवस्था मिलाएको हो। एनएसी, रत्नपार्क, भृकुटीमण्डप, सामाखुशी, बानेश्वर, कोटेश्वर, कुपण्डोल, जडीबुटी र चावहिलमा यात्रुहरूलाई लाममा बसेर सवारीसाधन प्रयोग गर्न आग्रह गरिएको थियो।।

लाम बसेर सवारी चढ्दा जो पहिले आएको हो त्यसले पहिलो प्राथमिकता पाउने छ। अघिल्लो सार्वजनिक यातायातमा चढ्न नपाएका यात्रु लगत्तै पछिल्लोमा जान पाउनेछन्।

महाशाखाले सो अभियान एक हप्तासम्म प्रत्येक दिन बिहान-बेलुका कार्यालय सञ्चालन हुने समयमा चलाउने छ। शुरूको समयमा अभियान सञ्चालनमा केही समस्या परे पनि विस्तारै बानी पर्दै जाने महाशाखाले जनाएको छ।

सो अभियानलाई सहयोग पुर्‍याउन महाशाखाले स्काउट र स्वयंसेवकसमेत परिचालन गरेको छ। यस्तै आगामी माघ पहिलो सातादेखि काठमाडौं उपत्यकाभित्रका भाडाका सवारी चालकहरूले अनिवार्य पोसाक लगाउनुपर्ने भएको छ। पेसाप्रति अनुशासित र जिम्मेवार बनाउन प्रहरीले पोसाक अनिवार्य लगाउनुपर्ने व्यवस्था गर्न लागेको हो।

महानगरीय ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग, व्यवसायी र निजी विद्यालयका प्रतिनिधिबीच भएको छलफलले चालकलाई पोसाकको व्यवस्था गर्ने निर्णय गरेको हो।

पोसाकको रंग भने अझै टुंगो लागिनसकेको र सम्बन्धित समिति पोसाक छनोटमा लागिरहेको महाशाखाका सहप्रवक्ता मुकुन्द मरासिनीले बताउनुभयो। उहाँले भन्नुभयो- 'पोसाक आफैं चालकले किन्नुपर्नेछ। सम्बन्धित यातायात समितिले समन्वयको भूमिका निर्वाह गर्नेछन्। यो महिनाभित्र कपडा फाइनल भएर सिलाउन दिने गरी तयारी थालिएको छ। पोसाकमा सर्ट, पाइन्ट र जुत्ता अनिवार्य हुनेछ। समितिले कपडाको नमुना दिएपछि चालक आफैं टेलरमा पुगेर सिलाउन जाने गरी तयारी गरेका छौं।'

ट्राफिकका अनुसार काठमाडौं उपत्यकामा करिब ३ लाख सवारीहरू गुडिरहेका छन्। पोसाक सर्वसाधारण यात्रु बोक्ने सबै किसिमका सवारीसाधनदेखि विद्यालयका सवारीसाधन चलाउने र ट्याक्सीका चालकहरूसमेतलाई क्रमिक रूपमा अनिवार्य गर्दै लगिने भएको छ।

# सिंहदरवारभित्रै चोरी

काठमाडौं, (नेस)



सिंहदरवारभित्र रहेको स्थानीय विकास तथा संघीय मामिला मन्त्रालयको पार्किङमा पार्क गरी राखेको गाडीका ४ वटै टायर चोर्ने चोरलाई प्रहरीले पक्राउ गरेको छ। सिंहदरवारमा पार्किङ गरी राखेको गाडीको टायर ललितपुरको एउटा मोटर ग्यारेजमा फेला परेको छ।

टायर चोरीमा सिंहदरवारस्थित सरकारी कार्यालयकै चालकको संलग्नता रहेको प्रहरीले जानकारी दिएको छ। सोही मन्त्रालयको सस्पेन्सन ब्रिज शाखाको बा१ भ २९२७ नम्बरको टोयटा हाइलक्स गाडीका चारवटै टायर चोरी भएको थियो। घटना सार्वजनिक भएको केही घन्टामै प्रहरीले चोरी भएको टायर ललितपुरको यूएन पार्कनजिक वाराही टायर सर्भिस सेन्टरमा फेला परेको प्रहरीले जानकारी दिएको छ। उक्त गाडीका टायर सरकारी चालक चन्द्रबहादुर मोक्तानले चोरी गरेको पनि प्रहरीले जानकारी दिएको छ।

## तीनदिन...

अहिले तराईमा बढेको बाक्लो हुस्सुकै कारणले तराईका विमानस्थलको हवाई सेवा अवरुद्ध हुन थालेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

'बढ्दो थिकफग (बाक्लो हुस्सु) का कारण हिजो-आज तराईका विमानस्थलमा पर्याप्त हवाई भिजिविलिटी छैन, मध्य दिउँसोसम्म समेत मौसममा सुधार नआउँदा हवाई सेवा प्रभावित बन्न थालेको हो' -महाशाखाकी मौसमविद् शान्ति कँडेलले प्रष्ट्याउँदै भन्नुभयो। प्राय बिहान ११ बजेपछि मौसम खुल्ने गरे पनि आइतबार दिउँसो ३ बजेको हाराहारीमा पनि धनगढीबाहेक धेरै स्थानको मौसम पूर्णरूपमा नखुलेको उहाँले बताउनुभयो।

आइतबार मध्यान्ह्नपछि मध्यपश्चिम र सुदुरपश्चिमको मौसममा केही सुधार आएको थियो। महाशाखाले आइतबार दिउँसो गरेको अनुगमनअनुसार धनगढीको हवाई भिजिविलिटी ६ किलोमिटर थियो भने नेपालगन्ज ५, विराटनगर २, सिमराको १ किमी र भैरहवाको ८ सय मिटर थियो। सामान्यता २ किमीभन्दा कमको भिजिविलिटी आन्तरिक उडानका लागि उपयुक्त मानिँदैन। तर विज्ञहरू भने विमानस्थल र विमानस्थल आसपासको भू-बनोट साथै जहाजको प्रकृति अनुसार भिजिविलिटीको न्यूनतम शर्त लागू हुने बताउँछन्।

मध्य हिउँद् भर्खरै शुरू भएकाले अहिले बढिरहेको तुवाँलो र हुस्सुको प्रभावमा तत्काल सुधार आउने मौसमी संकेत विकास नभएको मौसमविद्हरू बताउँछन्। 'अझै तराईमा शितलहर शुरू भइसकेको छैन, शीतलहरले समेत तराईको जनजीवन र हवाईसेवा झनै प्रभावित हुने गर्छ' -एक मौसमविद्ले भने।

## ९५४४७४१...

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले हस्ताक्षर गरेर पठाएको मतपरिणाममा आयोग सचिव बेगेन्द्रराज शर्मा पौड्यालको नेतृत्वमा रहेको समानुपातिक मुख्य निर्वाचन अधिकृतले रुजु गर्ने कार्य भइरहेको आयोगले जनाएको छ। 'यो काम अत्यन्त संवेदनशील हो। त्यसैले जिल्ला जिल्लाबाट पठाएको मतको आँकडाको परीक्षण हुने काम भइरहेको छ' -प्रवक्ता ढकालले भन्नुभयो।

यो सकिएपछि मात्र आयोगले औपचारिकरूपमा कुन दलले कति मत पायो भनेर जानकारी गराउने प्रवक्ता ढकालले बताउनुभयो। 'आयोगले वेभसाइटमा राखेको संख्यामा केही तलमाथि हुन सक्छ, ठ्याक्कै त्यही पनि हुनसक्दछ' -प्रवक्ता ढकालले भन्नुभयो। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ६० को व्यवस्थाअनुसार सबै निर्वाचन क्षेत्रबाट आयोगले विवरण प्राप्त गरिसकेपछि आयोगले दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा मतपरिणाम विभाजक सूत्रका आधारमा निर्वाचित हुने सांसद संख्या तय गर्ने आयोगले जनाएको छ।

दलहरूले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी प्राप्त गर्ने सिट संख्या बाँडफाँड गर्दा कुनै सिटमा भागफल बराबर भएमा गोला हाली सिट बाँडफाँड हुने भएको छ। मतपरिणाम विभाजक सूत्रअनुसार प्रत्येक दलका लागि खसेको मतलाई भाग गर्ने पद्धतिले निरन्तर भाग लगाइने भएको छ। यस अनुसार दलले प्राप्त गरेको मतपरिणामलाई धेरै भाजक अंकले भाग गरिन्छ। उल्टो क्रमबाट १, ३, ५, ७, ९ जस्ता बिजोर अंकले भाग गरी सिट निर्धारण गरिन्छ।

सिट संख्या ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै तोकिएको सिट नसकिँदासम्म बाँडफाँड गरिनेछ। सिट बाँडफाँड गर्दा कुनै पनि दलले जतिसुकै मत प्राप्त गरेको भए पनि त्यस्तो दलले सूचीमा सूचीकृत गरेको उम्मेदवार संख्यामा सीमित रही सिटको बाँडफाँड हुने भएको छ।

एक सिटका लागि थ्रेसहोल्ड कति कायम हुन्छ भन्ने अंकगणित नमिल्न सक्छ। मत विभाजक सूत्रका आधारमा अन्तिम सिटसम्म भाग गर्दै जाँदा आउने अन्तिम सानो एकाई एक सिट प्राप्तका लागि हुने औसत मत कायम हुन्छ। संविधानमा समानुपातिकतर्फबाट प्रतिनिधिसभामा १ सय १० सांसद निर्वाचित हुने उल्लेख गरिएको छ। प्रत्यक्षबाट १ सय ६५ प्रतिनिधिसभा सदस्य यसअघि नै निर्वाचित भइसकेका छन्।

## सरकार...

सरकारले अध्यादेश स्वीकृत गर्न दबाब दिइरहेको छ भने गलत नियतको साथ पठाइएको अध्यायदेश स्वीकृत नगर्न वाम गठबन्धनले राष्ट्रपतिलाई दबाब दिएका छन्। अध्यादेशको बारेमा प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष भेटेर नै स्वीकृत गर्न आग्रह गर्नुभएको छ।

संविधानविद् भीमार्जुन आचार्यले संविधानअनुसार सरकार गठन गरेर राष्ट्रियसभा गठन गर्नुपर्ने बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'निर्वाचन आयोगले प्रत्यक्ष र समानुपातिकतर्फको मतपरिणाम सरकारलाई बुझाएपछि नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्छ।'

संविधानमा उल्लेखित धारा ७६ अनुसार नयाँ सरकार गठनमा राष्ट्रियसभाको सरोकार छैन। प्रधानमन्त्री देउवाले राष्ट्रियसभामा कांग्रेसको तर्फबाट प्रतिनिधित्व गराउनका लागि संविधानको अपव्याख्या गरेको आरोप वाम गठबन्धनले लगाएको छ। देउवा मन्त्रिपरिषद्ले एकल संक्रमणीय मतका आधारमा राष्ट्रियसभा निर्वाचनसम्बन्धी अध्यादेश राष्ट्रपति कार्यालयमा पठाएको थियो। तर उक्त अध्यादेश राष्ट्रपति कार्यालयमै रोकिएको छ।

संविधानविद् नीलाम्बर आचार्य राजनीतिक दलहरूको बीचमा एउटै संविधानको दुईवटा कोणबाट बहस र विश्लेषण भएपछि यसको निकासका लागि राजनीतिक दलहरूले नै सक्रिय हुनुपर्ने बताउनुहुन्छ। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'राजनीतिक दलहरूले विवाद चर्काउने होइन समाधान गर्नेतर्फ लाग्नुपर्छ, सबै बसेर संवादमार्फत् नै यो विषयको टुंगो लगाउनु उपयुक्त हुन्छ।'

# फिल्मीशैलीमा समातिए अभियुक्त

नेपाल समाचारपत्र

काठमाडौं

दुर्घटना गराए पनि नगराएको बहाना पार्न खोज्ने २ युवालाई शनिबार राति ललितपुर प्रहरीले पक्राउ गर्न सफल भएको छ। ललितपुर यूएनपार्क नजिकै दुर्घटना गराएर ड्युटीमा खटिएका प्रहरीलाई गाली गरिरहेको अवस्थामा थप अनुसन्धानबाट प्रहरीले काठमाडौं महानगरपालिका-३४ का अनिश भण्डारी र आवास पोखेललाई पक्राउ गरेको हो।

दुर्घटना गराउने गाडीको थप हुलिया नम्बर खुल्छ कि भन्दै दुवै जना घटनास्थलमै रहेका प्रहरीहरूसँग झगडा गरिरहेका थिए। दुवैले आफ्नै मोबाइलमा रगत कहाँबाट आयो भनिरहेको देखेपछि महानगरीय प्रहरी प्रभाग पुल्चोकमा कार्यरत प्रहरी निरीक्षक गोविन्द पन्थीलाई शंका लागेको थियो।

महानगरीय प्रहरी परिसर पुल्चोकमा कार्यरत प्रहरी निरीक्षक गोविन्द पन्थी राति साढे १० बजे ग्वार्को चोकमा सवारी



प्रहरी निरीक्षक गोविन्द पन्थी

चेकजाँचका लागि निस्किनुभएको थियो। यूएन पार्कमा गाडीले दुर्घटना गरायो भनेर पन्थीलाई सेटबाट रिपोर्ट आयो। लगत्तै आफ्नो कार्यक्षेत्रमा घटना घटेपछि सिल गर्न लगाएर पन्थी पुल्चोक पुग्नुभयो।

भण्डारी र पोखेलले यूएन पार्कमा ड्युटीमा खटिएका प्रहरीलाई यस क्षेत्रमा खाल्डो हुँदा पहिले पनि दुर्घटना हुने गरेको भन्दै गाली गरिरहेको प्रहरी स्रोतले जनाएको छ। प्रहरी निरीक्षक पन्थीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'दुवै जनाले झम्सीखेलबाट आएको र मीनभवन जाने बताए । हल्का मादकपदार्थ सेवन पनि गरेका थिए। हिँड्दै आएको पनि भने। हाइ प्रोफाइलका जस्ता देखिन्थे। अनुसन्धानका क्रममा भण्डारीको खल्तीमा गाडीको चाबी भेटियो।'

भण्डारीले सो गाडी अर्थ वा ऊर्जा मन्त्रालयमा होला भनेर बताए। लगत्तै सिल गरिएको सम्पूर्ण क्षेत्र सर्च गरियो। तत्पश्चात् अनुसन्धान गर्दै जाँदा ज्वागलको एक गल्लीमा बा४प ६३३२ नम्बरको सेतो कार देखियो। उक्त चाबीले कार खोल्दा कार स्टार्ट भयो। उनीहरूले गाडी आफ्नो भएको स्वीकार गरे। प्रहरीले किन गाडी यहाँ राखेको भनेर सोधपुछ गर्दा प्रतिक्रिया थियो- 'हामीले यहाँ गाडी राखी आफ्नो गाडीमा के ठक्कर लाग्न आएको रहेछ, को रहेछ, भनी हेर्न आएका हौं।'

लगत्तै कुरा फेरिएपछि प्रहरी निरीक्षक पन्थीले दुवै जनालाई नियन्त्रणमा लिनुभयो। घाइते बाराका जवेद खानलाई गाडी मगाएर पाटन अस्पताल पठाइएको प्रहरी निरीक्षक पन्थीले बताउनुभयो। घाइतेको कोही आफन्त नखुलेपछि बेवारिसे हुँदा घाइते खानलाई पाटन अस्पतालले ट्रमा सेन्टर रिफर गर्‍यो। पैदलयात्री कुपण्डोल हुँदै शंखमूलतर्फ जाँदै थिए।

निकै कठिन अवस्थामा समेत घाइतेमाथि रकमको जोहो नभएपछि खेलवाड गरिएको बुझिएको छ। ट्रमा सेन्टरमा कार्यरत प्रहरी कर्मचारीलाई प्रहरी निरीक्षक पन्थीले भन्नुभयो- 'पहिले घाइतेलाई जीवन दिने हो त्यसपछि मात्र उपचारमा लागेको खर्च कसले तिर्छ भन्ने हुन्छ। दुर्घटना गराउने व्यक्ति पत्ता लागिसकेको छ, प्रहरीको नाममा खर्च रकम राखिदिनुहोला तर, उपचारमा कुनै कन्जुस्याइँ नगर्न भन्नुहोला।' दुवै जना प्रहरी परिसर जावलाखेलको नियन्त्रणमा छन्।

# महासंघको रजत महोत्सव सम्पन्न

काभ्रे, (नेस)

'नेपालको प्रेस स्वतन्त्रता अझ संकटकालमा छ। कतै हामीले लेख्ने स्वतन्त्रता गुमाउने त हैन भन्ने चिन्ता अझै छ। लोकतन्त्रका लागि खबरदारी गर्ने पत्रकारहरूले नागरिक र राष्ट्रको हितबाहिर गएर काम गर्नुहुन्न। नागरिकको पनि आशा लाग्दो संस्था तथा पत्रकार महासंघ भनेको लोकतन्त्रको पहरेदारी गर्ने संस्था हो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका कुरामा आँच पुग्छ भने पत्रकारले नै संस्थागत रूपमा लड्नुपर्छ' -नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले भन्नुभयो। नेपाल पत्रकार महासंघ काभ्रेको रजत महोत्सव मनाइरहँदा कार्यक्रमको प्रमुख आतिथिका रूपमा रहनुभएका आचार्यले उक्त भनाइ राख्नुभएको हो।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल
रामघाट, पोखरा

**मर्मत प्रस्ताव पेश गर्ने बारे**

प्रथम पटक प्रकाशित मिति २०७४/०९/०३ गते ।

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा रहेको Philips कम्पनीको मोडल Philips Digital Diagnost को डि आर एक्सरे मेशिन मर्मत गर्न सम्बन्धित कम्पनीको आधिकारीक बिक्रता श्री Hospitec Enterprises P. Ltd काठमाण्डौंबाट उक्त मेसिनमा जडित पाट्स खरिद गरि प्रतिस्थापन गरि मर्मत गर्नुपर्ने भएको हुदाँ सो बाहेक उक्त Philips कम्पनीको मोडल Philips Digital Diagnostic डि आर एक्सरे मेशिनको लागि आवश्यक पार्टस Digital Diagnosed Break Block, Digital Diagnosed Set Hydr. Hoses & Digital Diagnosed PH High Speed Started Board तथा सो को अन्य पाट्स सप्लाइ गरी मर्मत गर्ने अन्य कुनै विकल्प वा सो कम्पनीको अन्य कुनै आधिकारीक सप्लायर्स फर्म वा बिक्रेता/संस्था भएमा सो को विवरण आधार र प्रमाण सहित यो सूचना प्रकाशित मितिले १५ दिन भित्र यस अस्पतालमा सो सम्बन्धी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

# अर्थ

2017, DEC Monday 18

२१ प्रतिशत बोनस वितरण गर्ने घोषणा गरेको यस कम्पनीको शेयर मूल्य प्रतिशेयर १ सय ७७ रुपैयाँले घटेको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

SAURABH GROUP
NS: 191
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

नेपालकै एक मात्र
युरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

## कम्पनीको नाम परिवर्तनको सूचना

साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस ड्रुप्स लिजर सेन्टर प्रा. लि. को नाम कम्पनीको मिति २०७४।०८।०७ को विशेष साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४।०८।२६ को स्विकृत निर्णयानुसार परिवर्तन भै हात्तिगौडा सुइमिङ्ग लिजर सेन्टर प्रा. लि. कायम भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ पुस ३ डिसेम्बर १८ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।१७ | १०२।७७ |
| युरो १ का रु. | १२०।०९ | १२०।८० |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३६।११ | १३६।९१ |
| स्विस फ्रन्क १ का रु. | १०३।१५ | १०३।७६ |
| अस्ट्रेलियन डलर १ का रु. | ७८।११ | ७८।५७ |
| क्यानाडियन डलर १ का रु. | ७९।४५ | ७९।९२ |
| सिङ्गापुर डलर १ का रु. | ७५।७७ | ७६।२१ |
| जापानी यन १० का रु. | ९।०८ | ९।१३ |
| चिनियाँ युआन १ का रु. | १५।४६ | १५।५५ |
| साउदी अरब रियाल १ का रु. | २७।२४ | २७।४० |
| कतारी रियाल १ का रु. | २८।०५ | २८।२२ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।१४ | ३।१६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८२ | २७।९८ |
| मलसियन रिङ्गिट १ का रु. | २५।०५ | २५।१९ |
| दक्षिण कारियन वन १०० का रु. | ९।३८ | ९।४४ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।०१ |
| डनिस क्रानर १ का रु. | १६।१३ |
| हङकङ डलर १ का रु. | १३।०८ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अनुदानको मल किसानसम्म पुगेन

हेमन्त जोशी, काठमाडौं

हिउँदे बाली लगाउनुभन्दा अघि खेतमा छरिने डीएपी रसायनिक मलको अभाव भइरहेका बेला सरकारले अनुदानमार्फत् उपलब्ध गराएको प्राङ्गारिक मलको सुविधाबाट किसान बञ्चित भएका छन्।

बाढीबाट प्रभावित जिल्लामा अनुदानमार्फत् कृषकलाई वितरण गर्न लागिएको प्राङ्गारिक मल खरिद नगर्न अदालतको अन्तरिम आदेशपछि किसान उक्त सुविधाबाट वञ्चित हुनुपरेको हो।

भर्मिक कम्पोस्ट मल (गड्यौला मल) उत्पादक कम्पनी 'दिव्या अर्गानिक फर्टिलाइजर उद्योग'ले पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेपछि अदालतले कृषि विकास मन्त्रालयलाई प्राङ्गारिक मल खरिद नगर्न अन्तरिम आदेश दिएको छ।

दिव्या अर्गानिक फर्टिलाइजरले 'प्राङ्गारिक मल अनुदान निर्देशिका- २०६८' बाट भर्मिक कम्पोस्ट मल उत्पादक निरुत्साहित भएको र सेवा सुविधाबाट बन्चित भएको भन्दै अदालतमा मुद्दा दायर गरेको कृषि विकास मन्त्रालयको कृषि सामग्री व्यवस्थापन शाखाका प्रमुख ईश्वरी पाण्डेले बताउनुभयो। पाण्डेका अनुसार पुनरावेदन अदालतले मल खरिद नगर्न दिएको अन्तरिम आदेशका सम्बन्धमा मन्त्रालयले जवाफ समेत पठाइसकेको छ। तर, अदालतले सुनुवाईमा ढिलो गर्दा मल छर्ने समय गुज्रिने देखिएको हो। तेस्रो मुलुकबाट आयात गरिएको सामान लामो समयदेखि कोलकत्ता बन्दरगाहबाट नेपाल भित्रिन नसक्दा अहिले मुलुकभर डीएपी मलको अभाव छ।

बाढीपीडित जिल्लामा मन्त्रालयले हिउँदे बालीका लागि प्राङ्गारिक मल अनुदान दिने निर्णय गरेको थियो। तर, किसानले बाली लगाउने बेला भने दुवै खालका मल पाउनबाट बञ्चित भएका छन्। यसरी एक जना उद्योगीका कारण ३० जिल्लाका कृषकले आफूले पाउनुपर्ने सुविधा गुमाउनुपर्ने अवस्था देखिएको हो।

बाढीबाट प्रभावित जिल्लामा राहात प्याकेजका रूपमा १७ करोड रुपियाँ बराबरको प्राङ्गारिक मल अनुदानमार्फत् दिने निर्णय मन्त्रालयले गरेको थियो। मंसिर पहिलो साता मल खरिदका लागि मन्त्रालय र मातहतका निकायले बोलपत्र आह्वान गरेपछि दिव्या अर्गानिक फर्टिलाइजरले मुद्दा दायर गरेको हो। बोलपत्रमा मल खरिदका लागि प्राङ्गारिक मल उत्पादक कम्पनीले निर्देशिका बमोजिम गुणस्तर कायम गरेको हुनुपर्ने उल्लेख छ। जुन गुणस्तर भर्मि कम्पोस्ट मल उत्पादक कम्पनीहरुले पूरा गर्न नसकेको देखिन्छ।

दिव्या अर्गानिक फर्टिलाइजरले पनि अदालतमा रिट दायर गर्दा कम गुणस्तर र मापदण्डका दाना तथा धुलोदार मललाई निर्देशिका बमोजिम स्वीकार गरेको तर गड्यौला मललाई कम गुणस्तर र मापदण्ड नपुगेको भन्दै उपेक्षा गर्ने गरेको उल्लेख गरेको छ। 'कम्पोस्ट मलको मापदण्ड र गुणस्तर उल्लेख नगरी अन्य कम गुणस्तरका प्राङ्गारिक मललाई मिल्नेगरि मापदण्ड तोकिएको कारण वास्तविक भर्मि कम्पोस्ट मल उत्पादन गर्ने उद्योगले राज्यबाट पाउनुपर्ने सुविधाबाट बन्चित हुनुपरेको अवस्था सिर्जना भएको छ'- दिव्या अर्गानिकले दायर गरेको मुद्दामा उल्लेख गरिएको छ।

प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८ को दफा ४ मा मलको मापदण्ड र गुणस्तरमध्ये चिस्यान प्रतिशत २० देखि ४० र न्यूनतम जम्मा नाइट्रोजन प्रतिशत १ दशमलव ५ प्रतिशत हुनुपर्ने प्रावधान रहेको छ। तर दिव्या अर्गानिकले दायर गरेको मुद्दामा सो मापदण्ड तथा गुणस्तर अनुसारको भर्मि मल उत्पादन हुन नसक्ने भन्दै उक्त निर्देशिकालाई परिमार्जनका गर्नुपर्ने उल्लेख छ।

मुद्दा दायर गर्ने कम्पनी दिव्या फर्टिलाइजरले भर्मि कम्पोस्ट मलको चिस्यान मात्रा ५० देखि ६० प्रतिशत हुनुपर्ने माग राखेको छ। मलमा चिस्यानको मात्रा बढी हुने तर नाइट्रोजन, फस्फोरस, पोटासलगायत तत्त्वहरु कम हुँदा कम गुणस्तरको हुने कारणले किसानलाई मर्का पर्ने देखिन्छ। कृषि विज्ञ तथा कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकरप्रसाद सापकोटाका अनुसार मलमा चिस्यान बढी हुनुको अर्थ त्यसमा पानीको मात्रा बढी छ भन्ने बुझिन्छ। मलमा पानीको मात्रा बढी भएपछि त्यसको तौल पनि बढी हुने र गुणस्तर कम हुने गर्दछ। 'भर्मिक मलमा ५० देखि ६० प्रतिशत पानीको मात्रा रहनुपर्ने माग गरिएको छ। हामीले किसानलाई पक्कै पनि कम गुणस्तरको मल दिन चाहान्नौं र पानीका लागि मात्रै बढी पैसा पनि तिर्न सकिँदैन।' सापकोटाले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो। निर्देशिकामा चिस्यानको मात्रा ४० प्रतिशत, नाइट्रोजन २ प्रतिशत, फस्फोरस शून्य दशमलव ७५ प्रतिशत, पोटास २ प्रतिशत हुनुपर्ने मापदण्ड तोकिएको छ।

## स्वदेशी उत्पादनको प्रयोगमा जोड

काठमाडौं, (नेस)

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको अबको मुख्य एजेन्डा नै आर्थिक समृद्धि र विकास हुने बताउनुभएको छ। लगानीमैत्री वातावरण तयार पारी मुलुकको आर्थिक विकासलाई अगाडि बढाउँदै लैजाने भन्दै उहाँले स्वदेशमै धेरै रोजगारीको सिर्जना गरेर युवाको विदेश पलायनलाई रोक्न प्राथमिकताका साथ लैजाने बताउनुभयो।

नेपाल घरेलु तथा साना उद्योग महासंघको पदाधिकारी एवं कार्यसमितिको टोलीसँग कुरा गर्दै ओलीले स्वदेशमै रोजगारी सिर्जना गर्न नै केन्द्रित रहँदै घरेलु तथा साना उद्योग, कृषि, पर्यटनमा आधारित उद्यमशीलतामा युवालाई आकर्षित गर्न जोड दिएर अगाडि बढ्ने बताउनुभएको हो। सियो, धागोदेखि चामल र तरकारी तथा फलफुलमा समेत विदेशीको भर पर्नुपर्ने अवस्थाबाट देशलाई मुक्त गर्नुपर्नेमा जोड दिँदै उहाँले देशलाई आत्मनिर्भर बनाउनुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो।

ओलीले सानो उद्योगले मुलुकलाई अग्रगामी दिशातर्फ लैजान सबैभन्दा ठूलो भूमिका खेल्न सक्ने भन्दै देशको विकास उन्नती र प्रगतिका लागि स्वदेशी उद्योग र उत्पादनलाई जस्तोसुकै सहयोग गर्ने प्रतिबद्धता पनि जनाउनुभयो। उहाँले भन्नुभयो- 'अबको सरकार सडक बनाउने, उद्योगधन्दाको विकास गर्ने, रोजगारी बढाउने, अन्य पूर्वाधारको विकास गर्ने र देशलाई उन्नत बनाउन लाग्नेछ।' मुलुकलाई आत्मनिर्भर हुने गरी पर्याप्त मात्रामा गुणस्तरीय वस्तुको उत्पादन गर्न साना तथा घरेलु उद्यमी व्यवसायीलाई उहाँको सुझाव थियो। आफ्नै कच्चा पदार्थमा आधारित उत्पादनलाई जोड दिन भन्दै ओलीले स्वदेशी उत्पादनको प्रवर्द्धनका लागि जस्तोसुकै सहयोग गर्न तयार रहेको पनि दोहोर्‍याउनु भएको थियो।

पूर्वप्रधानमन्त्री ओलीले साना तथा घरेलु उद्योगी/व्यवसायीले आर्थिक लाभसँगै मुलुकको आत्मनिर्भरतातिर लाग्न आग्रह गर्नुभएको थियो। भेटमा नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष श्यामप्रसाद गिरीले नेपालको आर्थिक रूपान्तरणको बाहक र समावेशी अर्थतन्त्र निर्माणको आधार स्तम्भ लघु घरेलु तथा साना उद्योग नीतिगत प्रष्टताको अभावमा फस्टाउन नसकेको गुनासो गर्नुभएको थियो। उहाँले नेपालमा उद्योगलाई प्रविधि प्रयोग र क्षमताका हिसाबले प्रतिस्पर्धी, पुस्ता हस्तान्तरण र युवा वैज्ञानिक र अनुसन्धानकर्ताका विभिन्न किसिमका प्रविधि तथा उपकरणको आविस्कार, खोज, र अनुसन्धानलाई उद्योग विकाससँग जोड्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो। लघु घरेलु तथा साना उद्योगको विकासमार्फत् मात्रै नेपालको आर्थिक रूपान्तरण हासिल गर्न सकिने भन्दै उहाँको जोड थियो।

अध्यक्ष गिरीले प्रदेश सरकार र स्थानीय सरकारले पनि समुन्नतिका लागि स्थानीय कला, संस्कृतिको सम्वर्द्धन र संरक्षण गर्दै स्थानीयस्तरमा पाइने कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि कार्य गर्न आग्रह गर्दै यस कार्यमा सबै स्तरमा सहयोग पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

परिसूचक निरन्तर ओरालो

## कारोबार रकममा भने वृद्धि

काठमाडौं, (नेस)

पछिल्लो समय नेप्से परिसूचक निरन्तर ओरालो लागे पनि कारोबार रकम भने सुधार आउने क्रम जारी छ। यसै क्रममा साताको पहिलो दिन तथा महिनाको पहिलो कारोबार आइतबार नेप्से परिसूचक ११ दशमलव शून्य १ अंकले गिरावट आएको छ।

परिसूचक घट्दा आइतबार कारोबार रकममा भने सुधार भएको छ। शेयर बजारमा आइतबार ५१ करोड १२ लाख १२ हजार १ सय ९२ रुपियाँको कारोबार भएको थियो। यस दिन १ सय ५८ कम्पनीका ११ लाख ६ हजार ३९ कित्ता शेयर किनबेच भए। गत बिहीबार ४५ करोड ३१ लख ४४ हजार ९ सय २९ रुपियाँको कारोबार भएको थियो। आइतबार कारोबारको शुरूआती १५ मिनेट सामान्य देखिएको बजार त्यसपछि भने लगातार घटेको थियो। १ हजार ५ सय २० दशमलव १५ अंकबाट शुरू भएको बजार सुधारिन नसक्दा बजार परिसूचक १ हजार ५ सय ९ दशमलव १४ बिन्दुमा पुगेर रोकिएको हो।

नेप्से परिसूचक घट्दा आइतबार 'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि २ दशमलव ५८ अंकले घटेर ३ सय १८ दशमलव शून्य ७ अंकमा पुगेको छ।

आइतबार कारोबारमा आएका १० समूहमध्ये ७ समूह ओरालो लाग्दा परिसूचक घटेको हो। यसदिन होटल, उत्पादनमुलक र अन्य समूह बाहेक सबै समूह ओरालो लागेका छन्। आइतबार सबैभन्दा बढी बीमा समूहमा ८८ दशमलव दशमलव ७ अंकले घटेको छ। त्यस्तै विकास बैंक समूह १८ दशमलव ६२ अंक, जलविद्युत् समूह १६ दशमलव ६२ अंक, बैंकिङ समूह १२ दशमलव ७८ अंकले घट्दा लघुवित्त, ट्रेडिङ र वित्त समूह पनि क्रमश: १२ दशमलव ४६, ९ दशमलव ३८ र ६ दशमलव ४८ अंकले ओरालो लागेका छन्।

बढ्नेमा उत्पादन समूह सबैभन्दा धेरै ३५ दशमलव १ अंकले बढ्यो। त्यस्तै होटल र अन्य समूह क्रमश: १२ दशमलव २९ र ८ दशमलव ६७ अंकले बढे। आइतबार सबैभन्दा बढी नेपाल ग्रामीण विकास बैंकको शेयरको भयो। बैंकका



६ करोड ५४ लाख रुपियाँभन्दा बढीको शेयर कारोबार हुँदा ग्लोबल आईएमई बैंकको पनि ४ करोड र स्ट्यान्डर्ड चार्टर्ड बैंकको ३ करोड रुपियाँभन्दा बढीको शेयर कारोबार भएको छ।

आइतबार बोटलर्स नेपाल तराईको शेयर मूल्य सबैभन्दा बढी ८ दशमलव ३३ प्रतिशतले बढेको छ। त्यस्तै सर्वाधिक गुमाउनेमा कालिका माइक्रो क्रेडिटका लगानीकर्ता रहेका छन्। यस कम्पनीको शेयर मूल्य ९ दशमलव शून्य ९ प्रतिशतले घटेको छ।

## SHARE MARKET

17 DECEMBER SUNDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 6121.00 | 430.00 | 423.00 | 423.00 | -2.00 |
| 2 | Api Power Company Ltd. | 2615.00 | 478.00 | 465.00 | 478.00 | -2.00 |
| 3 | Arun “inance Limited | 60.00 | 165.00 | 165.00 | 165.00 | 3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1060.00 | 360.00 | 354.00 | 360.00 | 0.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8799.00 | 217.00 | 210.00 | 210.00 | -7.00 |
| 6 | Asian Life Insurance Co. Limited | 497.00 | 1452.00 | 1440.00 | 1440.00 | -9.00 |
| 7 | Bank of Kathmandu Ltd. | 20124.00 | 414.00 | 409.00 | 413.00 | 4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 250.00 | 206.00 | 202.00 | 202.00 | 1.00 |
| 9 | Best “inance Company Ltd. | 500.00 | 140.00 | 139.00 | 140.00 | 1.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 100.00 | 173.00 | 173.00 | 173.00 | -3.00 |
| 11 | Bishal Bazar Company Limited | 815.00 | 1850.00 | 1742.00 | 1776.00 | -111.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 630.00 | 7800.00 | 7340.00 | 7800.00 | 600.00 |
| 13 | Butwal Power Company Limited | 17568.00 | 735.00 | 721.00 | 721.00 | -14.00 |
| 14 | Central “inance Co. Ltd. | 10806.00 | 185.00 | 174.00 | 179.00 | -5.00 |
| 15 | Century Commercial Bank Ltd. | 12701.00 | 220.00 | 213.00 | 215.00 | -1.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 1794.00 | 1101.00 | 1095.00 | 1095.00 | -6.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 118.00 | 184.00 | 180.00 | 184.00 | 0.00 |
| 18 | Chilime Hydropower Company Limited | 13175.00 | 953.00 | 941.00 | 945.00 | -3.00 |
| 19 | Citizen Bank International Limited | 18164.00 | 300.00 | 292.00 | 295.00 | -3.00 |
| 20 | Citizen Investment Trust | 874.00 | 3601.00 | 3595.00 | 3600.00 | -23.00 |
| 21 | Civil Bank Ltd | 6812.00 | 194.00 | 190.00 | 190.00 | -4.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 150.00 | 1020.00 | 1010.00 | 1010.00 | -15.00 |
| 23 | Deprosc Development Bank Limited | 1467.00 | 1115.00 | 1105.00 | 1115.00 | 0.00 |
| 24 | Deva Bikas Bank Limited | 4771.00 | 193.00 | 187.00 | 192.00 | 1.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 21.00 | 155.00 | 153.00 | 155.00 | 0.00 |
| 26 | Everest Bank Limited | 13697.00 | 1188.00 | 1165.00 | 1166.00 | -18.00 |
| 27 | Everest Insurance Co. Ltd. | 355.00 | 2605.00 | 2591.00 | 2605.00 | 5.00 |
| 28 | Excel Development Bank Ltd. | 80.00 | 390.00 | 390.00 | 390.00 | -2.00 |
| 29 | “irst Micro “inance Dev. Bank Ltd. | 4396.00 | 905.00 | 880.00 | 885.00 | -10.00 |
| 30 | “orward Community Mic. Bittiya San. Ltd. | 724.00 | 3505.00 | 3460.00 | 3460.00 | -70.00 |
| 31 | Gandaki Bikas Bank Limited | 326.00 | 280.00 | 268.00 | 268.00 | -13.00 |
| 32 | Garima Bikas Bank Limited | 3310.00 | 241.00 | 238.00 | 238.00 | -3.00 |
| 33 | Garima Bikas Bank Limited Pro. Share | 129894.00 | 162.00 | 162.00 | 162.00 | -3.00 |
| 34 | Global IME Bank Limited | 123952.00 | 330.00 | 325.00 | 326.00 | -4.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 4747.00 | 10.00 | 10.00 | 10.00 | 0.10 |
| 36 | Goodwill “inance Co. Ltd. | 200.00 | 160.00 | 160.00 | 160.00 | -3.00 |
| 37 | Green Development Bank Ltd. | 150.00 | 570.00 | 565.00 | 565.00 | -4.00 |
| 38 | Guheshowori Mer. Bank & “in. Co. Ltd. | 8110.00 | 189.00 | 183.00 | 183.00 | -7.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 3065.00 | 1020.00 | 1004.00 | 1004.00 | -11.00 |
| 40 | Gurkhas “inance Ltd. | 801.00 | 164.00 | 159.00 | 164.00 | -1.00 |
| 41 | Himalayan Bank Limited | 8227.00 | 843.00 | 831.00 | 835.00 | -5.00 |
| 42 | Himalayan Distillery Limited | 10.00 | 1265.00 | 1265.00 | 1265.00 | -25.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 21586.00 | 600.00 | 570.00 | 586.00 | -13.00 |
| 44 | Himalayan Power Partner Ltd. | 4410.00 | 400.00 | 393.00 | 394.00 | -3.00 |
| 45 | IC“C “inance Limited | 638.00 | 217.00 | 216.00 | 216.00 | -2.00 |
| 46 | IME General Insurance Ltd. | 200.00 | 1085.00 | 1084.00 | 1084.00 | -7.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 2870.00 | 182.00 | 179.00 | 181.00 | 0.00 |
| 48 | Janaki “inance Ltd. | 42.00 | 240.00 | 236.00 | 236.00 | -8.00 |
| 49 | Janata Bank Nepal Ltd. | 14459.00 | 242.00 | 237.00 | 238.00 | -4.00 |
| 50 | Janautthan Sam. Lag.Bikas Bank Ltd. | 44.00 | 3750.00 | 3713.00 | 3750.00 | -38.00 |
| 51 | Jebils “inance Ltd. | 500.00 | 134.00 | 133.00 | 133.00 | -2.00 |
| 52 | Jyoti Bikas Bank Limited | 6681.00 | 182.00 | 178.00 | 178.00 | -3.00 |
| 53 | Kabeli Bikas Bank Limited | 270.00 | 372.00 | 364.00 | 364.00 | -8.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 2499.00 | 241.00 | 238.00 | 239.00 | -3.00 |
| 55 | Kalika Microcredit Dev. Bank Ltd. | 6182.00 | 1997.00 | 1772.00 | 1780.00 | -178.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 10321.00 | 196.00 | 191.00 | 195.00 | 2.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 2364.00 | 173.00 | 170.00 | 170.00 | -3.00 |
| 58 | Karnali Development Bank Limited | 1170.00 | 265.00 | 262.00 | 265.00 | -2.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 170.00 | 160.00 | 153.00 | 157.00 | 1.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 66.00 | 2305.00 | 2260.00 | 2305.00 | 5.00 |
| 61 | Kuber Merchant “inance Limited | 1240.00 | 221.00 | 210.00 | 210.00 | -15.00 |
| 62 | Kumari Bank Limited | 11018.00 | 302.00 | 296.00 | 298.00 | -3.00 |
| 63 | Lalitpur “inance Ltd. | 4170.00 | 218.00 | 200.00 | 200.00 | -14.00 |
| 64 | Laxmi Bank Limited | 10378.00 | 274.00 | 266.00 | 266.00 | -5.00 |
| 65 | Laxmi Equity “und | 5100.00 | 10.00 | 9.81 | 9.81 | -0.09 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 180.00 | 1340.00 | 1321.00 | 1339.00 | -1.00 |
| 67 | Laxmi Value “und-1 | 12500.00 | 11.75 | 11.72 | 11.72 | -0.03 |
| 68 | Life Insurance Co. Nepal | 885.00 | 2010.00 | 1987.00 | 1987.00 | -33.00 |
| 69 | Lumbini Bikas Bank Ltd. | 2095.00 | 196.00 | 193.00 | 193.00 | -2.00 |
| 70 | Lumbini General Insurance Co. Ltd. | 3526.00 | 695.00 | 656.00 | 664.00 | -19.00 |
| 71 | Machhapuchhre Bank Limited | 4574.00 | 286.00 | 281.00 | 286.00 | -2.00 |
| 72 | Mahalaxmi Bikas Bank Ltd. | 4564.00 | 215.00 | 208.00 | 210.00 | 3.00 |
| 73 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 1829.00 | 950.00 | 896.00 | 901.00 | -55.00 |
| 74 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 30.00 | 1910.00 | 1837.00 | 1910.00 | 109.00 |
| 75 | Manjushree “inance Ltd. | 3033.00 | 142.00 | 140.00 | 140.00 | -4.00 |
| 76 | Mero Microfinance Bittiya Sanstha Ltd. | 80.00 | 1455.00 | 1435.00 | 1435.00 | -20.00 |
| 77 | Mirmire Microfinance Dev. Bank Ltd. | 102.00 | 3000.00 | 2982.00 | 3000.00 | -25.00 |
| 78 | Mission Development Bank Ltd. | 238.00 | 265.00 | 255.00 | 255.00 | -8.00 |
| 79 | Miteri Development Bank Limited | 3059.00 | 511.00 | 500.00 | 503.00 | -2.00 |
| 80 | Mithila LaghuBitta Bikas Bank Ltd. | 22.00 | 1300.00 | 1300.00 | 1300.00 | -14.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 3168.00 | 590.00 | 576.00 | 580.00 | -10.00 |
| 82 | Multipurpose “inance Company Limited | 120.00 | 289.00 | 284.00 | 284.00 | -10.00 |
| 83 | Nabil Bank Limited | 3691.00 | 1160.00 | 1150.00 | 1155.00 | -5.00 |
| 84 | NABIL Bank Limited Promotor Share | 700.00 | 870.00 | 866.00 | 866.00 | -4.00 |
| 85 | Nabil Equity “und | 8209.00 | 10.11 | 10.10 | 10.11 | 0.09 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 66.00 | 2680.00 | 2680.00 | 2680.00 | -17.00 |
| 87 | National Hydro Power Co. Limited | 32040.00 | 121.00 | 118.00 | 120.00 | -2.00 |
| 88 | National Life Insurance Co. Ltd. | 2335.00 | 1672.00 | 1661.00 | 1661.00 | -17.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 29.00 | 2674.00 | 2628.00 | 2674.00 | 46.00 |
| 90 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 50.00 | 3099.00 | 3050.00 | 3050.00 | -10.00 |
| 91 | Neco Insurance Co. Ltd. | 4760.00 | 915.00 | 901.00 | 905.00 | -27.00 |
| 92 | Nepal Bangladesh Bank Limited | 10307.00 | 291.00 | 285.00 | 285.00 | -4.00 |
| 93 | Nepal Bank Limited | 37921.00 | 375.00 | 366.00 | 366.00 | -7.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 30400.00 | 360.00 | 354.00 | 358.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 21125.00 | 930.00 | 906.00 | 930.00 | 10.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 84294.00 | 816.00 | 746.00 | 758.00 | -14.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 220.00 | 242.00 | 236.00 | 240.00 | 0.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 2146.00 | 1470.00 | 1432.00 | 1456.00 | 1.00 |
| 99 | Nepal Investment Bank Limited | 12054.00 | 671.00 | 658.00 | 664.00 | -8.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 1942.00 | 592.00 | 588.00 | 591.00 | 7.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 7122.00 | 1885.00 | 1854.00 | 1859.00 | -21.00 |
| 102 | Nepal SBI Bank Limited | 6792.00 | 641.00 | 620.00 | 627.00 | -18.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 4634.00 | 1027.00 | 1000.00 | 1011.00 | 4.00 |
| 104 | Ngadi Group Power Ltd. | 427.00 | 260.00 | 245.00 | 256.00 | 2.00 |
| 105 | NIBL Pragati “und | 38911.00 | 10.10 | 10.00 | 10.10 | 0.00 |
| 106 | NIC Asia Bank Ltd. | 5006.00 | 360.00 | 351.00 | 355.00 | -10.00 |
| 107 | Nirdhan Utthan Bank Limited | 600.00 | 2299.00 | 2260.00 | 2260.00 | -4.00 |
| 108 | NLG Insurance Company Ltd. | 1291.00 | 1478.00 | 1450.00 | 1456.00 | -17.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 223.00 | 2009.00 | 1981.00 | 2009.00 | -11.00 |
| 110 | NMB Bank Limited | 6141.00 | 480.00 | 475.00 | 477.00 | -3.00 |
| 111 | NMB Hybrid “und L-1 | 33337.00 | 10.10 | 10.02 | 10.08 | -0.02 |
| 112 | NMB Sulav Investment “und-1 | 5000.00 | 13.50 | 13.50 | 13.50 | -0.16 |
| 113 | Om Development Bank Ltd. | 5574.00 | 256.00 | 252.00 | 253.00 | -7.00 |
| 114 | Oriental Hotels Limited | 4304.00 | 705.00 | 692.00 | 692.00 | 0.00 |
| 115 | Pokhara “inance Ltd. | 780.00 | 210.00 | 207.00 | 210.00 | 0.00 |
| 116 | Prabhu Bank Limited | 5813.00 | 355.00 | 349.00 | 349.00 | -3.00 |
| 117 | Prabhu Bank Limited Promoter Share | 3736.00 | 167.00 | 167.00 | 167.00 | -3.00 |
| 118 | Prabhu Insurance Ltd. | 4590.00 | 880.00 | 873.00 | 880.00 | -3.00 |
| 119 | Premier Insurance Co. Ltd. | 1797.00 | 1500.00 | 1480.00 | 1480.00 | -20.00 |
| 120 | Prime Commercial Bank Ltd. | 23949.00 | 441.00 | 433.00 | 435.00 | -6.00 |
| 121 | Prime Life Insurance Company Limited | 313.00 | 1850.00 | 1840.00 | 1845.00 | -11.00 |
| 122 | Progressive“inance Limited | 630.00 | 217.00 | 217.00 | 217.00 | -4.00 |
| 123 | Prudential Insurance Co. Ltd. | 2235.00 | 890.00 | 870.00 | 870.00 | -20.00 |
| 124 | Purnima Bikas Bank Ltd. | 14.00 | 294.00 | 294.00 | 294.00 | 5.00 |
| 125 | Rastriya Beema Company Limited | 914.00 | 14549.00 | 14410.00 | 14485.00 | 35.00 |
| 126 | Rastriya Beema Co. Limited Pro. Share | 469.00 | 13685.00 | 13256.00 | 13475.00 | -25.00 |
| 127 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 105.00 | 1602.00 | 1569.00 | 1570.00 | -31.00 |
| 128 | Ridi Hydropower Development Co. Ltd. | 154.00 | 161.00 | 158.00 | 161.00 | 0.00 |
| 129 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 180.00 | 1300.00 | 1264.00 | 1285.00 | -15.00 |
| 130 | Rural Microfinance Dev. Centre Ltd. | 8338.00 | 755.00 | 740.00 | 749.00 | 9.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 500.00 | 1405.00 | 1381.00 | 1381.00 | -21.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 20.00 | 252.00 | 248.00 | 252.00 | 8.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 966.00 | 1200.00 | 1185.00 | 1200.00 | 13.00 |
| 134 | Sanima Bank Limited | 19454.00 | 355.00 | 347.00 | 355.00 | 1.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 4024.00 | 517.00 | 507.00 | 512.00 | -4.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 1096.00 | 178.00 | 163.00 | 163.00 | -3.00 |
| 137 | Shangrila Development Bank Ltd. | 2283.00 | 224.00 | 216.00 | 220.00 | -3.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 1600.00 | 1338.00 | 1310.00 | 1310.00 | -26.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 2474.00 | 413.00 | 405.00 | 410.00 | -3.00 |
| 140 | Shree Investment “inance Co. Ltd. | 120.00 | 444.00 | 439.00 | 439.00 | 0.00 |
| 141 | Shrijana “inance (Bittaya Sanstha) | 1250.00 | 483.00 | 455.00 | 455.00 | 0.00 |
| 142 | Siddhartha Bank Limited | 4008.00 | 391.00 | 382.00 | 384.00 | 0.00 |

Total Amount Rs. 511,212,192 Total Quantityn 1,106,039 Total No of Transactions 5,207

२०७४, पुस
सोमबार
३

हामीले अब अरूको बजार र उपभोक्ता मात्र नभएर आफ्नै बजारको अवधारणामा काम गर्नुपर्छ। आधुनिक र समय सापेक्ष प्रविधि विकासको विकल्प नभएको वस्तु स्थितिमा निजी क्षेत्रले आर्थिक समृद्धिका स्पष्ट धारणा निजी क्षेत्रले नै ल्याउनुपर्छ।'

अर्थ

# कृषि र पर्यटनमा वित्तीय क्षेत्रको उच्च लगानी



रोविन पौडेल, काठमाडौं

घरजग्गा तथा सवारी कर्जामा कडाई गरेपछि बैंक तथा वित्तीय संस्थाहरु लगानीको नयाँ क्षेत्र खोज्न थालेका छन्। पछिल्लो समय नियामक निकाय नेपाल राष्ट्र बैंकले घरजग्गा, सवारी जस्ता अनुत्पादक क्षेत्रमा गरिने लगानीमा कडाइ गरेपछि बैंक तथा वित्तीय संस्थाले लगानीका लागि अन्य उपयुक्त क्षेत्र पहिल्याउन थालेका हुन्।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको लगानी पर्यटन, कृषि तथा जलविद्युत् क्षेत्रमा बढिरहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। नेपाल राष्ट्र बैंकको चालू आवको पहिलो तीन महिनामा कूल कर्जा प्रवाहको १७ दशमलव ७६ प्रतिशत कृषि क्षेत्रमा तथा ६ दशमलव १३ प्रतिशत पर्यटन क्षेत्रमा गरेका छन्। राष्ट्र बैंकले बैंकलाई कर्जा सीमा बढाएपछि प्राथमिकताको क्षेत्रभित्र पनि फाइदा हुने क्षेत्र खोजेर बैंकहरुले लगानी बढाउन थालेका हुन्।

देशमा राजनीतिक वातावरण सुध्रिँदै जानु तथा राष्ट्र बैंकले बाध्यकारी रूपमा प्राथमिकताको क्षेत्र तोक्नु नै यी क्षेत्रमा लगानी बढ्नुको मुख्य कारण रहेको डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालका अध्यक्ष भरतराज ढकालको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै ढकालले भन्नुभयो-'बैंक तथा वित्तीय संस्था पहिलेदेखि नै यी क्षेत्रमा लगानी गर्न हामी इच्छुक र प्रतिबद्ध छौं। अझै राष्ट्र बैंकले पनि प्राथमिकताको क्षेत्र भन्दै आफ्नो कूल कर्जा प्रवाहको केही हिस्सा लगानी गर्न बाध्य भएका हौं।'

ढकालका अनुसार कृषि, पर्यटन तथा जलविद्युत् क्षेत्रको विकास सबैको साझा एजेन्डा भए पनि विगतका दिनमा बैंक तथा वित्तीय संस्था जस्ता फाइदा भयो उतै लगानी गर्न लागेका थिए। उहाँले भन्नुभयो-'पछिल्लो समय यस क्षेत्रमा जनताका हित तथा आर्थिक समृद्धि प्राथमिकतामा परेका छन्। राष्ट्र बैंकले उत्पानमूलक क्षेत्रमा लगानी बढाउन निर्देशन दिएपछि हामी पनि सोही बाटोमा लागेका हौं।'

कृषि क्षेत्रलाई बैंकहरुले मुख्य लगानीको क्षेत्र बनाइरहँदा पर्यटन तथा जलविद्युत् क्षेत्रमा पनि बढेको लगानी उत्तिकै छ। राष्ट्र बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाले बाली उत्पादन तथा पशुपालनमा लगानी बढाउँदा पर्यटनअन्तर्गत ठूला होटलमा पनि लगानी बढेको छ। पाँचतारे होटलदेखि, रिसोर्ट, साना होटल, तथा रेस्टुरेन्ट खुल्ने क्रम बढदा यस क्षेत्रमा लगानी पनि बढेको बैंकहरुको जनाएका छन्।

त्यस्तै सरकारी तवरबाट नै जलविद्युत् क्षेत्रलाई प्राथमिकतामा राखिएपछि बैंकहरुले यस क्षेत्रमा समेत लगानी बढाउन थालेका छन्। ठूलाठूला जलविद्युत् आयोजनामा पनि बैंकहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लगानी गर्न थालेका छन्।

राष्ट्र बैंकका अनुसार पछिल्लो पाँच वर्षमा बैंक तथा वित्तीय संस्थाको पर्यटन क्षेत्रमा प्रवाह हुने ऋण करिब चार गुणाले वृद्धि भएको छ। २०७० जेठसम्म यस क्षेत्रमा बैंकको लगानी १८ अर्बमात्रै रहेकोमा २०७४ असोजसम्म आइपुग्दा यस्तो लगानी बढेर ६८ अर्ब रुपियाँ पुगेको छ। यसमध्ये ५४ अर्ब २२ करोड होटल व्यवसायमा र १४ अर्ब ४६ करोड रिसोर्ट, ज्याफ्टिङ, माउन्टेनिङ लगायतका व्यवसायमा लगानी भएको छ। पछिल्लो तीन महिनाकै अवधिमा पर्यटन क्षेत्रमा ५ अर्ब ६८ करोड रुपियाँ बैंकिङ लगानी थपिएको छ। २०७३ असारसम्म यस क्षेत्रमा बैंकिङ लगानी ५१ अर्ब ३७ करोड रुपियाँ थियो। नयाँ मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले पर्यटन क्षेत्रमा कुल कर्जाको ५ प्रतिशत लगानी पुऱ्याउनुपर्ने निर्देशन दिएको छ।

त्यस्तै चालू आर्थिक वर्षको पहिलो तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरुले गरेको कूल कर्जा प्रवाहमा कृषि क्षेत्र व्यापार क्षेत्रपछि दोस्रो नम्बरमा आउँछ। चालू आवमात्रै कृषि क्षेत्रमा कूल १६ अर्ब ४५ करोड ९१ लाख रुपियाँ कर्जा प्रवाह भएको छ।

२०७३ असारसम्म कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी ७८ अर्ब ७९ करोड रुपियाँ रहेकोमा २०७४ असोजसम्म आइपुग्दा यस्तो लगानी बढेर १ खर्ब ६ अर्ब ८५ करोड रुपियाँ पुगेको छ। यो तीन महिनाअघिको भन्दा १६ प्रतिशतले बढी हो।

राष्ट्र बैंकले दिएको निर्देशनअनुसार २०७५ असारसम्ममा वाणिज्य बैंकहरुले कृषि क्षेत्रमा १० प्रतिशत, जलविद्युत्मा ५ प्रतिशत, पर्यटन क्षेत्रमा ५ प्रतिशत र बाँकी अन्य प्राथमिकता प्राप्त क्षेत्रमा अनिवार्य रूपमा कर्जा प्रवाह गर्नुपर्नेछ।

राष्ट्र बैंकले केही उत्पादनशील क्षेत्रलाई समावेश गरी प्राथमिकता प्राप्त क्षेत्रको रूपमा परिभाषित गरेको छ। ती क्षेत्रमा जलविद्युत्, कृषि, पर्यटन, निर्यात, साना एवम् मझौला उद्योग, औषधि उत्पादन, सिमेन्ट, गार्मेन्टलगायत रहेका छन्। यी क्षेत्रमा वाणिज्य बैंकले २५ प्रतिशत, विकास बैंकले १५ प्रतिशत र फाइनान्स बैंकले १० प्रतिशत लगानी गर्नुपर्ने नयाँ व्यवस्था छ। यसअघि, वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा २० प्रतिशत लगानी गर्नुपर्ने थियो।

बैंकहरूले अझै राष्ट्र बैंकले तोकेको अनुपातमा उत्पादनशील क्षेत्रमा लगानी पुऱ्याउन सकेका छैनन्। वाणिज्य बैंकहरूले कूल कर्जाको २५ प्रतिशत तोकिएका उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा २०७४ असोजसम्म १६ दशमलव ९८ प्रतिशत मात्र लगानी भएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ।

पर्यटन क्षेत्रमा ६८ अर्ब रुपियाँ लगानी रहेकोमध्ये ५४ अर्ब २२ करोड होटल र १४ अर्ब ४६ करोड रिसोर्ट, ज्याफ्टिङ, माउन्टेनिङलगायतका व्यवसायमा लगानी भएको छ भने कृषि क्षेत्रमा १ खर्ब ६ अर्ब ८५ करोड रुपियाँ ऋण लगानीमध्ये चालू आवमात्रै १६ अर्ब ४५ करोड ९१ लाख रुपियाँ लगानी भएको छ।

# निजी क्षेत्रले लगानीको सुनिश्चितता खोज्यो

नेपाल समाचारपत्र

काठमाडौं

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अब बन्ने सरकारले बाहृय र आन्तरिक दुवै लगानीलाई समान अवसर र वातावरणको सुनिश्चितता गर्ने बताउनुभएको छ। आइतबार नेपाल उद्योग परिसंघका प्रतिनिधिमण्डलसँगको भेटवार्ताका क्रममा ओलीले लगानी वृद्धिबाट नै मुलुकमा आर्थिक एवम् व्यावसायिक विकास सम्भव भएको बताउनुभएको हो।

भेटघाटका क्रममा उहाँले भन्नुभयो-'अबको सरकारले निजी क्षेत्रसँग नजिकको सम्बन्ध स्थापना गरी व्यवसाय प्रवर्द्धन, स्वदेशमै रोजगारी वृद्धिका ठोस कार्यक्रम र नीतिसहित अघि बढ्ने छ।' उहाँले संयुक्त राष्ट्रसंघको दिगो विकास आर्थिक लक्ष्यको मुख्य उद्देश्यमध्ये उत्पादन वृद्धिको माध्यमबाट मुलुकमा गरिबी हटोस् र भोक भोकै कोही पनि बस्न नपरोस् भन्ने निश्चितताका लागि यो अपरिहार्य रहेको बताउनुभएको थियो। भेटघाटको अवसरमा ओलीले भन्नुभयो-'हामी उदार अर्थ नीतिको पक्षधर हौं। विकास गर्ने ठोस ढाँचा र योजनासँगै हामी आएका छौं। आगामी सरकार निजी क्षेत्रमैत्री हुन्छ। हामीलाई अहिले ठूलो अवसर छ, यसमा हामी प्रतिबद्ध छौं।'

उहाँले भन्नुभयो-'अब पुरानो अवधारणाबाट मुलुक चल्दैन। हामीले अब अरूको बजार र उपभोक्ता मात्र नभएर आफ्नै बजारको अवधारणामा काम गर्नुपर्छ। आधुनिक र समय सापेक्ष प्रविधि विकासको विकल्प नभएको वस्तु स्थितिमा निजी क्षेत्रले आर्थिक समृद्धिका स्पष्ट धारणा निजी क्षेत्रले नै ल्याउनुपर्छ।'

ओलीले वित्तीय क्षेत्रमा भएको पुँजीको लगानी अनुत्पादक क्षेत्रमा थोरै ब्याजमा लगानी गर्ने परिपाटी रहेको बताउँदै पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभएको थियो। भेटघाटका क्रममा परिसंघका अध्यक्ष हरिभक्त शर्माले करिब एक शताब्दीपछि मुलुकलाई रूपान्तरणसहित अर्को तहको विकासमा पुऱ्याउने अवसर आगामी सरकारलाई प्राप्त भएको उल्लेख गर्नु भयो।

उहाँले निजी क्षेत्रलाई उत्पादनशील ढंगले अर्थतन्त्रमा सक्रिय गराउन विधिको शासन, प्रभावकारी सुशासनको प्रवर्द्धन र नीतिगत स्थायित्वको आवश्यकता रहेको र यी तीनवटै उद्देश्य हासिल गर्न आगामी सरकारले हाल देशमा विद्यमान रहेका निकै पुराना भइसकेका ऐन कानुन र तीनमा भएका अमूर्त, अस्पष्ट, विरोधाभाषपूर्ण र अप्रासंगिक प्रावधानको संशोधन, परिमार्जन वा खारेज हुनुपर्ने माग गर्नुभएको थियो।

# टमाटर खेती फस्टायो

डोटी, (नेस)

डोटीको पूर्वीचौकी गाउँपालिका-१ खिरसैनको सिर्माका महिलाले गरेको टमाटर खेतीले गाउँको नै मुहार फेरिन थालेको छ। कुनै समय गाउँमा टमाटर देख्नसमेत नपाइनेमा अहिले घरैपिच्छे टमाटर पाइन थालेको हो। उत्पादित टमाटर स्थानीय बजारमै बिक्री हुँदा कृषकले राम्रो आम्दानी पनि गर्न थालेका छन्।

लुथरन विश्व फेडरेसन तथा उपेक्षित सशक्तिकरण विकास मञ्चको सहयोगमा खिरसैनको सिर्मामा शान्ति महिला समूहले सो वडामा १५ वटा टनेल निर्माण गरेर टमाटर खेती गर्न थालेपछि गाउँमा टमाटर छ्यापछ्याप्ती पाउन थालेको हो। यससँगै गाउँलाई तरकारीको गाउँको पहिचान दिने उद्देश्यले काम गरिरहेको शान्ति महिला समूहकी अध्यक्ष पार्वतीदेवी खड्काले बताउनुभयो।

छिमेकी जिल्ला डडेल्धुरा तथा भारतबाट डोटीमा आयात गरिएको टमाटर दिपायलभन्दा यहाँ उत्पादित टमाटर बजारमा आधा कम मूल्यमा सहजै पाउने गरेका छ। स्थानीयबासी किरण भण्डारीका अनुसार बाहिरी जिल्लाबाट आयात गरेको टमाटर महँगो तथा कम स्वादिस्ट हुने गरेको छ। आफ्नै गाउँमा फलेको तथा घरेलु मल प्रयोग गरेको टमाटर खाने बानी परेदेखि अरू खाने मन नलाग्ने उहाँको भनाइ छ।

डोटीको जिल्ला सदरमुकाम सिलगढीबाट ३ किलोमिटरको दूरीमा रहेको उक्त सिर्मा गाउँ पछिल्लो समय तरकारी खेतीका लागि उपयुक्त गाउँका नामले चिनिने गरेको स्थानीयबासीको भनाइ छ। अहिले सबैले चिन्न थालेपछि दाम र नाम दुवै भएको उनीहरु खुशी व्यक्त गर्छन्। लुथरन विश्व फेडरेसन तथा उपेक्षित सशक्तिकरण विकास मञ्चले टमाटर खेतीका लागि प्रत्येक एक टनेल हाउसका लागि १० हजार रकम खर्च गरेको कार्यक्रम संयोजक प्रभु ढकालको भनाइ छ।

## PRESS RELEASE

### टीभीएसको एक्सचेन्ज मेला



काठमाडौं, (नेस)

विभिन्न मोडलका मोटरसाइकल तथा स्कुटर बिक्री गर्दै आएको जगदम्बा मोटर्सअन्तर्गतको टीभीएसले आइतबारदेखि पुस ६ गतेसम्म एक्सचेन्ज मेला आयोजना गरेको छ। उक्त एक्सचेन्ज मेलामा कुनै पनि पुरानो मोटरसाइकल तथा स्कुटरसँग टीभीएस कम्पनीका कुनै पनि मोटरसाइकल तथा स्कुटर एक्सचेन्ज गर्न सकिने कम्पनीले जनाएको छ। जस्तोसुकै अवस्थाको मोटरसाइकल पनि एक्सचेन्ज गर्न सकिने कम्पनीले जनाएको छ। एक्सचेन्जमा १० हजारदेखि १ लाख रुपियाँसम्मको सियोरसट क्यास छुटको अवसर रहेको कम्पनीले जनाएको छ।

### रनर ब्रान्डका मोटरसाइकल नेपाली बजारमा आयो

काठमाडौं, (नेस)

बंगलादेशको रनर ब्रान्डको मोटरसाइकल नेपाली बजारमा भित्रिएको छ। आइतबार राजधानीमा एक कार्यक्रमका बीच मोटरसाइकलको बिक्री शुरू गरिएको हो।

रनर ग्रुप अफ कम्पनीका अध्यक्ष हफिजुर रहमान, रनर मोटरका सीईओ मुकेश शर्मा तथा रमन मोर्टसका रमन महतोले संयुक्त रूपमा विभिन्न सातवटा मोडल मोटरसाइकल सार्वजनिक गरेका थिए।

यी मोटरसाइकलमा ८० देखि १ सय ५० सीसी इन्जिन क्षमतामा रहेको कम्पनीले जनाएको छ। कम्पनीले नेपालमा १० वटा डिलर नियुक्त गरिसकेको र चाँडै ३० वटा सर्भिस सेन्टर र डिलर विस्तार गर्ने योजना रहेको जनाएको छ।

### इम्पोरियर्सका उत्पादन नेपाली बजारमा

काठमाडौं, (नेस)

सबै उमेर समूहका लागि उपयुक्त रहेको अन्तर्राष्ट्रिय पेय पदार्थ इम्पोरियर्स मल्टी नेचुरल ड्रिङक नेपाली बजारमा आएको छ। चार महिना अघि नेपाली बजारमा आएको यस उत्पादनले छोटो समयमा नै नेपाली उपभोक्ता माझ लोकप्रिय बन्दै गएको कम्पनीको दाबी छ।




इम्पोरियर्स मल्टी नेचुरल ड्रिङकले नेपाली बजारमा सफलता पाएसँगै निकट भविष्यमा 'इम्जोय' चिप्स र चक्लेट तथा 'भिटमोरन' ब्रेकफास्ट पनि बजारमा ल्याउने तयारी गरेको कम्पनीका निर्देशक प्रकाश शर्माले जानकारी दिनुभयो। आँबु खैरेनीको रेशा इन्टरनेसनलले यी उत्पादन नेपालको लागि आयात गरी बिक्री वितरण गर्दै आएको छ।

### आरबीबी मर्चेन्ट बैंकिङको सीईओमा भण्डारी

काठमाडौं, (नेस)

राष्ट्रिय वाणिज्य बैंकको सहायक कम्पनी आरबीबी मर्चेन्ट बैंकिङ लिमिटेडको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा चार वर्षका लागि डा. रमेशकुमार भण्डारी नियुक्त हुनु भएको छ।



नवनियुक्त सीईओ डा. भण्डारीले पुँजी बजारको लगानी तथा जोखिम व्यवस्थापन सम्बन्धी विषयमा विद्यावारिधि गर्नुभएको छ। उहाँले यसअघि राष्ट्रिय योजना आयोगको सार्वजनिक तथा निजी साझेदारी परियोजनामा परामर्शदाता तथा ग्रोमोर क्यापिटल मार्केट लिमिटेडमा नायब महाप्रबन्धकको रूपमा कार्य गरिसक्नुभएको छ। भण्डारीले आइतबार पदभार ग्रहण गर्नु भएको थियो। २०७४ साउन २९ गतेबाट कारोबार शुरू गरेको आरबीबी मर्चेन्ट बैंकिङको हाल चुक्ता पुँजी १० करोड रुपियाँ रहेको छ। हाल शहरी क्षेत्रमा मात्र रहेको मर्चेन्ट बैंकिङको सेवा राष्ट्रिय वाणिज्य बैंकको ६९ जिल्लामा रहेका १७९ वटा शाखा कार्यालयबाट लिन सकिने कम्पनीले जनाएको छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

बुटवल शाखाको ३५ दिने सार्वजनिक सूचना

कालुमान अमात्यको नाति, गोपालमान अमात्यको छोरा, श्रीमति चन्द्रकुमारी अमात्यको पति ५ नं. प्रदेश, जि. रूपन्देहि, बुटवल उपमहानगरपालिका वडा नं. ४ बस्ने बर्ष ५६ को सोहनमान अमात्यको नाममा यस बैंकको बुटवल शाखामा खाता नं. ०५५८००२०२४१०५२४ को बचत खाता रहेकोमा खाताबाला श्रीमति सोहनमान अमात्यको मिति २०७४/०६/१६ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, बुटवल उपमहानगरपालिका वडा नं. ४, रूपन्देहिको मिति २०७४/०७/०५ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. सोहनमान अमात्यको पत्नी श्रीमति चन्द्रकुमारी अमात्यले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्नआउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको बुटवल शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

SAUDI ARABIA मा रोजगारको अवसर

१. कम्पनी: Bright Star Trading Establishment

पुर्वस्वीकृती मिति : 2017/12/14 | चलानी नं. ६०१२२८३८ | LT No: 201010

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब सुविधा SR | मासिक तलब सुविधा ने.रू | न्यूनतम योग्यता | प्रतिदिन काम गर्नेघण्टा | हप्तामा काम गर्नेदिन | ओ.टी.हुने या नहुने | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 2100/- | 57,640/- | सम्बन्धित काममा दक्ष | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | | SR 400/- | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने वीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | नदिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | १०,०००/- |

नोट १) छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले जान नचाहेमा भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ ।
२) उमेर २१ देखि ४५ वर्ष भित्रको हुनु पर्नेछ ।
३) अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्नेछ ।

लागत खर्च = रू १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाइ अनिवार्य रूपमा लिनुहोला । * आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोकको सम्पर्क र फोन नं साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ।* यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनु होला । *विदेश जानु अघि अभिमुखीकरण वा इडक्सन तालिम अनिवार्य दिनुहोला । *विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को एक प्रति आफूसंग राख्नुहोला । काममा विदेश जान नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । *यस विज्ञापन सम्वन्धमा थप केहि बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क राख्नुहोला ।

GOC
श्रम इजाजत नं. २६/०४८/०४९

गल्फ ओभरसिज कन्सलटेण्ट
भगवान वहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# सीटीको लगातार १६औं जित

लन्डन, एजेन्सी

इंग्लिस प्रिमियर लिगमा म्यानचेस्टर युनाइटेडले लगातार १६औं जित दर्ता गराएका छन्।

इंग्लिस प्रिमियर लिगमा म्यान्चेस्टर सिटीले लगातार १६औं खेल जित्ने नयाँ कीर्तिमानसमेत बनाएको छ। शनिबार राति भएको खेलमा टोटनह्यामलाई ४-१ ले पराजित गर्दै म्यानचेस्टर सिटीले यस सिजनको प्रिमियर लिगमा लगातार १६औं खेल जितेको हो। यस्तै पहिलो चरणको एक खेल बाँकी रहँदासम्म सिटी १८ खेलसम्म अपराजित नै रहेको छ।

घरेलु मैदानमा सिटीलाई शानदार जित दिलाउन इकाए गुन्डागोनले खेलको १४औं मिनेटमा गोलको खाता खोलेका थिए। पहिलो हाफसम्म एक गोलले अघि रहेको सिटीका लागि केभीन डे ब्रुयुनले ७०औं मिनेटमा दोस्रो गोल गरेका थिए। यसैगरी खेलको ८०औं र ९०औं मिनेटमा रहिम स्टरलिङले आफ्नो नाममा दुई गोल लेखाउँदै सिटीको गोलसंख्या ४ पुर्‍याए। यता खेलमा थपिएको इन्ज्युरी समयको तेस्रो मिनेटमा टोटनह्यामका लागि क्रिस्टियन एरिक्सनले एक गोल फर्काउन सफल भए। जितपछि लिग लिडर सिटीले १८ खेलबाट ५२ अंक जोडको छ।

प्रिमियर लिगकै अन्य खेलमा चेल्सीले साउथह्याम्पटनलाई १-० ले हराउँदा आर्सेनलले पनि न्यूक्यासल युनाइटेडमाथि १-०कै अन्तरले जित निकाल्यो। यसैगरी क्रिस्टल प्यालेसले लेस्टर सिटीलाई उसैको मैदानमा ३-० ले हराउँदा वेस्ट ह्याम युनाइटेडले स्टोक सिटीलाई ३-० ले तथा हडर्सफिल्ड टाउनले वाट्फोर्डलाई ४-१ ले पराजित गरे।

बर्नले र ब्राइटनले भने गोलरहित बराबरी खेलेका छन्। शनिबार रातिको खेलपछि प्रिमियर लिगको अंक तालिकामा म्यानचेस्टर सिटी शीर्षस्थानमा यथावत रहँदा एक खेल कम खेलेको म्यान्चेस्टर युनाइटेड पनि दोस्रो स्थानमा अडिग नै छ। यस्तै ३८ अंक जोडेको चेल्सी तेस्रो स्थानमा रहेको छ।

# नेपालले इस्टर्न रिजनको उपाधि जित्यो




नेपाल समाचारपत्र

काठमाडौं

थाइल्यान्डमा भएको एसीसी यु १६ इस्टर्न रिजन क्रिकेट प्रतियोगितामा नेपालले अपराजेय हुँदै उपाधि हात पारेको छ।

आइतबार टेर्डथाई क्रिकेट मैदानमा सम्पन्न फाइनल खेलमा नेपालले सिंगापुरलाई ७१ रनले माथ खुवाउँदै उपाधि हात पार्‍यो। नेपालले निर्धारित ३५ ओभरमा ६ विकेटको क्षतिमा १ सय ८३ रन बनाएको थियो। जवाफमा प्रतिद्वन्द्वी सिंगापुर ३१.५ ओभरमा सबै विकेट गुमाएर १ सय १२ रनमै समेटिएपछि नेपाल च्याम्पियन बनेको हो। यो नेपालको यस वर्ष एसीसीमा दोस्रो उपाधि थियो। नेपालले यसअघि सेप्टेम्बरमा मलेसियामा भएको यु १९ इस्टर्न रिजन क्रिकेट प्रतियोगिताको उपाधि जितेको थियो।

नियमित कप्तान रित गौतम बिरामी भएपछि नेपालको जिम्मेबारी विशाल बिक्रम केसीले लिएका थिए। टस जितेर ब्याटिङ रोजेको नेपाललाई बिशालको अर्द्धशतक र नारायण जोशीको विस्फोटक ब्याटिङको सहयोग मिलेको थियो। विशालले ७९ बलमा ६३ रन र नारायणले २३ बलमा ४६ रनको योगदान दिएका थिए। विशालले चार चौका र एक छक्का प्रहार गर्दा नारायणले ५ चौका र १ छक्का हाने। सिंगापुरका बलर इशान साउनेले २ विकेट लिएका थिए।

नेपालका बलरले पनि सानदार प्रदर्शन गरेका थिए। सूर्य तामाङ र अजयकुमार लोनीयाले समान तीन-तीन विकेट लिएर सिंगापुरलाई हराउन प्रमुख भूमिका खेलेका थिए। हर्शा बेणुगोपाल क्रिजमा रहन्जुल नेपालका लागि कठिन स्थिति रहेको थियो। तर अजयले उनलाई आउट गरेपछि सिंगापुरमाथि नेपाल हावी भएको थियो। बेणुगोपालले ३१ रनको योगदान दिएका थिए।

यसअघि कुशल मल्लको विकेट गुमाएर नेपालको ब्याटिङ शुरू भएको थियो। मल्ल डकआउट भएपछि राजन मगर ३ रनमा पवेलियन फर्के। कप्तान रितको स्थानमा आएका सुबोध अयेरले भने २२ बलमा २२ रन जोडे भने त्रिटराज दासले १९ रन बनाएका थिए। त्यस्तै सुनील भण्डारीले १५ रन जोडेका थिए।

## धरहरा

### सभासद् कि सांसद



सभासद् कि सांसद अहिले पनि धेरै मानिसलाई यो शब्द कन्फ्युज हुने गरेको छ। २०६२ सालअघि सम्म माननीयलाई सांसद भनिन्थ्यो तर पछि माननीयलाई सांसद मात्र होइन सभासद्समेत भनियो र सभासद् हरेक नेपालीको मुखमा कण्ठ भएको थियो।

सभासद्हरुले हुने नहुने वैध अवैध सबै काम गरे। त्यस कारण पनि नेपाली जनताले सभासद्का बारेमा टिका टिप्पणीमात्र गरेनन् कुन्नि के-के हो पनि गरे त्यो धरहराको मानसपटलबाट बिस्तारै हराउदै गएको छ। २०७४ सालको २ वटा निर्वाचन पनि सम्पन्न भइसकेको छ।

अहिले संघीय संसद् र प्रदेशको समेत चुनाव सम्पन्न भएर माननीयहरु निर्वाचित भएर मन्त्री हुन खुट्टा उचालि सकेका पनि छन तर अहिलेका माननीय सभासद् हुन कि सांसद हुन भन्ने हेक्का अबका प्रधानमन्त्री भनिएका केपी ओलीलाई पनि रहेनछ। आइतबार एउटा तारे होटलमा आयोजना गरिएको पत्रकार सम्मेलनमा ओलीले भनिदिए सभासद् एकछिन धरहरापछि छक्क पर्‍यो अहिले निर्वाचित भएका सांसद होइन र भन्या। ओली कमरेडले कुन आधारमा सभासद् भनेका हुन् धरहराले बुझ्न सकेन।

अहिले ओलीका फयान ३१ लाख भन्दा बढी नेपाली छन्। ओलीले जे बोले पनि पत्याउने ती जमातले फेरि सांसदलाई सभासद् भनेर सम्वोधन गरे भने के होला पाठकबृन्द धरहराले बुझ्न सकेन तपाईंले केही बुझेको भए जानकारी पाम है ?

# ग्रेप्लिङमा नेपाल दोस्रो

काठमाडौं, (नेस)

भारतले दोस्रो दक्षिण एसियाली ग्रेप्लिङ च्याम्पियनसिपको उपाधि आइतबार जितेको छ। भारतले जम्मा ५७ स्वर्ण जित्दै टिम च्याम्पियनको उपाधि उचालेको हो। भारतको नयाँ दिल्लीमा भएको पहिलो संस्करणमा पनि भारत नै च्याम्पियन बनेको थियो। नेपाल ग्रेप्लिङ संघद्वारा आयोजित प्रतियोगितामा नेपाल ३८ स्वर्णसाथ दोस्रो भयो। सामाखुशीमा भएको २ दिने प्रतियोगितामा नेपालबाट ९५ र भारतबाट १ सय गरी जम्मा १ सय ९५ खेलाडीले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ।

# सेन्ट जेभियर्सको विजयी शुरूआत

काठमाडौं, (नेस)

सेन्ट जेभियर्सले दोस्रो बीभीएस कप यु-१४ अन्तरविद्यालय छात्र क्रिकेट प्रतियोगिता आइतबार विजयी शुरूआत गरेको छ।

नक्सालस्थित आयोजक बृहस्पति विद्या सदन (बीभीएस) को मैदानमा भएको खेलमा सेन्ट जेभियर्सले डिफेन्डिङ च्याम्पियन केएमसीलाई ५ विकेटले पराजित गर्‍यो।

पहिले ब्याटिङ गरेको केएमसीले निर्धारित १५ ओभरको खेलमा पूरै ओभर खेल्दै ७ विकेट क्षतिमा १०६ रनको योगफल खडा गरेको थियो। जवाफमा सेन्ट जेभियर्सले १४.२ ओभरमा ५ विकेट गुमाउदै लक्ष्य भेटायो। ४१ बलको सामना गर्दै ४२ रन जोडेका सेन्ट जेभियर्सका अदित सुवेदी 'म्यान अफ द म्याच' चुनिए। अर्को समूह चरणको खेलमा साविक उपविजेता रोज बडले आयोजक बृहस्पतिलाई ५ विकेटले हरायो। सुरुमा ब्याटिङमा उत्रेको बृहस्पतिले १४.४ ओभरमा ९ विकेट गुमाउँदै ८२ रन बनाएको थियो। प्रत्युत्तरमा रोज बडले १२.३ ओभरमा ५ विकेट नोक्सानीमा ८३ रन बटुल्दै जित हात पार्‍यो। रोजबडका अदेश श्रेष्ठ 'म्यान अफ द म्याच' बने। उनले ३७ बलमा ३० रन जोडेका थिए।

# रियल लगातार दोस्रो पटक च्याम्पियन

लन्डन, (एजेन्सी)

वर्तमान च्याम्पियन्स लिग विजेता रियल मेड्रिड लगातार दोस्रो पटक फिफा क्लब वर्ल्ड कप च्याम्पियन बन्न सफल भएको छ।

क्रिस्टियानो रोनाल्डोको एक मात्र गोलको मद्दतमा स्पेनिस महारथी रियल मेड्रिडले ग्रेमिओलाई १-० ले हराउँदै लगातार दोस्रो पटक उक्त कपको उपाधि जितेको हो।युएईमा भएको फाइनल खेलमा रोनाल्डोले ५३औँ मिनेटमा फ्रिकिक मार्फत गरेको गोल नै खेलको निर्णायक साबित बन्यो। उपाधिपछि रियल क्लब वर्ल्डकप लगातार जित्ने पहिलो क्लब समेत बनेको छ।

योसँगै सर्वाधिक ३ पटक उक्त उपाधि जित्ने बार्सिलोनाको कीर्तिमानसँग समेत रियलले बराबरी गरेको छ। रियलले सन् २०१४ मा पहिलो पटक क्लब वर्ल्ड कपको उपाधि जितेको थियो। बार्सिलोनाले सन् २००६, २०११ र २०१५ मा क्लब वर्ल्ड कपको उपाधि जितेको थियो।

च्याम्पियन रियलका लुका मोडरिचले उत्कृष्ट खेलाडी घोषित हुँदै एडिडास गोल्डेन बल प्राप्त गरे। यसैगरी फाइनलमा गोल गरेका रोनाल्डोले शिल्भर बल तथा पाचुकाका जोनाथनले ब्रोन्ज बल प्राप्त गरे।

# नेपाल आर्मी च्याम्पियन

काठमाडौं, (नेस)

नेपाल आर्मी आठौं कोरियन एम्बासडर तेक्वान्दो च्याम्पियनसिपमा च्याम्पियन भएको छ। सातदोबाटोस्थित नेपाल तेक्वान्दो संघको एकेडेमी हलमा आइतबार आर्मी महिला र पुरुष दुवैको सिनियरतर्फ च्याम्पियन भएको थियो। आर्मीले महिलातर्फ ४ स्वर्ण, २ रजत र ६ कांस्य पदक जित्दा पुरुषमा ५ स्वर्ण, २ रजत ६ कांस्य पदक हात पार्न सफल भयो।

नेपाल तेक्वान्दो संघ र नेपालस्थित दक्षिण कोरियाली दूतावासको आयोजनामा भएको च्याम्पियनसिपको पुरुषमा नेपाल पुलिसले ३ स्वर्ण, १ रजत तथा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले १ स्वर्ण, ३ रजत र ३ कांस्य पदक हात जित्दै क्रमशः टिम दोस्रो र तेस्रो भयो। महिला पनि पुलिसले ३ स्वर्ण, १ रजत र २ कांस्य पदक जित्दै टिम दोस्रो हुन सफल भयो। तेस्रो भएको कोटेश्वरले २ रजत पदक मात्र जितेको थियो।


उजोल डंगोल, काठमाडौं

# आजबाट इपीएल शुरू




नेपाल समाचारपत्र

काठमाडौं

नेपाली क्रिकेट इतिहासमा सबैभन्दा ठूलो क्रिकेट इभेन्ट बनाउने लक्ष्यसहित एभरेस्ट प्रिमियर लिग (इपीएल) क्रिकेट आजबाट शुरु हुँदै छ।

प्रतियोगिताको एकदिन अघि आयोजक इपीएल प्रालीले इपीएलको ट्रफी अलभेइल गर्दै यसलाई भव्य रूपमा आयोजना गर्ने जनाएको हो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुने प्रतियोगितामा ६ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गर्नेछन्।

१३ दिनसम्म चल्ने प्रतियोगितामा १९ खेल हुनेछन्। टिमको नाम नेपालका विभिन्न ६ शहरको नामको आधारमा राखिएको छ। जसमा काठमाडौं किंग्स इलेभेन, ललितपुर पाट्रिओट्स, विराटनगर वारियर्स, भैरहवा ग्लाडिएटर, पोखरा राइनोज र चितवन टाइगर्स छन्।

सोमबार हुने प्रतियोगिताको उद्घाटन खेलमा काठमाडौं किंग्स एलेभेनले ललितपुर प्याट्रओट्सको सामना गर्नेछ।

दोस्रो संस्करणको इपीएलको विजेताले नगद २१ लाख पुरस्कार हात पार्नेछन्। नेपाली क्रिकेट इतिहासमा अहिलेसम्म भएका मध्ये यो सर्वाधिक नगद पुरस्कार हुनेछ।

# पोखरा राइनोज्को खेलाडी घोषणा

काठमाडौं, (नेस)

टीभीएस एभरेस्ट प्रिमियर लिगमा सहभागिताका लागि पोखरा राइनोज्ले आफ्नो तयारी जोडटोडका साथ गरिरहेको छ। नेपालको इतिहासमै सबैभन्दा भव्य क्रिकेट महोत्सवका रूपमा चर्चा गरिएको सो प्रतियोगिताका लागि राइनोज्ले तीन विदेशी खेलाडीसमेत समावेश गराइसकेको जानकारी दिइएको छ। राइनोज्ले विदेशी खेलाडी इसरार उल्लाह, अली आशिफ र ताजवाली अनुबन्धित गरेको जानकारी दिइएको छ।

चयन गरिएका तीनै खेलाडी पाकिस्तानी मूलका रहेका छन्। खेलाडीमध्ये इसरार उल्लाह ३० वर्षीय पाकिस्तानी खेलाडी हुन्। क बर्गका खेलाडीमध्ये पर्ने उल्लाह पेशावरका लागि खेल्छन्। त्यसै गरी, अली आशिफ २६ वर्षीय पाकिस्तानी खेलाडी हुन्। उनी इस्लामाबाद युनाइटेडका लागि खेल खेल्ने गर्थे भने ताजवाली पनि पाकिस्तानको क बर्गकै खेलाडी हुन्। सन् २०१५-१६ मा आयोजित काजी-ई-ट्रफीको चौथौं राउन्डको पाकिस्तानमा आयोजित फर्स्ट क्लास डोमेस्टिक क्रिकेटमा उनी २० वर्षको अन्तरालमा चार बलमा ४ विकेट लिने पहिलो खेलाडीसमेत बनेका थिए। उनी बायाँ हाते ब्याट्सम्यान हुन्।

खेलमा उत्कृष्टता तथा स्वदेशी खेलाडीलाई समेत समान अवसर प्रदान गर्ने सोचका साथ राइनोज समुहले केही समय अगाडि पोखरामा ट्यालेन्ट हन्ट सञ्चालन गरेको थियो। विभिन्न चरणको प्रतिस्पर्धामार्फत समूहले १ सय २० बाट २४ र त्यसपछि उत्कृष्ट ७ को छनोट गरेको थियो। यसरी छनोटमा परेका खेलाडीबाट समेत पोखरा राइनोज्ले प्रतिस्पर्धाको माध्यमबाट उत्कृष्ट खेलाडीहरुको छनोट सम्पन्न गरी खेलका लागि १६ वर्षीय देव शाह छनोट गरी सकेको जानकारी दिएको छ। उनी नेपालमा नै पहिलो लेफ्ट आर्म इस्पिनर हुन्।

पोखरा राइनोज् समूहमा यस पटक शक्ति गौचन, विनोद भण्डारी, विक्रम सोब, विपिन खत्री, नुरध्वज सेन, किशोर महतो, राजेश पुलामी मगर, सुनिल धमला, सौरभ खनाल, सन्तोष भट्ट, सुशन भारी, इसरार उल्लाह, अली आसिफ, ताजवाली रहेका छन्।

# अटो जिमखाना च्याम्पियनसिप हुने

काठमाडौं, नेस

नेपाल मोटर स्पोर्ट्स क्लबले आगामी पुस १५ गते प्रथम भक्सवागेन राष्ट्रिय अटो जिमखाना च्याम्पियन आयोजना गर्ने भएको छ।

नेपाल अटोमोबाइल एसोसिएसन नासासँगको सहकार्य तथा काठमाडौं जिल्ला खेलकुदविकास समितिको समन्वयमा उक्त च्याम्पियनसिप गर्न लागेको आयोजकले आइतबार जानकारी दिएको हो। यसअघि समय, दूरी र गति ढाँचामा मोटर रेस तथा ऱ्यालीहरु हुँदै आए पनि नेपालमा अटो जिमखाना च्याम्पियन हुन लागेको यो पहिलो पटक हो।

काभ्रेको धुलिखेल नगरपालिकामा तयार पारिएको हिमालयन मोटर ल्यान्डमा हुने उक्त च्याम्पियनसिपमा कूल ६४ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। जसमा सहभागी खेलाडीले १ सय ५० फिट लामो रेसिङ कोर्समा आयोजकले दिएको ढाँचाअनुसार गाडी चलाउनुपर्नेछ।

पहिलो चरणमा उच्च अंक ल्याउने १६ खेलाडी दोस्रो चरणमा प्रवेश गर्नेछ र दोस्रो चरणका उत्कृष्ट ८ खेलाडीले फाइनल चरणमा प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको विजेताले अर्को वर्ष इन्डोनेसियामा हुने एसियन अटो जिमखाना च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाउनेछ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ